# भूमिहीन, जोताहा र सिमान्तकृत किसानको मर्यादित जीवनका लागि सामाजिक तथा आर्थिक अधिकार सवलीकरण कार्यक्रम

**आधारभूत अध्ययन प्रतिवेदन**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
धापासी, काठमाडौं

जुलाई, २०१६

## आभार :

डा. रोशन चित्रकार प्रति जसले अध्ययनको समग्र डिजाईन, सहजीकरण र प्रतिवेदन लेख्नुभयो अनि यसलाई सहभागीमुलक र भूमि अधिकार आन्दोलनमा लागेका कार्यकर्ता र अगुवाको ज्ञान सीप बढाउने कडीको रुपमा अध्ययनलाई सार्थक बनाउनुभयो। समग्र समुदाय जसले सूचना र समय दिनु भयो । अनि विश्लेषण प्रक्रियामा भाग लिनु भयो । जिल्ला संयोजक, पुर्णकालिन कार्यकर्ता र अगुवा साथीहरु जसले समुदाय र जिल्ला तहको अध्ययन, सूचना विश्लेषण र प्रतिवेदन लेखन कार्यमा सहभागी हुनुभयो । सल्लाहकार सहीत आत्मनिर्भर केन्द्र र राष्ट्रिय मञ्चको राष्ट्रिय समूहलाई, जसले अध्ययनलाई गुणात्मक बनाउन निरन्तर फलोअफ, चिन्तनमनन र विभिन्न समुदाय र जिल्लाको भ्रमण गरी पृष्ठपोषण गर्नुभयो ।

# भाग १ : पृष्ठभूमि

## १. परिचय

भूमिहीन, जोताहा र सिमान्तकृत किसानको मर्यादित जीवनका लागि सामाजिक तथा आर्थिक अधिकार सवलीकरण कार्यक्रम अन्तर्गत छनौट भएका १० जिल्लामा फेब्रुअरीदेखी जुलाई २०१६ सम्म आधारभूत सर्वेक्षण गरियो । अध्ययनमा ४२ गाउँ विकास समिति र नगरपालिकाको २१४ टोलमा सहभागीमुलक र घरधुरी सर्वेक्षण बिधिमार्फत सर्वेक्षण गरिएको थियो । यो सर्वेक्षणले ओगटेको भौगोलिक क्षेत्र अनुसूची १ मा प्रस्तुत गरिएको छ । अध्ययन गरिएका जिल्लाहरु ओखलढुङ्गा, सिराहा र उदयपुरमा केएर र महोत्तरी, सर्लाही, रौतहट, सिन्धुपाल्चोक, दाङ, बाँके र बर्दियामा गर्भनेन्स फेसिलिटीको सहयोगमा कार्यक्रम भईरहेको छ । सर्वेक्षण असुरक्षित स्थानमा बसोवास गरिरहेका, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आधारभुत अधिकारबाट वञ्चित भूमिको स्वामित्व, उपयोग र प्राकृतिक स्रोतमा पहुँच नभएका सिमान्तकृत समुदायमा लक्षित थियो ।

आधारभूत सर्वेक्षणको प्रकृया तथा कार्यान्वयनका विषयहरु लजिकल फ्रेमवर्क (तर्कसङ्गत खाका) र नतिजामा आधारित अनुगमन र मुल्याङ्कन फ्रेमवर्कलाई विशेष ध्यानमा राखियो । यसरी सूचना एवं जानकारी संकलन गर्नुको मुख्य उद्देश्य आधारभूत सर्वेक्षणका सूचक र विशिष्ट तथ्याङ्कलाई अनुगमन मूल्याङ्कन ढाँचासँग तालमेल गर्नु हो । यो अध्ययन, राष्ट्रिय भूमिअधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अगुवा, अभियानकर्ता र सामाजिक परिचालक तथा समुदायको सहभागितामा सञ्चालन गरिएको थियो । परामर्शदाताको सहजीकरणमा आत्मनिर्भर केन्द्रका कर्मचारी र अभियानकर्ता एवं भूमि अधिकार मञ्चका पदाधिकारी एवं पुर्णकालिन कार्यकर्ताको क्षमता अभिवृद्दिमा पनि ध्यान दिईएको थियो ।

जिल्लाबाट आधारभूत सर्वेक्षणको सूचनाहरु समयभित्र गुणात्मक तवरले प्राप्त होस् भन्नाको लागि जिल्लाका अगुवा तथा कार्यकर्ताहरुलाई सहयोग गर्न आत्मनिर्भर केन्द्रले आफ्ना कर्मचारी एवं सहयोगीहरुलाई नियमित रुपमा जिल्ला जिल्लामा परिचालित गरेको थियो । यस अध्ययनले संस्थागत क्षमता विकास र समुदायका विभिन्न तहसम्म अभियानलाई प्रमाणयुक्त, तथ्यपरक बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

## २. अध्ययनका उद्देश्यहरु

यस आधारभुत अध्ययनको उद्देश्य कार्यक्रमको अनुगमन तथा मूल्याँङ्कन ढाँचाका लागि आवस्यक तथ्याङ्क संकलन गर्नु मात्र नभई समुदाय तहको परिवेश, सवाल र किसानहरुले पाउनुपर्ने अधिकारको बारेमा सचेत गराउनु पनि हो । यसले सिमान्तकृत किसानहरुसँग सम्बन्धित तथ्याङ्कहरुलाई व्यवस्थित गरी निश्चित उप्लब्धिहरु हासिल गर्न मदत पुरयाउँछ । यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- कार्यक्रमको तर्कसङ्गत खाका (logical framework) र अनुगमन तथा मूल्याङ्कन ढाचाँमा कार्यक्रमका सबै कर्ताहरुलाई जानकारी गराउने । त्यसभित्रका विभिन्न सुचकहरुबारे स्पष्ट गराई सोलाई आ-आफ्नो कामको परिवेश अनुसार जोड्र बुझ्न मद्दत गर्ने ।
- आधारभुत अध्ययनको तथ्याङ्क संकलन कार्यमा कार्यकर्ताको सहभागीता बढाई परिवेशमा स्पष्ट बनाउने ।
- कार्यक्रममा सहभागी कार्यकर्ताहरुलाई प्राविधिक र प्रकृयागत पक्षहरुवारे जानकारी गराउने र अनुगमन मूल्याङ्कन पद्दतीको अपनत्व बढाउने ।
- सहभागीमुलक र घरधुरी सर्वेक्षण जस्ता विधीहरुको प्रयोग गरी आधारभूत तथ्याङ्क संकलन गर्ने।

- कार्यक्रमको सम्पूर्ण उपलब्धिलाई मापन गर्न तयार गरिएको अनुगमन तथा मूल्याङ्कन ढाचाँको बेसलाईनका लागि आवस्यक सूचनाहरु सङ्कलन गर्ने ।
- जिल्लाको स्थानीयस्तरको विशिष्ट अवस्थाका आधारमा अनुगमन मूल्याङ्कन खाका तयार गर्ने ।
- भूमि र कृषि अधिकारका सवाललाई व्यवहारिक रुपमा पहिचान गरी कार्वान्वयन गर्ने र थप नीतिगत सवालहरु पहिचान गर्ने ।

**३.अध्ययनको क्षेत्र**

शुरुमा ११ जिल्लामा यो अध्ययन गरिएको भएपनि २ वटा जिल्लाको सूचना विश्वसनीय नआएकाले यो समष्टिगत प्रतिवेदनमा समावेश गरिएको छैन । अध्ययन क्षेत्र वारे परिचय खण्डमा पनि उल्लेख गरिएको छ । व्यवहारिक कारण र भौगोलिक दुरीलाई वास्ता नगरी प्रत्येक जिल्लाको पाँच गाविस र नगरपालिकाका वडाहरु अध्ययन क्षेत्रका रुपमा छानिएका थिए । परियोजना सञ्चालित प्रत्येक जिल्लामा छरिएर रहेका सिमान्तकृत किसानहरुको सम्पूर्ण आधारभूत सन्दर्भलाई नियमानुसार अनुमान गर्न नमुना अध्ययन क्षेत्रहरु छनौट गरिएको हो ।

यो अध्ययन सहभागीतामुलक ग्रामीण लेखाजोखा, लक्षित समूह छलफल र घरधुरी सर्वेक्षण गरेपछी त्यसबाट आएका सूचनालाई गुणात्मक र संख्यात्मक दुवै हिसावले विश्लेषण गरिएको छ । अनुगमन तथा मूल्याङ्कन खाकामा भएका सूचकहरुको व्याख्या गर्न यस अध्ययनले संङ्कलित सूचना र विश्लेषणले मद्दत गर्नेछ ।

४. अध्ययन विधी आधारभूत सर्वेक्षणको ढाँचा आत्मानिर्भर केन्द्रको व्यवस्थापन समूह र कार्यक्रमका कर्मचारीसँगै बसी परामर्शदाताको सहजीकरणमा तयार गरिएको थियो । त्यसपछीमात्र सिमान्तकृत किसानहरुको संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन, सहभागीतामुलक ग्रामीण लेखाजोखा र नमुना घरधुरी सर्वेक्षण गरिएको थियो ।

**४.१ ढाँचा र साधारण निर्देशिका**

माथिको साधारण बुझाई एवं मस्यौदाको आधारमा सामाजिक र स्रोत नक्साको अभ्यास र घरधुरी सर्वेक्षणका निर्देशिका र प्रश्नावलीहरु तयार गरियो । यसका लागि धनुषाको लालगढ र बर्दियाको ठाकुरद्धारामा ३ दिने गोष्ठी गरिएको थियो । यि प्रश्नावली र विधी तयार गर्नुपुर्व फिल्ड तहमा अभ्यास पनि गरिएको थियो । ( अनुसुची २ हेर्नुहोस्)

**४.२ अध्ययन क्षेत्र छनौट**

सहयोगी निकायको सहयोगमा परियोजना सञ्चालित जिल्लाका ५ देखि १० वटा गाविसहरु र नगरपालिकामा बृहत परिवेश अध्ययन गर्नका लागि फिल्ड कार्यकर्ताहरुसँग तालिम र गोष्ठीका बेला छलफल गरी अध्ययन स्थल र समुदायहरु तय गरिएको थियो । तोकिएको गाविसमा तालिम अवधिमा ५ देखि ७ पकेट क्षेत्र बनाउने निर्णय पनि भएको थियो । (पकेट क्षेत्र र गाविसका लागि अनुसुची १ मा हेर्नुहोस्) ।

## ४.३ सामाजिक र स्रोत नक्सा

जिल्ला भूमिअधिकार मञ्चका स्थानीय अगुवा कार्यकर्ताको सहजीकरणमा प्रत्येक पकेट क्षेत्रमा सामाजिक र स्रोत नक्सा तयार पारिएको थियो । जसका लागि आत्मनिर्भर केन्द्रले पनि आवस्यक सहयोग पुऱ्याएको थियो ।

विशेष सूचना र जानकारी आउन भनेर सामाजिक नक्साको माध्यमबाट प्रत्येक घरपरिवारहरुको पहिचान र ति



*उदयपुरमा सामाजिक र श्रोत नक्साङ्कनमा सहभागि हुदै सहभागिहरु*

परिवारहरुको विभिन्न आवश्यक सूचना लिईएको थियो । सामाजिक स्रोत नक्सा पहिलो पटक भूइँमा स्थानीय स्रोतको प्रयोग गरी वनाईएको थियो । पछि यसलाई कागजमा दुई प्रति बनाईयो । जसको एक प्रति समुदायलाई सन्दर्भ तथा प्रयोग सामाग्रीका लागि तयार गरिएको थियो ।

## ४.४ घरधुरी सर्वेक्षण

सहमती गरिएको विधी अनुरुप प्रत्येक क्षेत्रको अगुवा कार्यकर्ताले जम्मा घरधुरीको २० % मा विस्तृत घरधुरी सर्वेक्षण गरिएको थियो ।

## ४.५ प्रकृयाहरुको अनुगमन

आधारभूत र गुणस्तरीय तथ्याङ्क संकलनको प्रक्रियाहरु र उपलब्धिहरु हेर्नका लागि आत्मनिर्भर केन्द्रका कार्यक्रमका कर्मचारी र परामर्शदाता पूर्वका ५ वटा जिल्ला (ओखलढुंगा, उदयपुर, सिराहा, महोत्तरी र सर्लाही) गएका थिए । आत्मनिर्भर केन्द्रका सल्लाहकारले पश्चिमका ३ जिल्लाहरु (बाँके, दाङ र बर्दिया) को र कार्यक्रम संयोजकवाट सिन्धुपाल्चोकको भ्रमण गर्ने काम भयो । यसक्रममा फिल्डका कर्मचारीहरुको सम्पूर्ण प्रकया र प्रतिवद्धता सन्तोषजनक पाईएको थियो । यद्दपी कोही तथ्याङ्क संकलन उद्देश्य अनुरुप गर्ने भन्दा पनि काम सक्न हतारमा देखिन्थे ।

जिल्ला संयोजकहरु, जिल्ला भूमि अधिकार मञ्चका अगुवा र फिल्डका कार्यकर्ताहरुसँग छलफल कार्यक्रमको आयोजना गरि तथ्याङ्क संकलन प्रकृयाको विश्लेषण, उपलब्धीहरुको वारेमा विचविचमा महत्वपूर्ण छलफल गरियो । जिल्ला संयोजकहरुले अध्ययन क्रममा आएका सवाललाई छलफलमा ल्याउनु भएको थियो । सामाजिक र स्रोत नक्सा, व्यक्तिगत घरधुरीको विवरण भर्दाको जानकारीको बारेमा आलोचनात्मक प्रश्नहरु गरिएको थियो । छलफलमा आएका कुराहरुलाई सुधार गर्न समुदायको पूनः भ्रमण आवश्यक भएको कुरा सवै जिल्लाका जिल्ला संयोजक र कार्यकर्ताहरुले बताउनु भएको थियो । र पछि सोही अनुसार गरियो ।

अनुगमन टोलीले सर्लाही जिल्लाको सहभागीमुलक ग्रामीण पद्दती र घरधुरी सर्वेक्षणको लागि परिचालित कार्यकर्ता काँचा र नयाँ भएको महशुस गरेपछि जिल्ला संयोजक र अन्य कर्मचारीसँग छलफल गरियो । तथ्याङ्क संकलनबाट आएका सूचनालाई आलोचनात्मक रुपमा हेरी गुणस्तरमा सम्झौत ागर्न नसकिने हुँदा

तत्कालै सुधार गर्न जिल्ला समितिलाई पृष्ठपोषण दिईयो । जिल्लाका अभियानकर्ताको टोलीले आधारभूत तथ्याङ्कलाई गुणस्तरीय बनाउनका लागि परिचालकहरुलाई पुनः तालिम दिए र सुपरिवेक्षणलाई बाक्लो बनाए।

केही जिल्लाहरुमा अध्ययन क्षेत्र छनौटमा समस्या देखियो । उदाहरणको लागि उदयपुरको सवालमा सबै राजनितीक दलहरुको वैठकमा भएका छलफलहरुबाट आएका सुझावअनुसार पहिले नसमेटिएको तर धेरै मोहीहरु भएको क्षेत्र छनौट गरियो ।

उदयपुरबाट पाठ सिकि अध्ययनको प्रकृया र अरु जिल्लाको संकलित तथ्याङ्कलाई तुलनात्मक रुपमा केलाएर हेरियो । स्थानीय अगुवाहरुले भनेको भरमा प्रभावित नभई सिमान्त किसान र मोहीहरुसम्म पुग्नको लागि जिल्ला टोलीहरुलाई सुझाव दिइयो । घरधुरी सर्वेक्षणका बेला आएका लैंगिक र सामाजिक समावेशीकरणका सवालहरु संकलन गरी जस्ताको तस्तै र चाहिने जति समेट्न सुझाव दिईयो ।

## ४.६ संवेदनशिल जानकारी संकलनमा कठिनाई

फिल्ड कार्यकर्ताहरुले नमुना छनौट घरधुरीका महिला र पुरुषसँग अन्तरवार्ता गर्दा उनीहरुले संवेदनशिल जानकारीहरु भन्न नचाहेको महसुस गरेका थिए । महिलाहरुले निर्णय प्रकृयामा आफ्नो कुनै भूमिका नभएको कुरा पनि उठेको थियो । उत्तरदाताहरुले केही घरेलु हिंसा विरुद्धका मुद्दाहरुमा महिलाहरुले उत्तर दिन अप्ठ्यारो महसुस गरेका थिए । यो सर्वेक्षणको प्रश्नावलीमा परियोजना भएका जिल्लाका सबै समुदायहरुमा लैंगिक र सामाजिक बहिष्करणका समस्याहरु नभएको जानकारी भयो । यसरी सूचना नआएपनि समुदायका महिलाले घरेलु हिँसा भोगेको अनुमान गर्न गाह्रो थिएन। त्यसकारण यस्ता संवेदनशिल सवालहरुमा आधारभूत सर्वेक्षणमा नै बैकल्पिक निष्कर्ष निकाल्न सम्भव छैनन् र प्रतिवेदनको सम्बन्धित अंशमा यसवारे थप लेखिएको छ ।

## ४.७ संवेदनशिल जानकारी संकलनका लागि समूह केन्द्रित छलफल

व्यवस्थापन समिती, परामर्शकर्मी र कर्मचारीको छलफलबाट समुह केन्द्रित छलफल विधि संवेदनशिल जानकारीहरु संकलन गर्ने उपयुक्त विधि हो भनि निष्कर्ष आयो । छलफलका लागि चेकलिस्ट तयार गरियो । यसबारे सबै कर्मचारीहरुलाई अभिमुखीकरण गरियो । (अनुसुची २) आधारभूत अध्ययनको काम धेरै भएको र समयको पावन्दीको कारण मुख्य समूह छलफल आयोजना गर्ने कुरा फिल्डका कर्मचारीका लागी चुनौतीपूर्ण भयो । समूह छलफल गर्नुभन्दा अघि फिल्ड कर्मचारीले सामाजिक स्रोत नक्सा निर्माण गर्ने, घरधुरी सर्वेक्षणद्धारा संकलित फारम र कम्प्युटरमा राखिएको तथ्याङ्कमा व्यवस्थित गर्नमा जोड दिए । समुह केन्द्रित छलफल, प्राप्त भएका निष्कर्शहरुको विष्लेशणलाई अध्ययनको दोश्रो चरणमा निरन्तरता दिने निर्णय गरियो ।

## ४.८ तथ्याङ्कको तालिकीकरण, सामान्यीकरण र विश्लेषण

कम्प्युटरको एक्सेलमा तथ्याङ्क इन्ट्री ढाँचा विकास गरि जिल्लास्थित कर्मचारीहरुलाई वितरण गरियो । प्राप्त सूचनाहरु जिल्ला तहमा एक्सेल सीटको ढाँचामा भर्ने काम भयो । फिल्डका धेरैजसो कर्मचारीहरुलाई कम्प्युटरमा तथ्याङ्क भर्ने कुरा पहिलो थियो । त्यसकारण गलत इन्ट्री गर्ने सम्भावना बढी थियो । उनीहरुबाट संकलित तथ्याङ्क परामर्शदाता कहाँ पठाईयो र वहाँले यसलाई व्यवस्थित गरि जिल्लामा समीक्षाको लागि पठाउनु भयो । गलत इन्ट्री भएका सूचनाहरु जसले भरेको थियो । तिनैलाई सच्याउन भनियो । यसपछि जिल्ला संयोजक र परामर्शकर्मीबीचमा छलफल भई गल्ती तथ्याङ्क पत्ता लगाई सुधार गरी अन्तिमीकरण गरियो । यद्दपी तथ्याङ्क पूर्ण व्यवस्थित बनाउन सम्भव भएन् । गल्तीहरुलाई कम गर्ने प्रयास भने प्रशस्त गरियो ।

### ४.९ प्रतिवेदन लेखन प्रकृया

आधारभूत अध्ययन प्रतिवेदनको मस्यौदा सूचक सहित सुधार गरिएको तथ्याङ्क फाईलमा तालिकामा व्यवस्थित गरियो । सुधारिएको फरम्याटमा जिल्ला संयोजक र फिल्ड कर्मचारीले संयुक्त रुपमा स्थानीयस्तरको आधारभूत प्रतिवेदनलाई व्यवस्थित गरेका थिए । स्थानियस्तरको अनुसन्धानको प्रकृयालाई रणनीतिक रुपमा कार्यक्रममा कार्यान्वयन गर्ने कुरामा जोडेर लिएर जान सबै समुहहरु सहमत नै थिए । त्यसकारणले फिल्ड अध्ययन टिम परामर्शदाता तथ्याङ्क संकलनमा मात्र संलग्न नभई तथ्याङ्क इन्ट्रीको प्रकृया, यसको वैधता विश्लेषण र प्रतिवेदनमा समेत उत्तिकै सहभागी थिए । त्यहाँ सुधारको लागि धेरै ठाउँहरु थिए । तर जिल्ला भूमिअधिकार मञ्चको र आत्मनिर्भर केन्द्रका फिल्ड कार्यकर्तालाई स-साना जानकारी संकलन प्रकृयामा उनीहरुको संलग्नता हुनुपर्ने आवश्यकता थियो । आधारभूत अध्ययनको सम्पूर्ण प्रतिवेदन परामर्शदाताले ध्यानपूर्वक तयार पार्नुभयो ।

## ५. फिल्ड कार्यकर्ता तालिम

पूर्वाञ्चल विकास क्षेत्रका फिल्ड कार्यकर्तालाई धनुषाको लालगढ र पश्चिम क्षेत्रका फिल्ड कार्यकर्ताको लागि वर्दियाको ठाकुरद्धारमा आधारभूत अध्ययन प्रकृया र विधी सम्बन्धि तीन दिने तालिमको आयोजना गरिएको थियो । तालिममा उपलिब्धका आधारमा अनुगमन मूल्याङ्कन, सामूहीक निर्णय, अध्ययन क्षेत्र छनौट, नमुना अभ्यास, अनुसन्धानका विधीहरु सम्बन्धमा छलफल तथा अभ्यास भयो । यस्ता विधीलाई तर्कसंगत ढाँचामा हालेर केही सामाजिक सन्दर्भमा पहिले नै परिक्षण गर्ने भएपनि एउटा छोटो तालिमले फिल्डका कर्मचारीहरुले राम्रो र व्यवस्थित तरिकाले अभिलेख राख्न सक्छन् भन्ने कुरा अपेक्षा गरिएको थिएन । जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रका फिल्ड कर्मचारीहरु सामाजिक परिचालनका गतिविधि सम्बन्धमा पहिले पनि जानकार थिए । उनीहरुको अनुभव स्थानीय सन्दर्भमा व्यवस्थित सोधपुछ गर्नको लागि भने पूर्ण थिएनन् । त्यसकारण सुरुमा तालिम दिनु उनीहरुलाई फिल्डको  अनुसन्धान प्रकृयामा  खुल्नको लागि अवसर बनेको थियो । धेरै सिक्ने र आफूलाई बास्तविक मुद्दामा आवद्ध गराउने यो मुख्य तरीका थियो । जसबाट उनीहरुले आधारभूत अध्ययनले ल्याएका चुनौतीहरुलाई सामना गर्न, आलोचनात्मक निर्णय गर्न र समस्या समाधान गर्न सहयोगी भयो । र यसको प्रयोग निरन्तर हुदैं जानेछ ।

## ६. प्रतिवेदन ढाँचा

आधारभूत अध्ययन प्रतिवेदनलाई संरचनागत रुपमा ३ भागमा विभाजन गरिएको छ ।

१. पृष्ठभूमि
२. अध्ययनबाट आएका कुरा
३. निष्कर्ष र सुझावहरु

**भाग १.** यस खण्डमा अध्ययनको उद्देश्य, तोकिएको भौगोलिक क्षेत्रको छनौट र जानकारी, यसको लक्ष्य, प्रकृया र विधीवारे यसमा उल्लेख गरिएको छ ।

**भाग २.** कार्यक्रमको परिणाम र उपलब्धिहरु संक्षिप्त रुपमा छन् । जहाँ प्रत्येकको आधारभूत तथ्याङ्क अर्थ सहित प्रस्तुत गरिएका छन् ।

भाग ३. तेस्रो र अन्तिम भागमा निष्कर्षको सार र मुख्य सुझावहरुलाई समावेश गरिएको छ ।

# भाग २. अध्ययनका निष्कर्ष

पहिलो भागको अन्तिमतिर उल्लेख गरिए जस्तै, यो भागमा आधारभूत अध्ययनबाट संकलन गरिएका तथ्याङ्क, तिनको संक्षिप्त व्याख्या र निष्कर्शहरुलाई एकिकृत रुपमा राखिएको छ । यसमा नतिजामुखि अनुगमन तथा मुल्याङ्कन ढाँचामा राखिएका उद्देश्य र प्रतिफल नाप्न आवस्यक सुचना प्रस्तुत गरिएको छ ।

जम्मा १३,९२६ घरधुरीमध्ये २६७७ (२०%) घरधुरीमा उनीहरुको सामाजिक तथा आर्थिक अवस्थालाई नजिकबाट नियाल्ने उद्देश्यले घरधुरी तहको सूचना र तथ्यहरु सङ्कल गरिएको थियो । सामान्यत: कार्यक्रमका लक्षित प्रक्रियालाई सहज बनाउनको लागी विभिन्न जातजाती तथा लिङ्गका अनुसार (सान्दर्भिक खण्डमा) तथ्याङ्कलाई विभाजन गरिएको छ ।

## १. सिमान्तकृत किसानको सामाजिक-आर्थिक अधिकारको सुनिश्चितता

सिमान्तकृत किसानको सामाजिक-आर्थिक अधिकार सुनिश्चितताकालागी समुदाय कहाँनेर छन् भन्ने कुरालाई प्रमाणित गर्नका लागी तलका चार वटा पक्षहरुमा परिक्षण गरिएको छ

१) खाद्य सुरक्षा तथा भूमिमा स्वामित्व; २) भू-नीति र सार्वजनिक सेवाहरुमा पहुँच; ३) लैङ्गिक सवाल र ४) संगठनात्मक क्षमता ।

### १.१.जिविकोपार्जन, भूमिमा निर्भरता र सामाजिक सन्दर्भ

**तालिका १. समुदायमा गरिएको छलफल अनुसार जातजातीगत पारिवारिक पेशा**

| जातजाती | | परिवार पेशा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | कृषी | मजदुर | प्रवासी कामदार | सिकर्मी | अन्य | जम्मा |
| पहाडी ब्राम्हण/क्षेत्री | %मा | १४८<br>७.९% | १०४३<br>५५.९% | ४८२<br>२५.८% | ७६<br>४.१% | ९<br>०.५% | १०९<br>५.८% | १८६७<br>१००% |
| तराई ब्राम्हण/क्षेत्री | %मा | १७<br>९.४% | ८७<br>४८.१ % | ७०<br>३८.७ % | १<br>०.६ % | ०<br>०.० % | ६<br>३.३ % | १८१<br>१०० % |
| पहाडी जनजाती | %मा | ४७<br>३.५ % | ८२८<br>६२.० % | ३०९<br>२३.१ % | ११०<br>८.२ % | १७<br>१.३ % | २४<br>१.८ % | १३३५<br>१०० % |
| तराई जनजाती | %मा | ९९<br>१.८ % | २९६०<br>५३.२ % | २०५<br>३७.० % | ११९<br>२.१ % | १२५<br>२.२ % | २००<br>३.६ % | ५५६२<br>१०० % |
| पहाडी दलित | %मा | २५<br>२.३ % | ३५०<br>३२.६ % | ५२७<br>४९.१ % | ५७<br>५.३ % | २१<br>२.० % | ९४<br>८.७ % | १०७४<br>१०० % |
| तराई दलित | %मा | १८<br>१.० % | ४००<br>२२.१ % | ११८९<br>६५.८ % | १०२<br>५.६ % | २३<br>१.३ % | ७६<br>४.२ % | १८०८<br>१०० % |
| मुस्लिम | %मा | ५ | १७४ | २१७ | २७ | २ | ३४ | ४५९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १.१ % | ३७.९ % | ४७.३ % | ५.९ % | ०.४ % | ७.४ % | १०० % |
| मधेसी | %मा | ४५<br>२.७ % | ८८० <br>५३.७ % | ५१७<br>३१.५ % | १२०<br>७.३ % | १३<br>०.८ % | ६५<br>४.० % | १६४०<br>१०० % |
| जम्मा | %मा | ४०४<br>२.९ % | ६७२२<br>४८.३ % | ५३७०<br>३८.६ % | ६१२<br>४.४ % | २१०<br>१.५ % | ६०८<br>४.३ % | १३९२६<br>१०० % |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

यो खण्डमा विस्तृत रुपमा वर्गीगत तहमा विश्लेषण गरिएको छ : १) मोहीको स्थिती तथा अनुमानित संख्या २) कृषि योग्य भूमिमा सिमान्तकृत किसानको पहुँच र ३) उनीहरुको खाद्य सुरक्षाको मात्रा ।

२२६ समुदायमा रहेका घरधुरीमा जिविकोपार्जन, कृषिमा निर्भर रहेका परिवार सम्बन्धि सर्वेक्षण गरिएको छ जुन समुदायको सर्वेक्षणको सामाजिक नक्सामा अभिलेख गरिएको थियो (तालिका १) । यसैका आधारमा कृषि मजदुर दोस्रो ठूलो पेशा रहेको देखियो ।

**तालिका २ : कृषिलाई मुख्य पेशा मान्दै आएका परिवारको कृषिको अवस्था**

| **जातजाती** | | **कृषिलाई मुख्य पेशा मान्नेको जम्मा घरधुरी संख्या** | **कृषिको अवस्था** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **मोही** | **अरुको जग्गा जोत्ने** | **अधिया/बटैया** | **सार्वजनिक जग्गा जोत्ने** | **कृषि मजदुर** |
| पहाडी ब्राम्हण/क्षेत्री | % | १०४३<br>१००.० % | ७<br>०.७ % | १९२<br>१८.४ % | ६४<br>६.१ % | २६३<br>२५.२ % | ६६३<br>६३.६ % |
| तराई ब्राम्हण/क्षेत्री | % | ८७<br>१००.० % | १४<br>१६.१ % | ११<br>१२.६ % | ११<br>१२.६ % | २<br>२.३ % | ६<br>६.९ % |
| पहाडी जनजाती | % | ८२८<br>१००.० % | ५१<br>६.२ % | १७०<br>२०.५ % | ५८<br>७.० % | २००<br>२४.२ % | ६३४<br>७६.६ % |
| तराई जनजाती | % | २९६०<br>१००.० % | ३८४<br>१३.० % | ७५५<br>२५.५ % | १२५२<br>४२.३ % | ९७५<br>३२.९ % | ८५८<br>२९.० % |
| पहाडी दलित | % | ३५०<br>१००.० % | १<br>०.३ % | १५३<br>४३.७ % | ५३<br>१५.१ % | १६२<br>४६.३ % | १७५<br>५०.० % |
| तराई दलित | % | ४००<br>१००.० % | ६४<br>१६.० % | २०४<br>५१.० % | ११६<br>२९.० % | ५९<br>१४.८ % | ९५<br>२३.८ % |
| मुस्लिम | % | १७४<br>१००.० % | १६<br>९.२% | ५४<br>३१.० % | ५७<br>३२.८ % | १३<br>७.५ % | २४<br>१३.८ % |
| मधेसी | % | ८८० | १०८ | १४४ | ७५ | २४ | ५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १००.० % | १२.३ % | १६.४ % | ८.५ % | २.७ % | ६.० % |
| जम्मा | % | ६७२२<br><br>१००.० % | ६४५<br><br>९.६% | १६८३<br><br>२५.० % | १६८६<br><br>२५.१ % | १६९८<br><br>२५.३ % | २५०८<br><br>३७.३ % |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

दुई वटा फरक पेशा समुहमा संलग्न भई घर खर्च चलाउने घरधुरी संख्या बढि देखियो, निर्वाहमुखी खेतीमा मात्र आधारित भई जीवन चलाउने समुह नै गरीबीको चपेटामा बढि भएको भन्ने बुझ्न सकिन्छ । प्राय जसो जसको मुख्य कृषि पेशा हो उनीहरु अरु ज्यालादारी काम एवंअरुको जग्गा जोत्ने अथवा सार्वजनिक जग्गा जोत्ने, कृषि मजदुर, र अधिया/बटैया जस्ता पेशामा पनि आवद्ध छन् (तालिका २)।

**तालिका ३ : जातजाती तथा संलग्नता अनुसार कृषिमा आवद्ध परिवार संख्या**

| जातजाती | | मोही | अधिया/ बटैया | आफ्नै जग्गा जोत्ने | सार्वजनिक जग्गा जोत्ने | आफ्नो र अरुको जग्गा जोत्ने | कृषि मजदुर | मुक्त कमैया | अनुपस्थित किसान |
|---|---|---|---|---|---|---|---|---|---|
| पहाडी ब्राम्हण/क्षेत्री | % | १०<br><br>०.८ % | १३०<br><br>४.७ % | १३१८<br><br>१५.७ % | ७०७<br><br>१५.७ % | १९१<br><br>७.७ % | ७७४<br><br>१८.५ % | ८<br><br>१.९ % | ५<br><br>७.८ % |
| तराई ब्राम्हण/क्षेत्री | % | ३४<br><br>२.६ % | २४<br><br>०.९ % | १२०<br><br>१.४ % | १८<br><br>०.४ % | १९<br><br>०.८ % | २५<br><br>०.६ % | ०<br><br>०.० % | ०<br><br>०.० % |
| पहाडी जनजाती | % | ६४<br><br>४.९ % | ८७<br><br>३.२ % | ८७६<br><br>१०.४ % | ५०८<br><br>११.३ % | १४१<br><br>५.७ % | ७१६<br><br>१७.१ % | ८<br><br>१.९ % | १<br><br>१.६ % |
| तराई जनजाती | % | ६७७<br><br>५२.३ % | १७९२<br><br>६४.९ % | ३७०४<br><br>४४.२ % | २१२८<br><br>४७.३ % | १६२७<br><br>६५.७ % | १५७६<br><br>३७.७ % | ३८३<br><br>९०.५% | ४९<br><br>७६.६ % |
| पहाडी दलित | % | २<br><br>०.२ % | १००<br><br>३.६ % | ३५६<br><br>४.२ % | ७२९<br><br>१६.२ % | १२०<br><br>४.८ % | २६०<br><br>६.२ % | ३<br><br>०.७ % | १<br><br>१.६ % |
| तराई दलित | % | २४९<br><br>१९.२ % | ३७०<br><br>१३.४ % | ६०१<br><br>७.२ % | २५८<br><br>५.७ % | १९८<br><br>८.० % | ५३१<br><br>१२.७ % | ६<br><br>१.४ % | ५<br><br>७.८ % |
| मुस्लिम | % | ३४<br><br>२.६ % | ११६<br><br>४.२ % | २३५<br><br>२.८ % | ८५<br><br>१.९ % | ७३<br><br>२.९ % | ६२<br><br>१.५ % | २<br><br>०.५ % | २<br><br>३.१ % |
| मधेसी | % | २२५<br><br>१७.४ % | १४२<br><br>५.१ % | ११७५<br><br>१४.० % | ६६<br><br>१.५ % | १०७<br><br>४.३ % | २३९<br><br>५.७ % | १३<br><br>३.१ % | १<br><br>१.६ % |
| जम्मा | % | १२९५<br><br>१००% | २७६१<br><br>१०० % | ८३८५<br><br>१०० % | ४४९९<br><br>१००% | २४७६<br><br>१००% | ४१८३<br><br>१०० % | ४२३<br><br>१०० % | ६४<br><br>१००.० |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

पारम्परिक खेतीपातीमा आवद्ध किसानहरुको कृषियोग्य भूमिमा सजिलै पहुँच नहुदा वा त्यसमा स्वामित्व नहुदाँ अझै पनि आर्थिक रुपमा विभिन्न बाधाहरु झेल्दै आएका छन् । जसको फलस्वरुप, खेतीका उत्पादनहरु, उनीहरुको आयआर्जनमा र जिविकोपार्जनमा प्रत्यक्ष असर गरेको छ ।

### १.१.१ मोही र भू-स्वामित्व

**तालिका ३ क. जिल्ला अनुसार घरधुरी र मोहीको संख्या**

| जिल्ला | घरधुरी संख्या | सर्वेक्षण गरिएको समुदायका घरधुरी | | जिल्ला भित्रको अनुमानित मोही |
|---|---|---|---|---|
| | | जम्मा घरधुरी संख्या | जम्मा मोही | |
| ओखलढुङ्गा | ३२,५०२<br>३.७ % | १,३४७<br>९.७% | १<br>०.१ % | २४<br>०.१ % |
| उदयपुर | ६५,५५७<br>७.५ % | ७२४<br>५.२ % | ५५<br>७.६ % | २४<br>०.१ % |
| सप्तरी | १२१,०९८<br>१३.८ % | १,७२७<br>१२.४ % | २८०<br>१६.२ % | १९,६३४<br>१६.२ % |
| सिरहा | ११७,५६२<br>१३.४ % | १,१९८<br>८.६ % | १७७<br>१४.८ % | १७,३६९<br>१४.८ % |
| सर्लाही | १३२,८४४<br>१५.२ % | १,२९९<br>९.३% | १२९<br>९.९% | १३,१९२<br>९.९% |
| महोत्तरी | ११३,३१६<br>१२.७ % | ६१९<br>४.४ % | ३११<br>५०.२ % | ५५,९२८<br>५०.२ % |
| बाँके | ९४,७७३<br>१०.८ % | १,९४८<br>१४.० % | १३७<br>७.० % | ६,६६५<br>७.० % |
| दाङ्ग | ११६,४१५<br>१३.३ % | १,७२५<br>१२.४ % | १७९<br>१०.४ % | १२,०८०<br>१०.४ % |
| बर्दिया | ८३,१७६<br>९.५% | ३,३३९<br>२४.० % | २६<br>०.८ % | ६४८<br>०.८ % |
| जम्मा | ८७५,२४३<br>१००.० % | १३,९२६<br>१००.० % | १,२९५<br>९.३% | ८१,३९०<br>९.३% |

*स्रोतः राष्ट्रिय जनगणना २०६८, (सि बि एस २०११), स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

समुदायको सामाजिक स्रोत मापन अभ्यास र सिमान्तकृत किसानहरुको घरधुरी सर्वेक्षण गरि मोही सम्बन्धी विवरण संकलन गरियो । सामाजिक नक्सामा जम्मा १३,९२६ घरधुरी मध्ये १२९५ (९.३ %) दर्तावाल मोहीका रुपमा अरुको जग्गा जोतेको पाइयो (तालिका १,३ र ३ क) ।

**तालिका ४: जातजाती अनुसार सर्वेक्षण गरिएको मोही घरधुरी**

| जातीगत पारिवारिक विवरण | | घरधुरी संख्याः मोही परिवार हो ? | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| पहाडी ब्राम्हण/क्षेत्री | प्रतिशत (%) | ९<br>४.२ % | २०७<br>९५.८% | २१६<br>१००.० % |
| तराई ब्राम्हण/क्षेत्री | प्रतिशत (%) | १६<br>७६.२ % | ५<br>२३.८ % | २१<br>१००.० % |
| पहाडी जनजाती | प्रतिशत (%) | ५१<br>२१.५ % | १८६<br>७८.५ % | २३७<br>१००.० % |
| तराई जनजाती | प्रतिशत (%) | ३७०<br>३५.४ % | ६७६<br>६४.६ % | १०४६<br>१००.० % |
| पहाडी दलित | प्रतिशत (%) | ६<br>२.२ % | २७१<br>९७.८% | २७७<br>१००.० % |
| तराई दलित | प्रतिशत (%) | २६४<br>६२.० % | १६२<br>३८.० % | ४२६<br>१००.० % |
| मुस्लिम | प्रतिशत (%) | ३७<br>४५.७ % | ४४<br>५४.३ % | ८१<br>१००.० % |
| मधेसी | प्रतिशत (%) | ३०७<br>८२.३ % | ६६<br>१७.७ % | ३७३<br>१००.० % |
| **जम्मा** | **प्रतिशत (%)** | **१०६०**<br>**३९.६ %** | **१६१७**<br>**६०.४ %** | **२६७७**<br>**१००.० %** |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

समुदायमा मोही र घरधुरी बीचको अनुपातलाई जिल्लाकै अनुपात संख्यासंग तुलना गरेर हेर्दा परियोजना अर्न्तगतका जिल्लाहरुमा अनुमानित ८१,३९० मोही परिवारहरुले जोतभोग गर्ने अनुमान गर्न सकिन्छ । परियोजना अर्न्तगतका जिल्लाहरुका अनुमानित मोहीको अनुपात तालिका ३ क मा उल्लेख गरिएको छ ।

२६७७ सिमान्तकृत किसानहरुमध्ये १०६० (३९.६%) अनुमानित मोहीहरुको घरधुरी सर्वेक्षण गरियो (तालिका ४) । सिमान्तकृत किसानहरु साधारण किसानभन्दा अलि बढि मोहीको रुपमा जोतभोग गर्छन् । त्यसैगरि तराईका दलित जनजाती, मधेसी समुदायका किसान अरु जातजाती तथा समुदायको अनुपातमा बढि मोही छन् ।

### १.१.२ भूमिमा पहुँच

परियोजना अर्न्तगतका ९ वटा जिल्लाहरुमा सर्वेक्षण गरिएका २६७७ सिमान्तकृत किसानहरुको घरधुरीहरु मध्ये सामान्य परिवारहरुले उत्पादन गरेर परिवार पाल्नका लागी कृषि भूमिको प्रयोग नगरेको देखियो । प्रत्येक घरधुरीले सालाखाला जम्मा ०.१६ हेक्टर (५.१ कट्ठा, ३.३ रोपनी) जग्गाको उपभोग गरेको पाइयो र ९३.५% संग ०.५ हेक्टर भन्दा कम जमिन उपलब्ध छ, जसका कारण उनीहरु साना किसान अथवा भूमिबाट बञ्चित भएर बसेका छन् । यसले उनीहरुसँग भूमि पहुँच धेरै नभएको भन्ने कुरा देखाउँछ ।

**तालिका ५. जातजातीको आधारमा सर्वेक्षण गरिएका घरधुरीमा भूमिहीन परिवार संख्या**

| जातजाती/समुदाय | | जम्मा परिवार संख्या | भूमिहीन परिवारको संख्या र बसोबासको अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | भूमिहीन परिवार संख्या | गाउँ ब्लकमा बस्ने | सार्वजनिक जग्गामा बस्ने | बसईसराई गरेर आएका परिवार |
| पहाडी ब्राम्हण/क्षेत्री | % | २१६<br>८.१ % | ४६<br>५.६ % | १<br>०.२ % | ४७<br>१०.० % | २५<br>१६.८ % |
| तराई ब्राम्हण/क्षेत्री | % | २१<br>०.८ % | ३<br>०.४ % | १<br>०.२ % | १<br>०.२ % | २<br>१.३ % |
| पहाडी जनजाती | % | २३७<br>८.९ % | ४६<br>३.२ % | १८<br>३.२ % | ४२<br>८.९ % | १६<br>१०.७ % |
| तराई जनजाती | % | १०४६<br>३९.१ % | ३५२<br>४२.८ % | २०९<br>३७.२ % | २९२<br>६२.१ % | ४५<br>३०.२ % |
| पहाडी दलित | % | २७७<br>१०.३ % | १२७<br>१५.५ % | ३<br>०.५ % | ६५<br>१३.८ % | ३५<br>२३.५ % |
| तराई दलित | % | ४२६<br>१५.९ % | १४७<br>१७.९ % | १२८<br>२२.८ % | १४<br>३.० % | १३<br>८.७ % |
| मुस्लिम | % | ८१<br>३.० % | ३३<br>४.० % | ३१<br>५.५ % | २<br>०.४ % | २<br>१.३ % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मधेसी | % | ३७३<br>१३.९ % | ६८<br>८.३ % | १७१<br>३०.४ % | ७<br>१.५ % | ११<br>७.४ % |
| जम्मा | % | २६७७<br>१००.० % | ८२२<br>१००.० % | ५६२<br>१००.० % | ४७०<br>१००.० % | १४९<br>१००.० % |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

### १.१.३ खाद्य सुरक्षा

आफ्नो परिवार भित्रका सदस्यहरुकालागी पर्याप्त मात्रामा खाद्य पदार्थहरु उत्पादन गर्न नसक्ने परिवार खाद्य असुरक्षा भित्र पर्छन् भनेर परिभाषित गरिएको छ । जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रको स्रोत केन्द्रमा रहेका प्रतिवेदनहरुको अध्ययन र समुहगत छलफल प्रक्रियाद्धारा खाद्य उत्पादनसंग सम्बन्धित परिवारहरुको जानकारी संकलन गरिएको छ र त्यसै अनुसार काम पनि हुने गरेको छ । यद्दपी, समुदायको सामाजिक तथा स्रोत मापन गर्ने क्रममा घरधुरीहरुको भूमिमा पहुँच, स्वामित्व र पारिवारिक पेशाको पहिचान भएको थियो र यि कुराहरुले खाद्य सुरक्षाको सवालमा किसानहरुको अवस्था कस्तो थियो भन्ने कुरालाई देखाउने सुचक वा आधार मान्न सकिन्छ ।

९३.२ % सिमान्तकृत किसानहरुको ०.५ हेक्टर भन्दा कम क्षेत्रफलमा स्वामित्व भएको पाइयो, ३१.२% किसानहरुले मोहीको रुपमा जग्गा जोतेको पाइयो त्यसैगरि ५० % भन्दा बढि किसानहरु खाद्य उत्पादनका लागी अरुको जग्गामा निर्भर भएको देखियो र ४ हजार भन्दा बढि किसानहरु कृषि मजदुरको रुपमा काम गरेको पाइयो ।

यी सबै कुराहरुले वास्तविक किसानहरुको बार्षिक खाद्य उत्पादनले उनीहरुको परिवारका लागी बर्षभरि पर्याप्त नभएको देखाएको छ ।

**तालिका ६: जातजातीका आधारमा सर्वेक्षण गरिएका घरधुरीहरुको परिवारको औसत संख्या**

| **जातजाती** | **जम्मा परिवार** | **कम्तिमा** | **बढीमा** | **जम्मा परिवार संख्या** | **मिन** | **स्यार्न्डड डेभिएसन** |
|---|---|---|---|---|---|---|
| पहाडी ब्राम्हण/क्षेत्री | २१६ | १ | १७ | ११६३ | ५.३८ | २.५६२ |
| तराई ब्राम्हण/क्षेत्री | २१ | २ | ३१ | १७० | ८.१० | ६.१८० |
| पहाडी जनजाती | २३७ | १ | १५ | १३०० | ५.४९ | २.६२६ |
| तराई जनजाती | १०४६ | १ | २० | ६०९७ | ५.८३ | २.६६७ |
| पहाडी दलित | २७७ | १ | १७ | १४९८ | ५.४१ | २.१५४ |
| तराई दलित | ४२६ | १ | २४ | २६२६ | ६.१६ | २.९३७ |
| मुस्लिम | ८१ | २ | १८ | ५८८ | ७.२६ | ३.६६० |
| मधेसी | ३७३ | १ | २२ | २२६० | ६.०६ | २.७२९ |
| **जातजातीको समुह** | **२६७७** | **१** | **३१** | **१५७०२** | **५.८७** | **२.७६६** |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

सर्वेक्षण गरिएको सिमान्तकृत किसानहरुको घरधुरीहरुको परिवारको औसत संख्या ५.८७ देखियो (तालिका ६) जुन तथ्याङ्कबाट परिवारहरुमा खाद्यान्नमा अझ बढि संकट देखियो ।

जातजाती अनुसार विभाजन गरि सर्वेक्षण गरिएको घरधुरीको परिवारको औसत संख्यामा तराई ब्राम्हण क्षेत्री सबै भन्दा बढि भएको देखिन्छ । तर थोरै नमुना, त्यसमा पनि अपवादको रुपमा ठुलो परिवार भएको घरधुरीमा सर्वेक्षण गरेका कारण स्यान्डर्ड डेभिएसनमा बढि विचलन आएको छ । जसले गर्दा यो आंकडामा औसत भन्दा बढि बृद्धि भएको देखिन्छ । बढि स्यान्डर्ड डेभिएसन आएको र नमुना संकलन संख्या थोरै भएका कारण यी समुहहरुको परिवार संख्या असामान्य देखिन गई औसत भन्दा बढि बृद्धि भएको देखिएको हो । यद्दपी, मुस्लिम, तराई दलित तथा मधेसी समुहका परिवार खाद्य संकटको सवाल भित्र अझै बढि देखिएका छन् भनेर मान्न सकिन्छ ।

## १.२ नीति कार्यन्वयनको प्रक्रियामा नयाँ भूमि नीति र सिमान्तकृत किसानहरुको भूमिका, नीति र ऐन

सिमान्तकृत किसानहरुको अधिकारलाई सुनिश्चित गर्न अभियानको महत्वलाई नकार्न सकिदैन र भूमि र प्राकृतिक स्रोत सम्बन्धि समावेशी नीति, कानुन तथा ऐन बनाउने प्रक्रियामा, उनीहरुको अधिकार सुनिश्चित गर्ने तरिकाले रचनात्मक तवरबाट राज्य संयन्त्रसंग जोडिनु पनि उत्तिकै आवश्यक छ । यस खण्डले विषेशगरि राज्य संयन्त्रमा तत्कालिन अवस्थाको बारे परिक्षण गर्छ ।

क) अपेक्षा गरिएका नीति, कानुन र ऐन बनाउने प्रक्रियालाई प्रभावकारी बनाउनको लागी स्थानीय तथा राष्ट्रिय भूमि अधिकार मञ्च कुन तहसम्म राज्य संयन्त्रसंग आवद्ध छन् । ख) कति नीतिहरु उपलब्ध छन् वा ती मध्ये कति बनेका छन् र कति बन्ने प्रक्रियामा छन् र ग) सार्वजनिक सेवा संस्थानसंग सम्बन्धित भूमि र प्राकृतिक स्रोतहरुमा सिमान्तकृत किसानहरु कुन हदसम्म जानकार छन् ।

विगत २ दशकभन्दा अगाडी देखी आत्मनिर्भर केन्द्र र राष्ट्रिय, जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चले ५४ वटा जिल्लाका सिमान्तकृत किसानहरुलाई एकिकृत गरि, उनीहरुको भूमि माथीको अधिकार र प्राकृतिक स्रोत माथीको पहुँच सुनिश्चित गर्नको लागी प्राविधिक, आर्थिक तथा नैतिक रुपमा सहयोग गर्दै आएका छन् । नीति नियम प्रक्रिया मार्फत भूमि अधिकारबाट र प्राकृतिक स्रोतको पहुँचबाट बञ्चितहरुको मुद्दालाई बैधानिकता दिनको लागी संघर्ष जारी नै छ । जसले यी अधिकारहरुलाई संवैधानिक तवरबाट व्यवहारिक रुपमा सुनिश्चित गरिनु पर्ने महशुस पनि भइरहेको छ । धेरै भन्दा धेरै सिमान्तकृत किसान समुदायहरुलाई समेट्न तथा उनीहरुको अभियानलाई दिगो ढङ्गले अगाढी बढाई, उनीहरुको मानव अधिकारलाई सुरक्षित गर्न राष्ट्रिय, जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चका सदस्यहरुको पनि क्षमता बृद्धि गरि स्रोतमा पहुँच बढाउन जरुरी छ ।

### १.२.१ उचित सरकारी निकायहरुसंग संस्थागत सहकार्य

परियोजना अर्न्तगतका ९ वटा जिल्लाहरुमा विगत धेरै बर्षदेखि सिमान्तकृत किसानहरुको सम्बोधनलाई न्याय दिनका लागी जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरु गठन भएका छन् । यद्दपी, त्यहा अझै पनि यस्ता समुदाय र बसोबासका क्षेत्रहरु छन् जुन अत्याधिक रुपमा सिमान्तकृत र आधारभूत मानव अधिकारबाट पनि बञ्चित छन् । त्यस्ता ठाउँमा यि मञ्चहरु अझै पुग्नसकेको देखिदैन । सिमान्तकृत किसानहरुको बसोबास रहेको समुदायहरुमा नै आधारभुत अध्ययन सर्वेक्षण गरिएको थियो ।

आधारभुत अध्ययनको अभिलेख गर्ने क्रममा आत्मनिर्भर केन्द्र र जिल्ला भूमि अधिकार मञ्चले ९ वटा जिल्लाहरुमा सम्बन्धित क्षेत्रका सरकारी कार्यालयहरुसंग समन्वय गरेको थियो । यसबाट समुदायका सामाजिक-आर्थिक, भूमि र मोहीसंग सम्बन्धित जानकारी प्राप्त गर्न सहयोग गरेको थियो । विस्तार गरिएका सम्बन्धहरुले सिमान्तकृत किसानहरुलाई विभिन्न उद्देश्यमा लाभान्वित गराउदै आएको छ, त्यो सम्बन्ध यो परियोजनाको अवधिमाअझै बढेर जाने अपेक्षा गरिएको छ । सिमान्तकृत किसानहरुको भूमि अधिकार र

प्राकृतिक स्रोतमाथीको पहुँच सुनिश्चितताका साथै त्यसको वकालत गर्न, र राज्यबाट पाउने सहयोगका लागी परियोजनाका ९ वटा जिल्लाहरुका ७४४ वटा गाउँ भूमि अधिकार मञ्चहरुले सम्बन्धित सरकारी निकाय तथा संस्थाहरुसंग समन्वय गरि सम्बन्ध विस्तार गरेका छन् (तालिका ७ मा हेर्नुहोस्) । ३ बर्षको परियोजनाको अवधिमा अझै ३ सयगाउँ भूमि अधिकारमञ्चहरु थप हुने अपेक्षा गर्न सकिन्छ ।

गाउँ भूमि अधिकार मञ्च र जिल्ला भूमि अधिकार मञ्चका वकालतिय क्रियाकलापहरु मुख्यतः आन्दोलन सम्बन्धि थिए । सिमान्तकृत किसानहरुलाई मानव तथा भूमिअधिकार र पहुँचलाई मद्दत हुने गरि रणनितिक, व्यवस्थित र अर्थपुर्ण हिसाबले कानुनी सहयोग, ऐन तथा प्रावधानहरुसंग जोडिएको देखिएन । भूमि अधिकार मञ्चहरुको सबैभन्दा बढि शक्ति उनीहरुको संगठनमा निहित हुन्छ र जग्गा धनीको दमन र शोषण विरुद्ध प्रतिरोध गर्न सक्ने क्षमता दिन्छ । तर पनि यी संगठनहरु बलियो बनेर देखाउन अझै बाकि नै देखिन्छ । साथै यी संगठनहरुले सिमान्तकृत किसानहरुको आधारभुत मानव अधिकारका बञ्चित मुद्दाका सवालहरुलाई प्राविधिक रुपमा अगाडी बढाएर समाधानको बाटोमा पनि जानुपर्ने देखिन्छ ।

सिमान्तकृत किसानहरुको सहभागितामा हुने अभियानहरु अहिंसात्मक सिद्धान्तका आधारमा हुन्छन् । साथै भूमि अधिकार आन्दोलन तथ्यमा आधारित वकालतीय प्रक्रियाको रुपमा संचालन भईरहेको छ । अन्तिममा, आत्मनिर्भर केन्द्रले गाउँ देखि केन्द्र तहसम्मका सिमान्तकृत किसानहरुको संगठनहरुलाई सङ्ख्यात्मक हिसाबले विस्तार गर्ने मात्र काम नगरी उनीहरुलाई भूमि तथा कृषि अधिकारलाई सुनिश्चित गर्न राजनितिक, प्राविधिक र रणनैतिक तरिकाले बलियो बनाउन सहयोग गर्दै आएको छ ।

**तालिका ७: स्थानीय सरकार र जन सरोकारवालाहरुसंग जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुको सम्बन्ध**

| **जिल्ला भूमि अधिकार मञ्च** | **गाउँ भूमि अधिकार मञ्चहरुको संख्या** | | **स्थानीय निकाय र सरोकारवालाहरुसंगको सम्बन्धको परिणाम** | | |
|---|---|---|---|---|---|
| | **गाविस** | **अध्ययन क्षेत्र** | **भूमिसंग सम्बन्धित कार्यालयहरुसंगको सम्बन्ध** | **अरु सरोकारवालाहरु संगको सम्बन्ध** | **उपलब्धी** |
| ओखलढुङ्गा | ३३ | २४ | २६ गाउँ भूमि अधिकार मञ्चका ९० जना सहभागीहरु र जिल्ला भूमि अधिकार मञ्चले साना किसान, मोही, सुकुम्बासीको अधिकार र भूमिमा महिलाको स्वामित्व सुनिश्चित गर्नका लागी ८ बुँदे माग पत्र पेश गर्न भेट गरेका थिए । | भूमि सुधार कार्यालयमा बुझाएको माग पत्र नै जिल्ला बिकास कार्यालयमा बुझाइएको थिए । | भूमि सुधार र जिल्ला बिकासले नीति निर्माण प्रक्रियामा उठान भएका मुद्दाहरुलाई उच्च अख्तियार सम्म पुऱ्याइदिने आश्वासन व्यक्त गरेका छन् । |
| उदयपुर | ६० | १४ | बढ्दो भूमिहीन सुकुम्बासी समस्या समाधानको माग गर्दै गाउँ भूमि अधिकार मञ्च र जिल्ला भूमि अधिकार मञ्च डेलिगेसन गएका थिए । | सुकुम्बासी विस्थापित समस्या समाधानको माग गर्दै गाउँ भूमि अधिकार मञ्च र जिल्ला भूमि अधिकार मञ्च जिल्ला विकास समितीमा डेलिगेसन गएका थिए । | मुर्त रुपमा उपलब्धि आएको छैन, तर जिल्ला विकास समितीले सुकुम्बासीहरुको पुर्नवासका लागी अरु विकल्पहरु पत्ता लगाइदिन गा.वि.स. लाई सुचना गराइदिने आश्वासन व्यक्त गरेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| सप्तरी | ११२ | ५ | शिव कुमार पासवान जिल्ला भूमि अधिकार मञ्च सप्तरीको संयोजकको रुपमा नियुक्त हुनुभएको छ । उहाँले सप्तरी जिल्लाको भूमिहीनको समस्या समाधान गर्नको लागी भूमि सुधार कार्यालय, मालपोत, र भूमि सर्वेक्षण कार्यालयहरुसंग सम्बन्ध स्थापित तथा विस्तार गर्न मद्दत गर्नुभयो । | हरुवाचरुवा, सिमान्तकृत किसानहरुको अधिकारका लागी प्रमुख जिल्ला कार्यालयमा खास गरि उनीहरुलाई विस्थापन बाट बचाउने हेतुले ज्ञापन पत्र पेश गरेका थिए । | जिल्ला भूमि अधिकार मञ्चले भूमिसंग सम्बन्धित कार्यालयहरुबाट समन्वय तथा सहयोग सुरक्षित गरि सार्वजनिक भूमि, सिमान्तकृत किसानहरु र मोही को जानकारी प्राप्त गर्न सफल भयो । |
| सिरहा | ११५ | २१ | जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधी मण्डल सुकुम्बासी समस्या समाधान आयोगमा गई सुकुम्बासीका आवेदनहरुलाई कार्यन्वयनमा लानको लागी माग पत्र पेश गरेका छन् । संयुक्त पुर्जाका लागी मालपोत कार्यालयमा लाग्ने दस्तुर हटाइदिन कार्यालयका अधिकारीसंग सम्बन्ध बढएका छन् । भूमि सर्वेक्षण विभागसंग मिलेर गाउँ ब्लकमा सर्वेक्षण गर्ने काम पनि भएको छ । | | संयुक्त पुर्जा निर्माणका लागी दस्तुर नलाग्ने बनाइएकोले यसबाट किसानहरु लाभान्वित भएका छन् । गाउँ ब्लकमा बस्ने २९५ परिवारले जम्मा १७.२ हेक्टरमा स्वामित्व पाई लालपुर्जा पनि प्राप्त गरेका छन् । |
| सर्लाही | १०१ | २७ | गाउँ ब्लकमा बसोबास गर्दै आएका किसानहरुको अवस्थाको निरिक्षण गरि उनीहरुलाई लाभान्वित गराउन जिल्ला भूमि अधिकार मञ्च सर्लाहीले नापी विभाग कार्यालयसंग सम्बन्ध स्थापित गरेका छन् । | प्रमुख जिल्ला अधिकारीहरुसंग नियमित भेटवार्ता भईराखेको छ । सागरनाथ बन परियोजनामा बसोबास गर्दै आएका भूमिहीन सुकुम्बासीको उठीबास विरुद्ध वकालत गरेका थिए । | उठीबासका घटनाहरु सल्टाईएका छन् । जिल्ला विकास समिती बाट रु. ५ लाख सहयोग प्राप्त गरि भूमि घर निर्माणको निर्माण भएको छ । जिल्ला शिक्षा कार्यालयबाट सहयोग प्राप्त गरि १६ वटा साक्षरता कक्षाहरु आयोजना भएका छन् । यद्दपी सरकारी निकायबाट भूमि सम्बन्धि निती तथा ऐन कानुन को कार्यन्वयनलाई अगाडी बढाएको देखिदैन । |
| महोत्तरी | ७१ | ४ | मोही सम्बन्धि तथ्याङ्क प्राप्त गर्नको लागी भूमि सुधार कार्यालयसंग को सम्बन्ध स्थापित गरेका थिए । मोही र जग्गा धनी बिचको जग्गा बाँडफाडका लागी जिल्ला भूमि अधिकार मञ्चको डेलिगेसनलाई भूमि सधार कार्यालयले | गा.वि.स.बाट गाउँ ब्लक सर्वेक्षणका लागी सिफारिस प्रदान गरि सहयोग गरेको छ | मेही सम्बन्धि तथ्याङ्क प्राप्त भएको छ । गाउँ ब्लकमा बस्ने २५० भन्दा बढि सुकुम्बासीहरुले लालपुर्जा प्राप्त गरेका छन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यन्वयनको लागी पहल गऱ्यो । गाउँ ब्लकको सर्वेक्षणका लागी मालपोत कार्यालयसंग सम्पर्क गऱ्यो । | | |
| बाँके | ३३ | १६ | मोहीरुले जोत्दै आएको जग्गामा उनीहरुको स्वामित्व हुनु पर्छ भन्ने कुरालाई जोड दिनको लागी गाउँ तथा जिल्ला भूमि अधिकार मञ्चको प्रतिनिधी मण्डलले भूमि सुधार कार्यालयलाई दबाब दिइराखेका छन् । कम्दी गा.वि.स. वडा नं. ८ को गाउँ ब्लकमा बस्ने भूमिहीन किसानहरुको लालपुर्जा जारी गर्नको लागी स्थलगत सर्वेक्षण कार्यालयहरुलाई झकझकाइ राखेका छन् । | मोही र सुकुम्बासी उठीबाससंग सम्बन्धित सवालहरुमा सांसदहरुसंग बसेर यो विषयमा छलफल गर्ने काम सम्पन्न भएको छ । यी सवालहरुलाई संसदमा उठान गर्नको लागी निरन्तर पहल पनि भईराखेको छ । | मोही र भूमिहीन सुकुम्बासीहरुको अधिकार सुनिश्चितको लागी राष्ट्रिय तहबाट पनि पहल भएको छ र यो विषयमा राष्ट्रले पनि महशुस गरेको छ । |
| दाङ्ग | ६७ | ३५ | सुकुम्बासीहरुको बास तथा भूमि अधिकार सुनिश्चित गराउनका लागी गाउँ भूमि अधिकार मञ्च मार्फत सुकुम्बासी समस्या समाधान आयोगमा आवेदन दिएका थिए । | गुठी जग्गाको समस्या समाधान का लागी प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा कार्यालय, राजनितिज्ञ तथा जिल्ला तहका निकायहरुसंग सम्पर्क बढेको छ । | जिल्ला विकास समितीद्धारा जिल्लामा भूमि घर निर्माणका लागी सहयोग प्राप्त भएको छ । १० भन्दा बढि गा.वि.स.ले जोतभोग तथा बसोबास प्रमाण पत्र प्राप्त गर्न सुरु गरेका छन् । |
| बर्दिया | ६७ | ३५ | महिलाको भूमि माथीको स्वामित्व कायम गर्नको लागी भूमि सुधार र मालपोत कार्यालयमा यो सवाल सम्बन्धि छलफल भएको थियो । | हिंसात्मक आक्रमणमा परेकाको न्यायका लागी प्रहरी प्रशासनसंग छलफल गरेका छन् । | मालपोत कार्यालयले केबल विवाहदर्ता का आधारमा संयुक्त लालपुर्जा उपलब्ध गराउने सबैभन्दा सरल प्रक्रिया अपनाएको छ ।<br><br>संयुक्त लालपुर्जाका लागी प्रोत्साहन गर्न भूमि सुधार कार्यालयमा सुचना टास गरिएको छ ।<br><br>प्रहरी प्रशासनले हिंसामा संलग्न व्यक्तिलाई कारवाहीका लागी हिरासतमा लिएको छ । |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

### १.२.२ भूमि र प्राकृतिक श्रोत सम्बन्धि समावेशी निती नियम र कानुनको उपलब्धता

तालिका ८ मा उल्लेख भए बमोजिम, आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको व्यापक संलग्नताका कारण तीन वटा महत्वपुर्ण कानुनी ढाँचा २०१५ मा उपलब्ध भयो । जसले सिमान्तकृत किसानहरुको बाकी रहेका भूमि माथीको स्वामित्व र भू-उपयोगको मुद्दाहरु अघि बढाउन सहयोग गरेको छ । यद्पी यी ढाचाँहरु कार्यन्वयनमा अझै आउन सकेको छैन । विगत १० महिनादेखि दर्ता भएका मोहीबाँडफाड, भूमि सम्बन्धि ऐन २०२१ को छैंठौ संशोधनका  लागी मन्त्री परिषदको अनुमोदन पर्खिराखेका छन् र त्यसैगरि आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चले संयुक्त पुर्जा सम्बन्धी कार्यविधीको मस्यौदा बनाउने कार्यरत समितीलाई आन्तरिक रुपले सहयोग गर्दै आएको छ । अर्कोतर्फ जब सम्म संसदले ऐन को रुपमा पारित गर्दैन तबसम्म भू-उपयोग नीति २०१५ (संशोधीत)  पुर्ण हुदैन । त्यसैगरि, गुठी जग्गा सम्बन्धि संवैधानिक प्रावधानलाई प्रादेशिक तहमा बढि जिम्मेवारी दिईएकाले कसरी कार्यान्वयन गर्ने भन्ने कुरामा भर पर्छ ।

**तालिका ८ः भूमि तथा प्राकृतिक श्रोत उपर नीति, नियम, कानुन र धारा उपधाराको ब्याख्या**

| **नीति, नियम, कानुन र धारा उपधारा** | **अनुमोदन भएको वा हुने सम्भावित मिति** | **व्याख्या** | **बहस** |
|---|---|---|---|
| भूमि सम्बन्धि ऐन २०२१ को छैंठौ शंसोधन | सेप्टेम्बर २०१५ | दोहोरो स्वामित्व भएका दर्तावाल मोही र जग्गा धनी बिचको मुद्दा समाधान भएको । | भूमि सम्बन्धि ऐन २०२१ को छैंठौ शंसोधनपछि भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कार्यान्वयन को सुरुवात गरिसकेतापनि मन्त्रिमण्डल अझै अन्यौल देखिन्छ । |
| भू-उपयोग नीति २०१३ लाई २०१५ मा परिमार्जन भई कार्यान्वयनको प्रक्रियामा छ । | अगस्ट २०१५ | भू-उपयोगका मुद्दाहरु जस्तै भूमिको वर्गीकरण तथा सुरक्षाको सम्बोधन भएको छ । स्पष्ट नीति नभए पनि यसले सिमान्तकृत किसानहरुको भू-उपयोग को मुद्दालाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । | यस नीतिले भू-उपयोग नीतिलाई अगाडी ल्याउन पृष्ठभूमि प्रदान गरेको छ र कार्यन्वयनको प्रक्रिया त्यसपछि सोझै अघि बढ्ने छ । |
| नेपालको संविधानमा गुठी जग्गाको व्यवस्थापनको लागि ऐन बनाउने प्रावधान छ । त्यसलाई प्रान्तिय व्यवस्थाले किसानको कल्याण तथा गुठीको मुल्य मान्यता माथी कुनै पनि नकारात्मक असर नपर्ने गरि कार्यान्वयनमा लाने छ । | सेप्टेम्बर २०१५ | राजनितिक सन्दर्भ अझै पनि अन्योलकै अवस्थामा रहेकाले संविधान कार्यान्वयन र प्रान्तिय गुठी ऐन निर्माण कार्यान्वयनमा जटिलताहरु देखिएका छन् । | ऐनको बनोट सोही प्रान्तका किसानहरुको अभियानमा आवद्धताको हिसाबले पनि धेरै फरक पार्ने छ । |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

आत्मनिर्भर केन्द्रले अर्को तीन बर्ष सम्ममा कम्तीमा पनि तीनवटा नयाँ नीति, कानुन तथा ऐन निर्माणलाई अगाडि बढाउन निरन्तर रुपमा महत्वपुर्ण भूमिका खेलिरहेको छ । भू-उपयोग नीति २०१५ को आधारमा ऐन निर्माण गरी कायाृन्वयनमा ल्याउन राष्ट्रिय भूमि अधिकार मञ्चसंगै आत्मनिर्भर केन्द्रले संवाद तथा संरचनात्मक समन्वयको काम सुरु गरिसकेको छ । भूमि सुधार ऐन २०२१ को छैटौ शंसोधनका लागी गाउँदेखि केन्द्र तहसम्मका सरोकारवालाहरु बीच सल्लाह तथा समन्वय गरि संसदले स्वीकृत गरेको उक्त

ऐनलाई कार्यान्वयनमा लान सहयोग गर्नेछ । आउदा बर्षहरुमा संयुक्त लालपुर्जाको लैंगिक मैत्री नीतिको प्रशासनिय ढाचाँ निर्माणमा आत्मनिर्भर केन्द्र महत्वका साथ लागी पर्नेछ ।

नीति संवादमा सरोकार वालाहरुको संलग्नतालाई नियाल्दा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र,गाउँ भूमि अधिकार मञ्चको भूमिकालाई समग्रमा कमजोर पारिएको स्वीकार गर्छ । केन्द्र तहमा बनेको मस्यौदा उपर समुदायको नीति संवादमा सहभागिता, प्रतिक्रियामा मात्र सिमित भएको पाइयो । सारांशमा,नचाहदा नचाहदै विकेन्द्रीकृत तहबाट हुनुपर्ने, तर केन्द्रीकृत भएको छ ।  तल्लो तहका अधिकारकर्मीहरु आवश्यक प्रविधि तथा यन्त्रहरुबाट सुसज्जित नभएकाले नीति उपर स्पष्ट प्रतिक्रिया दिन नसकेको र आफ्नो सरोकारलाई नीति संवादमा शसक्त रुपमा प्रस्तुत गर्न नसकेको  पाइयो । उक्त ययार्थलाई आत्मसात गर्दै सामुदायिक आत्मनिर्भर सेवा केन्द अबका दिनहरुमा गाउँ भूमि अधिकार मञ्चलाई अझ शसक्त बनाउदै प्रभावकारी भूमिका खेल्ने र सिर्जनात्मक ढंगमा अघि बढ्ने छ ।

### १ .२ .३ सरकारी निकायबारे सिमान्तकृत किसानहरुको धारणा

सिमान्तकृत किसानहरु र स्थानिय निकायहरु बीचको सम्बन्ध सुदृढ हुनसके मात्र सरकारी सेवा सुविधाहरु किसानहरुसम्म पुग्ने सुनिश्चित हुन्छ । यस आधारभूत अध्ययनले सरकारी निकायप्रति सिमान्तिकृत किसानहरुको धारणा संकलन गरी अध्ययन गरेको छ ।

सामान्यत, किसानहरु सरकारी निकाय प्रति त्यति चासो नदिने अथवा सन्तुष्ट नभएको देखियो । उनीहरुबाट आएको प्रतिक्रियालाई १ देखी ३ सम्म विभाजन (१ अन्तर्गत असन्तुष्ट, २ अन्तर्गत ठिकै र ३ अन्तर्गत असन्तुष्ट) गरि प्रत्येक जातजातीका बमोजिम औसत छुट्याइयो । यो औसत संख्या कनै एकमात्र निकायलाई असर नपर्ने गरि निकालिएको हो ।

**तालिका ९. (१–३) सम्म अनुवादित अनुकृया प्रस्तुति**

| जातजाति | परिवारको तहमा सरकारी सेवाप्रतिको सन्तुष्टि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गा.वि.स र न.पा | भूमिसुधार कार्यालय | जग्गा दर्ता कार्यालय | नापी कार्यालय | जि.प्र.का. | सिचाई कार्यालय | जिल्ला अन्य कार्यालय | वन कार्यालय | आर्थिक संघ संस्था | अरु कार्यालय | जम्मा |
| ब्रामण, क्षेत्री, पहाडे | २.३ (१७३) | २.८ (१२) | २.२ (१०७) | २.१ (१०२) | २.२ (११८) | २.९ (१०४) | २.९ (१०४) | २.९ (१०४) | २.२ (१३७) | २.६ (१६) | २.३ (९८) |
| ब्रामण, क्षेत्री, मधेसी | २.६ (१९) | २.३ (९) | २.३ (६) | २.५ (४) | २.२ (९) | २.५ (६) | ३.० (३) | ३.० (३) | २.३ (१३) | १.० (२) | २.४ (७) |
| पहाडे जनजाति | २.५ (१९१) | २.६ (२३) | २.१ (१०९) | २.१ (०५) | २.२ (१३६) | २.० (१०५) | २.० (१०४) | २.१ (११५) | २.३ (१३६) | २.७ (११) | २.३ (१०४) |
| तराई जनजाति | २.५ (६९८) | २.० (१६३) | २.३ (१९५) | २.० (१०३) | २.३ (२४७) | २.२ (६३) | २.१ (६१) | २.३ (७७) | २.५ (३०३) | २.५ (९८) | २.३ (२०१) |
| पहाडे दलित | २.४ (१९५) | ३.० (६) | २.२ (१३९) | २.१ (६५) | २.३ (१०२) | २.१ (६७) | २.१ (६८) | २.१ (७४) | २.३ (१२१) | २.७ (२९) | २.३ (८०) |
| तराई दलित | २.३ (३४०) | २.० (१६२) | २.२ (१३९) | १.९ (०८) | २.१ (१६७) | २.१ (५४) | २.३ (६०) | २.४ (८२) | २.४(१०१) | २.४ (४२) | २.२ (४२) |
| मुस्लिम | २.२ (६८) | २.० (५) | २.९ (१७) | ०.० (०) | २.१ (१७) | १.० (१) | २.७ (३) | ०.० (०) | २.७ (३३) | ३.० (४) | १.९ (१५) |
| मधेसी | २.४ (३२०) | २.३ (१५०) | २.३ (१७६) | २.२ (१३१) | २.२ (१७२) | २.० (७६) | १.९ (९५) | २.२ (८९) | २.५ (११२) | २.२ (४९) | २.२ (१४६) |
| जम्मा | २.४ (२००४) | २.२ (५६०) | २.३ (८१६) | २.१ (६१८) | २.२ (९६८) | २.१ (४८६) | २.२ (४९८) | २.२ (५४४) | २.४ (१०१६) | २.४ (२५१) | २.२ (७७६) |

*स्रोत: ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

केही जात जाती (मुस्लिम, मधेसी) बाहेक अरु जातजातिका किसानहरु सरकारी सेवा सुविधा प्रति सकारात्मक देखिए । तरपनि ६०% भन्दा बढी उत्तरदाताहरुले भने सरकारी सेवा सुविधा प्रति चासो नदिने र यसले उनीहरुलाई खासै फरक नपारेको जनाए (तालिका १०) । यी दुई तालिकाहरुले (९ र १०) एउटै प्रश्नको भिन्न भिन्न उत्तर ल्याई सिमान्तकृत किसानका फरक मत प्रस्तुत गरेका छन् । आधारभूत अध्ययनबाट आएको यो नतिजालाई परियोजनाले सकारात्मक दिशातर्फ लगी किसानहरुका असन्तुष्टि र फर्कन नपर्ने धारणामा परिवर्तन ल्याउनुपर्ने देखिन्छ, ( अर्थात, भइरहेको औसत २.२ देखी २.५ वा बढी) यो कम्पोजिट स्कोरमा परिवर्तन हुनुका साथै तालिका १० ले देखाएको फरकै नपर्ने ( अहिले ६०.४% छ भने यो संख्या ४०% भन्दा कम हुने ) भन्ने उत्तरदाताको संख्या घटाई व्यवहारमा परिवर्तन ल्याउने छ ।

**तालिका १० : सरकारी सेवा सुविधाहरुले खसै फरक नपारेको बताउने परिवार सङ्ख्या**

| जातजाति समुह | गा.वि. स.न.पा. | भुमि सुधार कार्यालय | जग्गा दर्ता कार्यालय | टोपोग्राफि कार्यालय | जि.प्र.का. | सिचाई कार्यालय | जिल्ला अरु अदालत | वन कार्यालय | आर्थिक संस्थाहरु | अरु कार्यालय | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहाडे, ब्रामण, क्षेत्री | १९.९ | ९४.४ | ५०.५ | ५२.८ | ४५.१ | ५१.९ | ९१.९ | ५१.९ | ३६.६ | ९२.६ | ५६.७ |
| तराई, ब्रामण, क्षेत्री | ९.५ | ५७.१ | ७१.४ | ८१.० | ५७.१ | ७१.४ | ५५.७ | ८५.७ | ३८.१ | ९०.५ | ६४.८ |
| पहाडे जनजाती | १९.४ | ९०.३ | ५३.८ | ५५.७ | ४२.७ | ५५.७ | ५६.१ | ५१.५ | ४२.७ | ९५.३ | ५६.३ |
| तराई जनजाती | ३२.९ | ८४.४ | ८१.३ | ९०.१ | ७६.४ | ९४.० | ९४.२ | ९२.६ | ७१.० | ९०.४ | ८०.७ |
| पहाडे दलित | २९.७ | ९७.८ | ७५.५ | ७६.४ | ६३.२ | ७५.८ | ७५.५ | ७३.३ | ५६.३ | ८९.५ | ७१.३ |
| तराई दलित | १६.३ | ५९.४ | ६५.२ | ७२.९ | ५८.३ | ८३.९ | ८५.० | ७९.३ | ७४.८ | ८९.४ | ६८.३ |
| मुस्लिम | १६.० | ९३.८ | ७९.० | १००.०० | ७९.० | ९८.८ | ९६.३ | १००.०० | ५९.३ | ९५.१ | ८१.७ |
| मधेसी | ११.४ | ४८.९ | ४९.९ | ६२.७ | ५१.० | ७८.३ | ७२.९ | ७४.६ | ५०.७ | ८५.८ | ५८.४ |
| जम्मा | २४.१ | ७८.७ | ६८.९ | ७६.५ | ६३.२ | ८१.५ | ८१.० | ७९.३ | ७१.३ | ९०.३ | ७०.४ |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

## १.३ महिला किसानहरुको सामाजिक र आर्थिक अधिकारको परिवेश

सामाजिक न्याय र मुलभूत अधिकार स्थापना गर्न राष्टिय भूमि अधिकार मञ्चको यात्रा निकै लामो र कठिन देखिए पनि सिमान्तकृत बर्गका महिला किसानहरुले राष्ट्रिय र स्थानियस्तरका अभियानहरुमा हुने सहभागिता सराहनिय छ । यसैले नै किसान आन्दोलनको एउटा सफल र सबल पक्ष झल्काउँछ । महिला सशक्तिकरण र लैङ्गिक समानताको पक्षहरुलाई भूमि आन्दोलनसँग जोडि अध्ययन गर्न जरुरी छ । लैङ्गिक समानताका हिसाबले नै रणनितिहरु तय गरि विभिन्न तहबाट हस्तक्षेप गरी महिलामुखी काम र अवसर जुटाई सहभागीतालाई भूमि आन्दोलनको अर्थराजनितितर्फ केन्द्रित गर्न जरुरी छ ।

यस आधारभूत अध्ययनले लैङ्गिक परिवेश अन्तर्गत केहि मुद्दाहरु उठाएको छ जस्तै (१) सिमान्तकृत परिवारका महिला किसानहरुको आर्थिक निर्णय प्रकृयामा पहुंच (२) महिलाहरुको भूमि स्वामित्व (एकल वा संयुक्त) (३) घरेलु हिंसाबाट पिडित भई सहयोग पाउनुको महत्व (४) सरकारी निकायका संरचना र मानव श्रोत व्यवस्थापन पद्धतिले महिलाहरुलाई कर्मचारी वा कार्यकारी/बोर्ड सदस्यका रुपमा समाहित गरेको ।

### १.३.१. परिवारको आर्थिक निर्णयमा महिलाको पहुंच

सामान्यत एक सिमान्तकृत किसानको परिवारले आर्थिक परिपुर्तिका लागि कर्जा लिने, गाईबस्तु बेच्ने, घरजग्गा वा सम्पति बेच्नुपर्ने, ज्यालामजदुरी गर्नुपर्ने, वा वैदेशिक रोजगारीनै रोज्नपर्ने भन्ने बुझिन्छ । सिमान्तिकृत महिला किसानहरुलाई नै उनीहरुका परिवारका आर्थिक निर्णयहरुमा केहि भन्न पाउने कि नपाउने भन्ने प्रश्नहरु गरिएको थियो । लैङ्गिक समानता मुलत घरैबाट शुरु हुनुपर्छ । ठूला ठूला सैद्धान्तिक पिक्षमा बहश

एकातिर होला तर परिवारबाट नै व्यवहारिक परिवर्तन र परिवारका ठूला साना पुरुष सदस्यहरुका विचार र व्यवहारबाट परिवर्तनबाट नै यो सम्भव छ । तालिका १२ र १३ मा प्रस्तुत भएका नतिजा यस परियोजना विकास र व्यवस्थापनसंग मात्र सम्बन्धित नभई समुदायकै चिन्तन मन्नको विषय र सामाजिक बौद्धिक सम्पति हो ।

मख्यत तराई जनजाती, पहाडे र तराई दलित समुदायका सिमान्तिकृत महिलाहरुले आफ्ना परिवारका निर्णय प्रकृयामा आफुले ठांउ नपाएको बताए । महिलाहरुले त्यस्तो जिम्मा लिन नसक्ने धारणा उनीहरुको पुरुष प्रधान परिवारमा देखिएको थियो । यस्ता निर्णयहरु मुख्यत सम्पति किनबेच, भौतिक निर्माणका कार्य वा वैदिशिक रोजगारसंग सम्बन्धित छन् । यद्यपि पैसा लिने दिने, गाई बस्तु खरिद जस्ता निर्णयहरुमा महिलाको भुमिका केहि हद सम्म देखिएको छ ।

## तालिका ११. निर्णय प्रकृयामा महिला

| जात / जाति | परिवाको निर्णय प्रकृयामा | | | | गाईबस्तु खरिद विकिमा | | | | सम्पति खरिद विकिगर्दा | | | | भौतिक निर्माण सम्बन्धि | | | | बैदेशिक रोजगार | | | | महिलाको निर्णयको कदरहुने घरधुरी | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | छैन | | |
| पहाडे, ब्रामण, क्षेत्री | २८ | १८४ | ० | ४ | ३६ | १७७ | ० | ३ | ६२ | १५१ | ० | ३ | ६८ | १४७ | ० | १ | ७० | १४४ | ० | २ | १९५ | २१६ |
| तराई, ब्रामण, क्षेत्री | १ | १५ | ४ | १ | २ | १२ | ६ | १ | ५ | ९ | ७ | ० | ८ | ९ | ४ | ० | ६ | १२ | ३ | ० | १० | २१ |
| पहाडे जनजाती | २५ | २०४ | ५ | ३ | २९ | २०० | ६ | १ | ६९ | १६४ | ० | ३ | ६५ | १६६ | १ | ४ | ६६ | १६५ | २ | ४ | २०० | २३७ |
| तराई जनजाती | १४६ | ८२२ | ५१ | २६ | २४४ | ७३४ | ४४ | २३ | ५०२ | ४७५ | ३८ | ३० | ५४८ | ४५१ | २० | २६ | ७०४ | २९८ | १३ | ३१ | ७७७ | १०४६ |
| पहाडे दलित | ३५ | २२८ | ९ | ३ | ८६ | १८३ | ६ | १ | १४३ | १३१ | २ | १ | १३६ | १३५ | ५ | ० | १४६ | १३० | १ | ० | २३३ | २७७ |
| तराई दलित | ३९ | २९८ | ४१ | १० | ७५ | २८९ | ३८ | ९ | १८६ | १९५ | २० | १० | १६२ | २२६ | १४ | ९ | १७८ | २०६ | २२ | ६ | १९२ | ४२६ |
| मुस्लिम | २ | ६३ | ११ | ५ | २२ | ३५ | २१ | ३ | ३३ | ३३ | ११ | ४ | ३५ | २९ | ९ | ८ | ३६ | २९ | १० | ६ | ४१ | ८१ |
| मधेसी | ३५ | २८० | १९ | ३१ | २३ | २३५ | २५ | २३ | ६४ | २३५ | २२ | ४३ | ६७ | २४२ | १६ | ३९ | ६४ | २५३ | १८ | २८ | १३७ | ३७३ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ३५३ | २०९४ | १४० | ८३ | ५०७ | १९२५ | १४६ | ६४ | १०६४ | १३९३ | १०० | ९४ | १०९० | १४०५ | ६९ | ८७ | १२६९ | १२३७ | ६९ | ७७ | १७८५ | २६७७ |

## तालिका १२. परिवारको निर्णय प्रकृयामा महिला सहभागिता (%)

| जात/जाति सुमह | परिवाको निर्णय प्रकृयामा | | | | गाईबस्तु खरिद विकिमा | | | | सम्पति खरिद विकिगर्दा | | | | भौतिक निर्माण सम्बन्धि कार्यमा | | | | बैदेशिक रोजगार | | | | महिला को निर्णय को कदरहुने घरधुरी सख्या | जम्मा घरधुरी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | फरक नपर्ने | व्यक्त नगर्ने | सम्मान नहुने | भूमिका छैन | | |
| पहाडे, ब्रामण, क्षेत्री | १३ | ८५ | ० | २ | १७ | ८२ | ० | १ | २९ | ७० | ० | १ | ३१ | ६८ | ० | ० | ३२ | ६७ | ० | १ | ९० | १०० |
| तराई, ब्रामण, क्षेत्री | ५ | ७१ | १९ | ५ | १० | ५७ | २९ | ५ | २४ | ४३ | ३३ | ० | ३८ | ४३ | १९ | ० | २९ | ५७ | १४ | ० | ४८ | १०० |
| पहाडे जनजाती | ११ | ८६ | २ | १ | १२ | ८४ | ३ | ० | २९ | ६९ | ० | १ | २७ | ७० | ० | २ | २८ | ७० | १ | २ | ८४ | १०० |
| तराई जनजाती | १४ | ७९ | ५ | २ | २३ | ७० | ४ | २ | ४८ | ४५ | ४ | ३ | ५२ | ४३ | २ | २ | ६७ | २८ | १ | ३ | ७४ | १०० |
| पहाडे दलित | १३ | ८२ | ३ | १ | ३१ | ६६ | २ | ० | ४७ | १ | ० | ४९ | ४९ | ४९ | २ | ० | ५३ | ४७ | ० | ० | ८४ | १०० |
| तराई दलित | १६ | ७० | १० | २ | १८ | ६८ | ९ | २ | ४४ | ४६ | ५ | २ | ३८ | ५३ | ३ | २ | ४२ | ४८ | ५ | १ | ४५ | १०० |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मुस्लिम | २ | ७८ | १४ | ६ | २६ | ४३ | २६ | ४ | ४१ | ४१ | १४ | ५ | ४३ | ३६ | ११ | १० | ४४ | ३६ | १२ | ७ | ५१ | १०० |
| मधेसी | ९ | ७५ | ५ | ८ | ६ | ७९ | ७ | ६ | १७ | ७३ | ६ | १२ | १८ | ६५ | ४ | १० | १७ | ६८ | ५ | ८ | ३६ | १०० |
| जम्मा | १३ | ७८ | ५ | ३ | १९ | ७२ | ५ | २ | ४० | ५२ | ४ | ४ | ४१ | ५२ | ३ | ३ | ४७ | ४६ | ३ | ३ | ६७ | १०० |

*ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

### १.३.२ भूमि स्वामित्वमा महिला

आत्मनिर्भर केन्द्रले भूमिमा महिलाको स्वामित्व र त्यसले उनीहरुको अधिकार सुनिश्चित गर्ने र घरेलु हिंसा कम गर्ने कुरालाई लामो समय देखि नै उठांउदै आएको छ। यस अध्ययनका क्रममा भूमिमा महिला अधिकार र स्वामित्व अझै पनि समुदायले स्थापित गर्न नसकेको र त्यति चासोको विषय बन्न नसकेको देखियो।

**तालिका १३. भूमि सम्पत्तिमा महिलाको अधिकार**

| जात/जाति (परिवारको) | | महिलाको भूमिमा स्वामित्व | | | जम्मा |
|---|---|---|---|---|---|
| | | छुटेका | एकल | संयुक्त | |
| पहाडे, ब्रामण, क्षेत्री | संख्या | १३०२ | ४८८ | ७७ | १८६७ |
| | % | ६९.७% | २६.१% | ४.१% | १००.०% |
| तराई, ब्रामण, क्षेत्री | संख्या | १०५ | ६५ | ११ | १८१ |
| | % | ५८.०% | ३५.९% | ६.१% | १००.०% |
| पहाडे जनजाती | संख्या | ११४८ | १६१ | २६ | १३३५ |
| | % | ८६.०% | १२.१% | १.९% | १००.०% |
| तराई जनजाती | संख्या | ४६९४ | ५५३ | ३१५ | ५५६२ |
| | % | ८४.४% | ९.९% | ५.७% | १००.०% |
| पहाडे दलित | संख्या | ९९३ | ६६ | १५ | १०७४ |
| | % | ९२.५% | ६.१% | १.४% | १००.०% |
| तराई दलित | संख्या | १३४६ | ३३० | १३२ | १८०८ |
| | % | ७४.४% | १८.३% | ७.३% | १००.०% |
| मुस्लिम | संख्या | ३४० | १०० | १९ | ४५९ |
| | % | ७४.१% | २१.८% | ४.१ | १००.०% |
| मधेसी | संख्या | ८४९ | ५९३ | १९८ | १६४० |
| | % | ५१.८% | ३६.२% | १२.१% | १००.०% |
| जम्मा | संख्या | १०७७७ | २३५६ | ७९३ | १३९२६ |
| | % | ७७.४% | १६.९% | ५.७ | १००.०% |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

यस अध्ययनका क्रममा सामाजिक नक्साङ्कन गर्नका लागि गाउँबैठक गर्दा महिलाहरु (विशेषत पहाडे जनजाती, पहाडे दलित समुदायका) भूमि स्वामित्व भएको वा नभएको भन्ने सूचना अपुग देखियो (तालिम १३) । महिला सशक्तिकरणको आवश्यकता र महिलाको कल्याण हुने विषयमा धेरैको चासो नभएको कुरा यसैले अवगत गरायो । भूमि स्वामित्व भएका महिलाको संख्या पनि निकै कम देखियो (तालिका १३ अनुसार १६.९% (एकल र ५.७% संयूक्त) यस मध्ये पहाडे दलित र तराई जनजाती भन्दा तराई ब्रामण, क्षेत्री र मधेसी समुदायमा तुलनात्मक रुपमा अलिक बढी देखियो ।

### १.३.३ महिला सदस्य विरुद्ध घरेलु हिसां

अध्ययनका लागि सर्वेक्षण गर्दा घरेलु हिंशा सम्बन्धि सूचना महिलाबाट नै लिईएको छ । धेरैजसो महिलाहरु यस्ता सूचना खुलाउन हिचकिचाउने वा भन्न नरुचाउने पाइयो । जसले गर्दा घरेलु हिंशा भए नभएको थाहा पाउन वा विश्लेषण गर्न असहज भयो । यो प्रकृयालाई सहज बनाउन आत्मनिर्भर केन्द्रको व्यवस्थापन समितिको सल्लाहमा महिलाहरुसंग समुहमा बसी सूचना संकलन गर्ने कार्य गरियो । यद्यपि समुहमा बसी छलफल गर्न थप समय र श्रोत लाग्ने भएका कारण उक्तआएका सूचनाको अभिलेखन छुट्टै गरिएको छ ।

*“महिला हिंसा विशेषगरी परिवार वा छिमेकबाट नै हुने र हिंसा भयो भनेर सार्वजनिक रुपमा भनेमा घर गएपछि हाम्रो बेइज्जत गरीस भन्ने झन पिडा दिन्छन् । त्यसैले भन्न चांहदैन्न श्रीमान्ले पिटेर चोट लागेपनि घांस जांदा, पानी लिन जादां लडेको भनि ढाट्छन्” – संगीता राई, त्रि.न.पा. १५, उदयपुर*

**तालिका १४. घरेलु हिंसा पिडित महिला (घरधुरी)**

| जात/जाति | | महिला सदस्य घरेलु हिंसाको सिकार भएको | | | जम्मा |
|---|---|---|---|---|---|
| | | छैन | छ | जवाफ नदिएको | |
| पहाडे ब्रामण, क्षेत्री | संख्या | २०६ | ८ | २ | २१६ |
| | % | ९५.४% | ३.६% | ०.९% | १००.०% |
| तराई ब्रामण, क्षेत्री | संख्या | २१ | ० | ० | २१ |
| | % | १००.०% | ०.०% | ०.०% | १००.०% |
| पहाडे जनजाती | संख्या | २२६ | ८ | २ | २३.७ |
| | % | ९५.८% | ३.४% | ०.८% | १००.०% |
| तराई जनजाती | संख्या | ९७८ | ३९ | २९ | १०४६ |
| | % | ९३.५% | ३.७% | २.८% | १००.०% |
| पहाडे दलित | संख्या | २६३ | १४ | ० | २७७ |
| | % | ९४.९% | ५.१% | ०.०% | १००.०% |
| तराई दलित | संख्या | २०४ | १७ | २०५ | ४२६ |
| | % | ४७.९% | ४.०% | ४८.१% | १००.०% |
| मुस्लिम | संख्या | ४८ | १ | ३२ | ८१ |
| | % | ५९.३% | १.२% | ३९.५% | १००.०% |
| मधेसी | संख्या | १३६ | ३ | २३.४ | ३७३ |
| | % | ३६.५% | ०.८% | ६२.७% | १००.०% |
| जम्मा | संख्या | २०८३ | ९० | ५०४ | २६७७ |
| | % | ७७.८% | ३.४% | १८.८% | १००.०% |

**तालिका १५. घरेलु हिंसा गर्नेको संख्या र % (सिमान्तिकृत किसान परिवार)**

| जात/जाति | घरेलु हिंसा गर्ने (कर्ता) | | | | | | जम्मा परिवार संख्या(घरेलु हिंसा पिडित भएका महिला) |
|---|---|---|---|---|---|---|---|
| | पति | सासु ससुरा | छोरा,छोरी वा अन्य | छिमेकी | अन्य | अभिलेखन नभएका | |
| पहाडे ब्रामण, क्षेत्री | ७<br>८७.५% | ०<br>०.०% | ०<br>०.०% | १<br>१२.५% | ०<br>०.०% | ०<br>०.०% | ८<br>१००.०% |
| पहाडे जनजाती | ८<br>१००.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | ८<br>१००.०% |
| तराई जनजाती | २८<br>७१.८% | ६<br>१५.४% | ४<br>१०.३% | ०<br>०.०% | ०<br>०.०% | १<br>२.६% | ३९<br>१००.०% |
| पहाडे दलित | १३<br>९२.९% | ०<br>०.०% | ०<br>०.०% | १<br>७.१% | ०<br>०.०% | ०<br>०.०% | १४<br>१००.०% |
| तराई दलित | १२<br>६६.७% | ३<br>१६.७% | ०<br>०.०% | ०<br>०.०% | २<br>११.१% | १<br>५.६% | १८<br>१००.०% |
| मुस्लिम | १<br>१००.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | १<br>१००.०% |
| मधेसी | १<br>५०% | १<br>५०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | ०<br>०.०% | २<br>१००.०% |
| जम्मा | ७०<br>७७.८% | १०<br>११.१% | ४<br>४.४% | २<br>२.२% | २<br>२.२% | २<br>२.२% | ९०<br>१००.०% |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

सर्वेक्षणबाट उपलब्ध तथ्यांकको बिष्लेशणका आधारमा सिमान्तिकृत महिला किसानहरु घरेलु हिंसाबाट पीडित छन (३.४ % मात्र खुलेपनि) । तराई दलित (४८.१५), मुस्लिम (३९.५५) र मधेशी (६२.७५) समुदायका धेरै महिलाहरुले उक्त सुचना खुलाउन नचाहेपनि केही (जसले यो छलफलमा भाग लिये) ले गम्भिर प्रकृतिका हिंसाका घटनाहरु उल्लेख गरे । अध्ययनबाट घरेलु हिंसासम्बन्धी सुचनालाई पुन समुह छलफलबाट प्राप्त सुचनासँग तुलना गरिनेछ । घरेलु हिंसासम्बन्धी सुचना ९० महिलामध्ये ७० (७७.८५%) आफ्नै पतिबाट पिडित र १० (११.१५) जना घरका सदस्य (सासु ससुरा वा अन्य) बाट पीडित रहेको देखियो (तालिका १५)।

### १.३.५ स्थानीय निकायको निर्णय प्रकृयामा सहभागिता

९५.६५ % घरधुरिमा महिलाहरु कुनैपनि स्थानिय इकायमा आबद्ध नभएको देखियो । यसले महिलालाई भईरहने पक्षपातलाई सर्लक्क देखाएको छ । मुस्लिम महिलाहरुको तुलनामा तराई ब्राह्मण क्षेत्री समदायका घरधुरीका महिलाको सरकारी निकायमा आबद्धता (१४.३५) बढी देखियो ।

**तालिका १६. महिलाको सरकारी सेवामा आबद्धता (घरधुरी)**

| जात/जाति | | महिला सदस्य सरकारी सेवामा भएको | | | जम्मा |
|---|---|---|---|---|---|
| | | छैन | छ | छुटेको | |
| पहाडे, ब्रामण, क्षेत्री | संख्या | २०७ | ९ | ० | २१६ |
| | % | ९५.८% | ४.२% | ०.०% | १००.०% |
| तराई ब्रामण, क्षेत्री | संख्या | १७ | ३ | १ | २१ |
| | % | ८१.०% | १४.३% | ४.८% | १००.०% |
| पहाडे जनजाती | संख्या | २२६ | ११ | ० | २३७ |
| | % | ९५.४% | ४.६% | ०.०% | १००.०% |
| तराई जनजाती | संख्या | १००० | ४४ | २ | १०४६ |
| | % | ९५.६% | ४.२% | ०.२% | १००.०% |
| पहाडे दलित | संख्या | २६४ | १३ | ० | २७७ |
| | % | ९५.३% | ४.७% | ०.०% | १००.०% |
| तराई दलित | संख्या | ४०० | १२ | १४ | ४२६ |
| | % | ९३.९% | २.८% | ३.३% | १००.०% |
| मुस्लिम | संख्या | ८१ | ० | ० | ८१ |
| | % | १००.०% | ०.०% | ०.०% | १००.०% |
| मधेसी | संख्या | ३६४ | ६ | ३ | ३७३ |
| | % | ९६.६% | १.६% | ०.८% | १००.०% |
| जम्मा | संख्या | २९९५ | ९८ | २० | २६७७ |
| | % | ९५.६% | ३.७% | ०.७% | १००.०% |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

ग्रामीण महिलाहरु जबसम्म जिल्ला वा गाउँ बिकास समिती, सामुदायिक उपभोग समितिहरु, विद्यालय व्यवस्थापन समिती, जिल्ला वा गाउँ भूमि अधिकार मञ्च जस्ता स्थानिय संगठनमा नेतृत्वदायी र जिम्मेवार भूमिकामा आबद्ध हुँदैनन, तबसम्म पक्षपात र सिमान्तिकरणका मुद्दाहरुलाई रणनैतिक रुपले उठाउन सजिलो छैन। लैंगिक असमानता, अधिकार हनन् र विभेद हाम्रो संरचना मै स्थापित भएको छ । जबसम्म हाम्रा सामाजिक संस्थाहरुमा पुरुष बाहुल्यता छ, पितृसत्तात्मक शैली दोहोरिरहने देखिन्छ जसले सिमान्तिकरण अन्त्य र लैंगिक समानताका महिला सहभागिता जुटाउन गार्हो पार्छ । यस आधारभुत अध्ययनले औंल्याएका तथ्यांक विश्लेषण, ३.७% सिमान्तकृत महिलाको मात्र स्थानिय निकायमा पहुंच हुनु भनेको निकै कम हो ।

### १.४ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संस्थागत रुपान्तरण

गभर्नन्स फेसिलिटीले स्वीकृत गरेको परियोजना प्रस्तावमा उल्लेख भए अनुसार उसका सरोकारवालाहरु भूमिअधिकार र प्राकृतिक श्रोतहरुमाथिको अधिकार, तथा कृषिमा आधारित उद्यमको प्रवर्धनमा विशेषज्ञता सहितको मानवाधिकार श्रोतकेन्द्रको रुपमा बिकास होस् भन्ने चाहन्छन् (आत्मनिर्भर केन्द्रले गभर्नन्स फेसिलिटी समक्ष पेस गरेको परियोजना प्रस्ताब, पृष्ठ ७, डिसेम्बर २०१५) । आत्मनिर्भर केन्द्रको पनि संस्थागत क्षमता सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ ।  आत्मनिर्भर केन्द्रको क्षमता अभिवृद्धि, यो संस्थालाई कार्यान्वयन तर्फ केन्द्रित गर्ने संस्थाबाट अनुसन्धान र बिकास श्रोतकेन्द्र उन्मुख गराउने खालको हुनुपर्नेछ । यो संस्थाले राष्ट्रिय भूमिअधिकार मञ्च, जिल्ला र गाउँ भूमिअधिकार मञ्च तथा एकल महिला तथा महिला अधिकार समूहजस्ता संगठनहरुसँग काम गर्नुपर्ने देखियो ।

### १.४.१ भूमिअधिकार सवालमा आधारित प्राविधिक सहायता तथा वकालत

आत्मनिर्भर केन्द्रमा भूमि तथा मानवअधिकारमा आधारित पद्दतिमा दक्षता हासिल गरेका १३ जना जनशक्ती रहेका छन्, जसमा ४ जना ब्राहमण र क्षेत्री, ६ जना जनजाति तथा ३ जना दलित समुदायका छन् । यसमध्ये सरकारीस्तरबाट एवं राष्ट्रिय र अर्न्तराष्ट्रिय क्षेत्रले ४ जना ब्राहमण र क्षेत्रीलाइ मात्र भूमि तथा कृषिअधिकार तथा मानवधिकारमा आधारित पद्दतिकालागि श्रोत व्यक्तिको मान्यता दिएका छन् । श्रोत व्यक्तिको रुपमा मान्यता प्राप्त गरे पनि वहाँहरु आफुमा अनुसन्धान कार्यको सिपको कमिको अनुभूति र अनुभवहरुलाई सैद्धान्तिकरण गर्ने क्षमताको अभाव महसुस गर्नुहुन्छ । लैंगिक तथा जातीय सन्तुलन कायम गर्दै प्राविधिक रुपले दक्ष श्रोत व्यक्तिको संख्या र गुणस्तरमा अभिवृद्धि गर्ने अपेक्षा संस्थाले राखेको छ । परियोजना अवधिमा यो संख्या कम्तिमा ५० बनाइने छ ।

### १.४.२ सर्न्दभ तथा श्रोत सामाग्री तयारी

आत्मनिर्भर केन्द्रले अहिलेसम्म सन्दर्भ तथा श्रोत सामाग्रीका रुपमा पोस्टर, पम्फ्लेट, पर्चा, बुलेटिन एवं आवधिक प्रतिवेदनहरु तयार पार्दै आएको छ । संस्थाले यी अभिलेखहरुलाई तालिम, वकालत तथा अनुसन्धान सामाग्रीका रुपमा बिकास गर्ने सीप र क्षमताको अभाव खड्किएको छ । सभासद एवं नीति निर्माताहरुलाई प्रभावित पार्न संस्थाले हालसम्म हासिल गरेको सफलता व्यक्तिगत पहलमा आधारित छ र यसको संस्थागत दीगोपना देखिएको छैन । संस्थाले नीतिगत अवाधारणा पत्रहरुको प्रकासनलाई व्यवस्थित तुल्याउन आवश्यक देखिन्छ । यसका लागी घनिभूत खोजि, अनुसन्धान तथा सघन औपचारिक बहसहरु गर्नुपर्ने हुन्छ । परियोजना अवधी भित्र पाँचवटा श्रोत सामाग्रीहरु प्रकासन गरिनेछन् । यिनमा भूमि तथा मानव अधिकारमा आधारित तालिम सामागीहरुका साथै सहभागितामूलक अनुसन्धान र भूमिअधिकारका सवालहरुमा वकालतका लागि नीतिपत्रहरु र कार्यनिर्देशिकाहरु प्रकाशन गर्नुपर्ने हुन्छ ।

### १.४.३ नीतिनिर्माणमा हस्तक्षेपकारी भूमिकाका लागि अनुसन्धानमुलक प्रकाशन

आत्मनिर्भर केन्द्रले भूमिअधिकारको अभियानमा आफ्नो दुई दशकको अनुभवलाई तथ्यपरक र यथार्थपरक सँगालोको रुपमा प्रकाशन गरेको छैन । यसैगरी, आफुले उठान गरेको सवाललाई सार्वजनिक चासोको बिषय

बनाउने खालका प्रकाशन गरेको पनि पाइएको छैन । यस्ता प्रकाशनहरु सन् २०१८ सम्ममा कम्तिमा पाँचवटा तयार पार्नु यो परियोजनाको लक्ष्य हो ।

### १.४.४ आत्मनिर्भर केन्द्रलाई भूमिअधिकार केन्द्रित श्रोतकेन्द्रको रुपमा स्थापित गर्ने

सिमान्तकृत किसानहरुलाई संगठित गर्ने, उनीहरुको सवलिकरण गर्ने तथा भूस्वामित्वकालागी उत्प्रेरित गराउनु आत्मनिर्भर केन्द्रका केहि उल्लेखनीय उपलब्धिहरु हुन् । संस्था आँफैपनि नीति निर्माण तहमा सिमित प्रभावका बावजुद भूमिसुधार ऐनको छैटौ संसोधनका क्रममा सम्वन्धित सरोकारवाला निकायका कर्मचारीहरु तथा सभासदहरुसँग निकट भएर कार्य गर्न सफल रहयो । यो संसोधनबाट सिमान्तकृत किसानहरू, खासगरी मोही किसानहरु, लाभान्वित हुन सक्छन् । यी उपलब्धिहरुलाई एकिकृत गरी सार्वजनिक उपयोगमा आउन सक्ने रुपमा तयार पार्न आवश्यक बिशेषज्ञताको संस्थामा अभाव महसुस गरिएको छ । यी सामग्रीहरुको सर्वशुलभ उपलव्धता सुनिश्चित गर्न आवश्यक सबै प्रकारका  पूर्वाधारहरुको स्थापना गर्ने लक्ष्य संस्थाले लिएको छ । संस्थाका प्रकाशनहरु तथा अन्य स्रोतसामग्रीहरुलाई प्रणालीगत व्यबस्थापन गरी इन्टरनेट लगायतका माध्यमबाट सर्वसुलभ उपलव्धता सुनिश्चित गर्ने उद्देश्य संस्थाले राखेको छ ।

## २. संस्थागत पहलहरुको क्षमता र प्रभावकारिता तथा भूमिअधिकार आन्दोलनको प्रवर्धन गर्न औजार, विधि एवं ज्ञानका आधारहरूको बिकास

देशभरिमा कुल ५२ जिल्लामा जस्तै परियोजना सञ्चालन हुने ९ जिल्लाका सिमान्तकृत किसानहरु जिल्ला भूमिअधिकार मञ्चमा संगठित छन् भने यी जिल्लाका धेरै गाबिसहरुमा पनि गाउँ भूमिअधिकार मञ्च सक्रिय छन् । मञ्चमा संगठित भएर किसानहरुले आफ्नो अभियानलाइ सशक्त बनाएका छन् । जिल्ला र गाउँ भूमिअधिकार मञ्चले किसानहरुलाई आफ्ना सवालहरुलाई अगाडी बढाउन टेवा पुर्याए पनि अझ धेरै अधिकार विमुख गराइएका किसानहरु गाउँ भूमिअधिकार मञ्चमा संगठित हुन बाँकी छन् र राष्ट्रिय र जिल्ला भूमिअधिकार मञ्चमा आवद्द हुन सकिरहेका छैनन । यो आधारभूत अध्ययन भुमिअधिकार मञ्चमा आवद्द नभएका अधिकारविहीन किसानहरुको वस्ती / समुदायमा गरिएको हो ।

### २.१ भूमिअधिकार मञ्चहरुको क्षमता र पहलहरु

भूमिअधिकार मञ्चहरुले सिमान्तकृत किसानहरुका जायज मागहरुप्रति राज्य संयन्त्रहरुलाई जिम्मेवार र उत्तरदायी बनाउनका लागि दवाव बढाउन आफ्नो शक्ति प्रदर्शन गर्न आवश्यक छ । वर्षौंदेखि सिमान्तकृत रहेका किसानहरुले जागरुक संगठनका माध्यमबाट अहिंसात्मक अभियानलाई निरन्तरता दिइराख्न यस्ता प्रदर्शन गर्नुपर्ने हुन्छ । यस्तै अभियानबाट नीति, कार्यक्रम, ऐन तथा कानूनजस्ता विभिन्न क्षेत्रहरुमा उपलव्धीहरु हासिल भएका छन् । किसानहरुको मानवअधिकारको अवस्थामा महसुस हुनेगरी सुधारहरु पनि देखापरेका छन् । भूमिअधिकार मञ्चले स्थापना काल देखिनै अहिंसात्मक अभियानलाई आधारभूत सिद्दान्तका रुपमा ग्रहण गरको छ ।

भूमिअधिकार मञ्चहरुका सामु अहिले मुद्दा उठान तथा तिनको व्यवस्थापन पद्दतिलाई कसरी विविधिकरण गर्ने भन्ने मुख्य चुनौती देखापरेको छ । सामाजिक परिचालन तथा भूमि आन्दोलनमा दशकौं बिताइ सकिएको

परिप्रेक्ष्यमा भविष्यमा त्यसैको निरन्तरतामै रमाउने प्रवृत्ति हावी नहोस् भनेर आफ्ना सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुको आलोचनात्मक विश्लेषण गर्नुपर्ने समय आएको छ ।

चारवटा विशिष्ट प्रतिफलको समसामयिक अवस्था यहाँ विश्लेषण गरी चित्रण गरिएको छ । यी चारवटा प्रतिफलले समेट्ने विषयहरु यसप्रकार छन् :

क) किसानहरुले कानूनी संरक्षणका लागि कुन-कुन माध्यम उपयोग गर्छन्

ख) किसानहरुले अवलम्वन गर्ने समकालिक विविधिकृत खेतीको हद के कस्तो हुन्छ ?

ग) विविधिकृत खेतिलाई सहजीकरणका लागि श्रोत परिचालनमा मञ्चहरुको प्रभावकारिता

घ) मञ्चहरुले सुरु गरेर निरन्तरता दिएका नवीनतम प्रयासहरु

## २.१.१ भूस्वामित्व तथा भूमिमाथिको पहुंच सुनिश्चितताका लागि न्यायीक सहायताको माग

घरधुरी सर्वेक्षणका क्रममा कुराकानी गरिएका सीमान्तकृत किसानहरुले भूस्वामित्वका बारेमा जग्गा धनीहरुसँगको लम्बेतान कानूनी झमेलाका भएको बताए । यस्तो झमेलाले उनीहरुलाई मानसिक तनाब भएको र आफुले काम गरिरहेको जमिनमा थप श्रोतको लगानी गर्ने इच्छा शक्ति कम हुँदै आएको बताए । धेरै मोही किसानहरुका लागि मोहियानी हक अनिश्चित छ । यो अनिश्चिततालाई बल पुऱ्याउने घटना र तथ्यहरु प्रशस्त छन् । दस प्रतिशत जति मोहिहरुलाई उनीहरुले काम गरिरहेको जमिनबाट हटाइएको थियो भने करिब त्यति नै अनुपातका मोही किसानहरु जमिनको मालिकहरुसंगको विवादमा थिए । यस्ता विवादहरु भूमिसुधार कार्यालय वा अदालतमा विचाराधीन थिए । केहि मोही किसानहरु आफुले जग्गाधनीलाई उत्पादन बुझाएको रसिद लिनबाट वञ्चित गरिएका थिए भने अन्य केहि मोहीहरु आफुले काम गरिरहेको जमिनको मोहियानी हकको प्रमाण अरुसँग रहेको तथ्य जान्दा जान्दै पनि त्यहिँ काम गरिरहेको पाईयो ।

**तालिका नं. १७. घरधुरीहरुको जातीगत आधारमा मोहीयानी हकदावीको अवस्थाः-**

| जातीगत विवरण | | मोही परिवारको संख्या | भूमि सुधार कार्यालयमा दर्ता मुद्दा | अदालतमा दर्ता मुद्दा | जेतभोगबाट हटाइएको |
|---|---|---|---|---|---|
| पहाड ब्राम्हण/क्षेत्री | संख्या | ९ | १ | ० | ० |
| | %मा | ०.८ | ११ | ० | ० |
| तराई ब्राम्हण/क्षेत्री | संख्या | १६ | ० | ० | १ |
| | %मा | १५ | ० | ० | १ |
| पहाड | संख्या | ५१ | ० | ० | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| जनजाती | %मा | ४.८ | ० | ० | २९.७ |
| तराई जनजाती | संख्या | ३७० | ४४ | २ | ५२ |
| | %मा | ३४.९ | ४८.४ | २८.६ | ४४.१ |
| पहाड दलित | संख्या | ६ | ० | ० | ० |
| | %मा | ०.६ | ० | ० | ० |
| तराई दलित | संख्या | २६४ | २४ | ४ | २१ |
| | %मा | २४.९ | २६.४ | ५७.१ | १७.८ |
| मुस्लिम | संख्या | ३७ | ५ | ० | ० |
| | %मा | ३.५ | ५.५ | ० | ० |
| मधेस | संख्या | ३०७ | १७ | १ | ९ |
| | %मा | २९ | १८.७ | १४.३ | ७.६ |
| जम्मा | संख्या | १०६० | ९१ | ७ | ११८ |
| | %मा | १०० | १०० | १०० | १०० |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

भूमि समस्यामा कानूनी उपचार पाउन वञ्चितिकरणमा परेका किसानको क्षमतामा कमि देखिन्थ्यो । भूमि सुधार कार्यालयमा दर्ता गरिएका ९१ र अदालतमा दर्ता गरिएका ७ वटा मुद्दाहरु माथि उल्लेख गरिएका समस्यामा परेका मोही किसानहरुको संख्याको तुलनामा अत्यन्त न्यून हो । कर्मचारी प्रसाशन, राजनीतिक दलका प्रतिनिधिहरु, राज्यका निकायहरु र भूमिपतिहरुसँगको संवाद र सहकार्य गर्दै गरिबमुखी मुद्दाहरुमा पैरवी गर्न र लैंगिक समावेशी नीति र कानून तर्जुमा गराउन अधिकारबाट वञ्चित किसानहरुको क्षमता बिकास गर्नु भूमिअधिकार मञ्चहरुको मुख्य चुनौती भएको देखियो ।

### २.१.२ घरेलुस्तरको कृषि उद्यमशीलता

जम्मा २६७७ घरधुरीमा ३९९ मात्र (१४.९५) कृषि उद्यममा संलग्न भएको देखियो । यो तथ्यले उत्पादनमुखी कृषि उद्यमशीलताका लागि सन्तुलित रुपमा समय र श्रोतको लगानी नगरी अन्दोलन र अभियानमात्रै गर्नुको सिमितताबारे बहस उब्जिएको छ ।

**तालिका नं.१८**

| जातीगत विवरण | | मोही परिवारको संख्या | भूमि सुधार कार्यालयमा दर्ता मुद्दा | अदालतमा दर्ता मुद्दा | जेतभोगबाट हटाइएको |
|---|---|---|---|---|---|
| पहाड ब्राम्हण/क्षेत्री | संख्या | १९५ | २१ | ० | २१६ |
| | %मा | ९०.३ | ९.७ | ० | १०० |
| तराई ब्राम्हण/क्षेत्री | संख्या | १८ | ३ | ० | २१ |
| | %मा | ८५.७ | १४.३ | ० | १०० |
| पहाड जनजाती | संख्या | २२० | १७ | ० | २३७ |
| | %मा | ९२.८ | ७.२ | ० | १०० |
| तराई जनजाती | संख्या | ८५३ | १९२ | १ | १०४६ |
| | %मा | ८१५ | १८.४ | ०.१ | १०० |
| पहाड दलित | संख्या | २६४ | १३ | ० | २७७ |
| | %मा | ९५.३ | ४.७ | ० | १०० |
| तराई दलित | संख्या | ३७७ | ४७ | २ | ४२६ |
| | %मा | ८८.५ | ११.० | ०.५ | १०० |
| मुस्लिम | संख्या | ५० | ३१ | ० | ८१ |
| | %मा | ६१.७ | ३८.३ | ० | १०० |
| मधेस | संख्या | २९६ | ७५ | २ | ३७३ |
| | %मा | ७९.४ | २०.१ | ०.५ | १०० |
| जम्मा | संख्या | २२७३ | ३९९ | ५ | २६७७ |
| | %मा | ८४.९ | १४.९ | ०.२ | १०० |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

सिमान्तकृत किसानहरुका सहि कुराहरुको सुनुवाई गर्नुका साथै ती किसानहरुलाई उनीहरुका आर्थिक सामाजिक र सांस्कृतिक अधिकारहरु प्राप्त हुनुले तिनीहरुको जीवनमा के माने राख्दछ भन्ने कुरो पुनःपरिभाषित गर्नुपर्ने कार्य भूमिअधिकार मञ्च र आत्मनिर्भर केन्द्रका लागि चुनौतीको रुपमा रहेको छ । यसै कुरालाई मनन गर्दै यो परियोजनाले आफ्नो अवधिमा ८५० किसान परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउन सहयोग पुर्याउने छ ।

### २.१.३ कृषि उद्यमशीलता प्रवर्धन गर्न श्रोत परिचालन

परियोजना संचालन हुने जिल्लाहरुका गाउँहरुमा अझै थप भूमिअधिकार मञ्च गठन गर्नुपर्ने आवश्यकता देखियो । यससंगै गठन भइसकेका र गठन हुने नयाँ भूमिअधिकार मञ्चहरुले कसरी श्रोत परिचालन गरी सिमान्तकृत किसानहरुलाई कृषि उद्यममा संलग्न गराउन प्राविधिक तथा अन्य आधारभूत सहयोग गर्न सकिन्छ भन्ने विषयमा जिल्ला भूमिअधिकार मञ्चहरु अनविज्ञ रहेको पाइयो (तालिका १९) । सबै जिल्लाहरुका स्थानीय भूमिअधिकार मञ्चहरु कृषि उद्यम प्रवर्धन गराउन सक्ने क्षमता किन राख्दैनन् भन्नेबारेमा राष्ट्रिय भूमिअधिकार मञ्च तथा आत्मनिर्भर केन्द्रले आत्मसमीक्षा गर्नुपर्ने देखियो । सम्बन्धित तथा सरोकारवाला संस्थाहरुमा रहेका यससँग सम्बन्धित विज्ञताको उपयोग गर्नुपर्ने देखियो।

**तालिका नं १९:- कृषि उद्यम पर्वद्धन गर्न स्रोत परिचालनको उद्धेश्यले जिल्लागत पैरवीका पहलहरुः-**

| जिल्ला | सरकारी/गैरसरकारी को पहलमा | छलफल र पैरवीका विधागत विषयहरु/रणनिती/तौरतरीका | उपल्बधि | सवाल र चुनौतीहरु |
|---|---|---|---|---|
| ओखलढुङ्गा | आत्मनिर्भर केन्द्र र गाविस स्तरीय कृषि, वन तथा वातावरण समिती | एउटा गाविस बाहेक गाउँ तथा जिल्ला भूमि अधिकार मञ्चहरुले कृषि उद्यम प्रवर्दनका लागी स्रोत परिचालन गर्न आत्मनिर्भर केन्द्र बाहेक अन्यत्र पुगेका छैन्न । | तीन वटा गाविसका १५ वटा गाउँ भूमि अधिकार मञ्चले हालसम्म १५० परिवारका लागी रु १,६७,४५०।- प्रयोग गरेका छन् । यो लगानी नगदे बालीमा आधारित कृषि उद्यममा खर्च गरिएको थियो। जस्तैः- अकबरे खोंसानी, काँक्रो, टमाटर आदि । एउटा गाविसमा सामाग्री सहयोग पनि भएको थियो । | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुमा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरु सँग संस्थागत सम्बन्ध विस्तार गर्न क्षमताको अभाव देखियो । यसका कारणले कृषि उद्यम प्रर्वदन गर्न आर्थिक तथा प्राविधि चुनौती देखा पऱ्यो । |
| उदयपुर | जिल्ला भूमि अधिकार मञ्च मार्फत आत्मनिर्भर केन्द्र माथि निर्भर भएको | सहयोगका लागी अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सम्पर्कको कुनै प्रयास नगरीएको | १०९ परिवारका लागी केहि नगदेवाली खेती गर्नका लागी तीन वटा गाउँ भूमि अधिकार मञ्चले रु एक लाख | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुमा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुसँग |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रयोग गरे । | संस्थागत सम्बन्ध विस्तार गर्न क्षमताको अभाव देखियो । |
| सप्तरी | जिल्ला भूमि अधिकार मञ्च मार्फत आत्मनिर्भर केन्द्र माथि निर्भर भएको | सहयोगका लागी अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सम्पर्कको कुनै प्रयास नगरिएको | तीन वटा गाउँ भूमि अधिकार मञ्चले गाविस र जिल्ला कृषि विकास कार्यालयबाट सहयोग प्राप्त गरे । | वित्तिय समस्याको कारणले नियमीत कार्यक्रमहरुलाई निरन्तरता दिन कठिन भयो । |
| सिराहा | जिल्ला भूमि अधिकार मञ्च मार्फत आत्मनिर्भर केन्द्र माथि निर्भर भएको | सहयोगका लागी अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सम्पर्कको कुनै प्रयास नगरीएको | जिल्ला भूमिअधिकार मञ्चको भूमि घर निमार्ण गर्न तथा आय-आर्जनका क्रियाकलापहरु संचालन गर्न ५ वटा गाविसका भूमि अधिकार मञ्चहरुले गाविस कार्यालयबाट सहयोग प्राप्त गरे । | भूमि घर निमार्ण गरी आय-आर्जनका क्रियाकलापहरु संचालन गरियो । |
| सर्लाही | कुनै पनि ठोस पहल नगरिएको स्थानीय संस्थाहरु सँग सम्पर्क राख्नुपर्ने आवश्यकता महशुस गरिएको | जिल्ला भूमि अधिकार मञ्चका सदस्यहरु बीच आन्तरिक छलफल मात्र भएको । | मञ्चका सदस्यहरु भित्र एक तहको महशुसीकरण भएको छ । | गाउँ भूमि अधिकार मञ्चहरुमा दलित तथा जनजातीहरुलाई प्रतिनिधित्व गर्ने अति सिमान्तकृतहरुको बाहुल्यता छ । यसले गर्दा आर्थिक सामाजिक न्यायका लागी पैरवी गर्न समस्या तथा सवालहरुको रणनैतीक निर्क्यौल गर्ने क्षमताको अभाव छ । |
| महोत्तरी | एउटा मात्र गाउँ भूमिअधिकार मञ्चले जिल्ला कृषि विकास कार्यालय र जिल्ला भूमि अधिकार मञ्चमा | जिल्ला भूमि अधिकार मञ्चको सहयोगमा कृषि उद्यमका सम्भावित क्षेत्रहरु पहिचान गरि कृषि विकास कार्यालयमा आर्थिक सहयोगका लागी माग गरिएको | अदुवा, बेसार, तरकारी लगाएका वालीहरुलाई दुई बिघा जग्गामा सिचाई उपलब्ध गर्ने गरि २२ परिवारले रु १,५७,०००।- प्राप्त गरे | गाउँ भूमि अधिकार मञ्चहरुमा कृषि उद्यमलाई बजार र दिगो जिविकोपार्जन सँग जोड्ने क्षमताको |

| | | | | |
|---|---|---|---|---|
| | सम्पर्क गरेको | | । | अभाव छ । |
| बाँके | जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रमा सिमिती | जिल्ला भूमि अधिकार मञ्च मार्फत आत्मनिर्भर केन्द्रमाथि निर्भर भएको | एउटा गाउँ भूमि अधिकार मञ्चले २५ परिवारको १२ विघा जमिनमा सिचाई गर्न रु ६०,०००।- खर्च गर्‍यो । | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुमा आफ्ना पक्षका कुरा राख्ने क्षमता, सिप, ज्ञान र पहल कदमीको अभाव |
| दाङ | जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रमा सिमीत | आत्मनिर्भर केन्द्र बाहेक अन्यत्र पहल गरीएको नपाईएको। | ११८ परिवारको ३०.५ विघा जमिनमा सामुहिक तरकारी तथा च्याउ खेतीका लागी ४ वटा भूमि अधिकार मञ्चले रु २,४०,०००।- खर्च गर्‍यो । | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुमा आफ्ना पक्षका कुरा राख्ने क्षमता, सिप, ज्ञान र पहल कदमीको अभाव |
| बर्दिया | जिल्ला भूमि अधिकार मञ्च मात्र | आत्मनिर्भर केन्द्र बाहेक अन्यत्र पहल गरीएको नपाईएको | ६७ परिवारको ८ कठ्ठा जमिनमा तरकारी तथा बाखा पालन लागी २ वटा भूमि अधिकार मञ्चले रु १,०५,०००।- खर्च गर्‍यो । | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुमा कृषि उद्यम प्रर्वदनका लागी क्षमता, सिप, ज्ञान र पेरणको अभाव |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

### २.१.४ भूमिअधिकार आन्दोलनका पहलहरु र प्रभावकारिता

सिन्धुपाल्चोक जिल्लाबाट २० वर्ष अगाडी सुरु गरिएको भूमिअधिकार अभियान आजसम्म आउँदा व्यापक विस्तार भएको छ र यो फैलँदो छ । राष्ट्रिय भूमिअधिकार मञ्चको संस्थागत विकाससंगै यसको संगठन वृद्दि पनि भईरहेको छ। आत्मनिर्भर केन्द्रको अभिलेख अनुसार सन् १९९३ देखि अहिलेसम्म ५ हजार भन्दा धेरै अहिंसात्मक अभियानहरु संचालन गरिएका छन । जिल्लातहमा गरिएका बिरोध र्‍यालीदेखि लिएर जिल्ला प्रसाशन कार्यालय, कृषि कार्यालय, भूमिसुधार कार्यालय र मालपोत कार्यालय आदिहरुमा धर्ना बस्ने जस्ता कार्यक्रमहरु अभियान अन्तर्गत गरिएका थिए । यस्ता बिरोधका कार्यक्रमहरु, अभियान र आन्दोलनहरु मात्रैले सिमान्तकृत किसानहरुका सांस्कृतिक, सामाजिक तथा आर्थिक अधिकारहरुको सुनिश्चित गर्न तथा भू-उपयोग र भूस्वामित्वका लागि पर्याप्त बल प्रदान गर्दैन । तर यस्ता कार्यक्रमहरुले राज्यका निकायहरु, राजनीतिक दलहरु र भूमिपतिहरुलाई सचेत गराउनसकेको उपलब्धिलाई कम आँक्न सकिन्न । असंख्य भूमिहीन किसानहरुको जीवनमा पारेको सकारात्मक प्रभाव हेर्दा यस्तो अभियान अझै धेरै वर्षहरुसम्म पनि आवश्यक रहेको यथार्थ ठहर्दछ ।

परियोजना संचालित समुदायका सिमान्तकृत किसानहरु संगठानमा आवद्ध हुन बाँकी नै थियो । साथै, उनीहरुलाई गाउँ भूमिअधिकार मञ्चमा संगठित भएर जिल्ला र राष्ट्रिय मञ्चसँग आवद्ध हुनुको औचित्य र महत्वबारे अभिमुखीकरण गर्न पनि बाँकि नै थियो । आगामी तीन वर्षमा ३०० वटा नयाँ गाउँ भूमिअधिकार मञ्च गठन भएर अभियान र कृषि उद्यममा लाग्नेछन भन्ने अपेक्षा परियोजनाको छ । सबै भूमिअधिकार मञ्चहरुले परियोजनाको अवधिमा १ हजारभन्दा धेरै अभियानहरु सञ्चालनमा ल्याउन अपेक्षा छ ।

## २.२ नीति-नियम र कानुन निर्माणमा प्रभाव पार्न सक्ने क्षमता

केन्द्रमा राष्ट्रिय भूमिअधिकार मञ्चले, जिल्लामा र गाउँमा त्यहाँका मञ्चहरुले नीति निर्माणमा वकालत गरी प्राप्त उपलव्धिहरुको निरन्तर उपभोग र अभ्यास नगरेको खण्डमा भूमिअधिकार अभियानमा सक्रिय भएर लागेर हासिल भएका उपलव्धिहरु दिर्घजीवि रहन्नन् । केन्द्रमा आत्मनिर्भर केन्द्रसँगको समन्वयमा राष्ट्रिय भूमिअधिकार मञ्चले विगत धेरै वर्षदेखि नै राजनीतिक दल तथा व्यक्तिहरु, सांसदहरु, मन्त्रीहरु तथा कर्मचारीहरुसँग निरन्तर सहकार्य गरेर गरिबमुखी कानुन, नियम र नीति निर्माणका लागि भूमिका निर्वाह गरेको छ । तर, जिल्ला मञ्चहरुको यस्तो योगदान कम भएकोले यसरी निर्माण भएका नीति, नियम र कानुनहरु सहि तरिकाले अभ्यास हुन सकेका छैनन् ।

भूमिसुधार ऐन २०२१को संशोधन पश्चात पनि कार्यान्वयनमा चुनौतीहरु देखापरेका छन् । यसका कारण कार्य प्रकृया निमार्णको क्रममा समुदायस्तरको सहभागीता नहुनु हो । यद्यपी समावेशी अभ्यासको भावनालाई प्रभावकारी सहभागीताको पनि सुनिश्चितता हुनुपर्ने देखियो । यो प्रतिवेदनको यो अशंमा निम्न विषयहरु माथी थप प्रष्ट पारिएको छ :

१) जिल्ला र गाउँ स्तरका भूमिअधिकार मञ्चहरुले सरोकार वाला निकायहरुसँग नितिगत छलफलहरु चलाएकी चलाएनन् र चलाए भने कसरी ?

२) सरोकारवालाहरुले सवालमा आधारित कार्यहरुको पहल गरे की गरेनन् र गरे भने के कस्ता पहलहरु भए ?

३) जिल्ला र गाउँ स्तरका भूमि अधिकार मञ्चहरु, कानुन, नियम र नितिहरुको समिक्षा तथा पुनरावलोकनका लागी सिफारीस गर्ने कार्यमा केन्द्रित भए कि भएनन् र भए भने कसरी ?

### २.२.१) राजनैतिक दलका नेताहरु र सरकारी कर्मचारीहरुसँग नितिगत वहस, छलफल तथा सहकार्य

जिल्ला र गाउँस्तरका भूमिअधिकार मञ्चहरुले राजनैतिक व्यक्तिहरु, जनप्रतिनिधीहरु तथा सरकारी कर्मचारीहरुसँग जति बढि हातेमालो गर्छन, भूमिअधिकारको अभियान प्रति उनीहरुको बुझाई र दृष्टिकोण त्यति नै राम्रो हुन्छ । भूमिअधिकारको अभियान प्रति उनीहरुको समर्थन वृद्धि गर्न मात्र नभई सिमान्तकृत किसान मैत्री भूमि तथा कृषि अधिकार सुरक्षित हुने नितीगत तथा कानुनी वातावरण सृर्जना हुनुले के माने राख्दछ भन्ने दृष्टिकोण बनाउँन पनि सरोकारवालाहरु सँगको सम्बन्ध तथा सहकार्य आवश्यक छ । नितीगत तथा कानुनी सहायता बिना गरीव किसानहरुको संघर्ष चाँही निरर्थक हुन्छ ।

**तालिका नं २०:- राजनैतिक तथा सरकारी कर्मचारीको प्रतिक्रियाका लागी जिल्लागत पैरवी पहल गर्नेहरुः-**

| जिल्ला | सरोकारवालाहरुसँगको छलफल तथा सहकार्यको विवरण | छलफल र सहकार्यका विधागत विषयहरु | उपल्बधि | सवाल र चुनौतीहरु |
|---|---|---|---|---|
| ओखलढुङ्गा | जिल्लाबाट प्रतिनिधित्व गर्ने सासंदलाई सयुक्त लाल पूर्जा वितरण शिविरमा आमन्त्रित गरिएको तथा जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चका ९० जना सदस्यहरुले प्र.जि.अ.लाई भेटी छलफल गरेको | सिमान्तकृत किसानहरुको भू-स्वामीत्वको सवालमा छलफल । राज्यबाट पाउँने सहयोगका लागी प्र.जि.अ.लाई आठ बुद्धे माग पत्र पेश गरिएको | प्र.जि.अ.द्धारा भू-स्वामीत्वको सवालको महत्व महशुस गरी माग पत्र माथिल्लो निकायमा पेश गर्ने जानकारी । | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चले सरोकारवालाहरुसँग सहकार्य भूमिका नबुझेको । |
| उदयपुर | ३ जना सरकारी कर्मचारीहरुसँग वैठक बसेको । | सुकुमवासीहरुलाई स्थापीत गर्ने कार्यको विरद्धमा जिल्ला तथा गाउँ भूमि अधिकार मञ्च द्धारा सम्बन्धित निकायमा विरोध दर्ता गरिएको । | कुनै ठोस उपल्बधि नभएको । | रणनितीको अभाव देखिएको । सरोकारवालाहरु सँग नितिगत वहस हरु गरी निति कानुन र नियमहरुको निमार्णमा सहभागी हुन क्षमताको अभाव देखिएको । |
| सप्तरी | जोत भोग तथा आवासको कानुनी प्रमाणको लागी केहि गाविसहरुमा वैठक बँसी केही कानुनी अभिलेखहरु प्राप्त गरेको | धेरै पुस्तादेखि बसोवास गरिराखेको जमिनको लागी कानुनी प्रमाण प्राप्त गर्न मुद्दाको तयारी हुँदै । | केहि गाउँ अधिकार मञ्चहरुले गाविसबाट केहि कानुनी प्रमाणहरु प्राप्त गर्न सफल । | गाविसले दिएको कानुनी प्रमाणलाई स्थानीय विकास मन्त्रालयले अस्विकार गरेको । विभागीय परिपत्रमा सार्वजनिक जग्गाको सुरक्षाको कारण जनाईएको । |
| सिराहा | जिल्ला स्तरीय नापी तथा लेखापढि संघ कार्यालयसँग सहकार्य गरिएको । जोत भोग तथा आवासको कानुनी प्रमाणको लागी बैठक | लेखापढि संघद्धारा संयूक्त लालपूर्जाको लागी निवेदन लेखि दिंदा शुल्क नलाग्ने व्यवस्था । नापी कार्यालयले नापीको काममा र गाविसले कानुनी प्रमाण उपल्बध | केशि जग्गाको नापी गरिएको, केहि गाविसहरुबाट कानुनी प्रमाण पेश गरिएको । | गाविसले दिएको कानुनी प्रमाणलाई स्थानीय विकास मन्त्रालयले अस्विकार गरेको । विभागीय परिपत्रमा सार्वजनिक जग्गाको |

| | | | | |
|---|---|---|---|---|
| | बसेको | गराउँन सहयोग गर्ने । | | सुरक्षाको कारण जनाईएको । |
| सर्लाही | जि.वि.स., सांसद, जिल्ला कृषि विकास कार्यालय, गाविस तथा नापी कार्यालय सँग सहकार्य गरिएको | भूमि घर निमार्णमा सांसद र जि.वि.स.सँग छलफल । जिल्ला कृषि विकास कार्यालयले कृषि विकासमा सहयोग गर्ने , गाविसले संयूक्त लाल पूर्जा र नापी कार्यालयले नापी कार्यमा सहयोग गर्ने । | जिविस तथा सांसदले भूमि घर निमार्णका लागी रु ५ लाख प्रदान गरेको । नापी कार्यालयले केहि जग्गा नापी गरी लाल पूर्जा दिएको । | गाविसहरु सकारात्मक भए पनि संयूक्त लाल पूर्जाका लागी अभियान संचालन गर्न आर्थिक अभाव भएको । |
| महोत्तरी | जिल्ला कृषि विकास कार्यालय, जिल्ला सहकारी कार्यालय गाविस तथा मालपोत कार्यालय सँग सहकार्य गरिएको | जिविकोपार्जनका लागी जिल्ला कृषि विकास कार्यालयले जिल्ला सहकारी कार्यालयल गाउँ भूमि अधिकार सहकारीको क्षमता अभिवृद्धि तथा सहकारी दर्ता, गाविस तथा नापी कार्यालयले संयूक्त लाल पूर्जाका लागी सहयोग गर्ने । | जिल्ला कृषि विकास कार्यालयबाट १० वटा गाउँ भूमि अधिकार मञ्चलाई सहयोग । ५०० दम्पतीलाई सयूक्त लाल पूर्जा प्रदान । ३ वटा सहकारी दर्ता । | संयूक्त लाल पूर्जाका लागी अभियान संचालन गर्न आर्थिक अभाव भएको । |
| बाँके | भू-स्वामित्व तथा मोहीयानी सवाल सम्बन्धि सरोकारवालाहरुसँग (१ जना राज्य मन्त्रि, २ जना सांसद र ३ जना सरकारी कर्मचारीहरु) छलफल | मोही तथा जग्गा धनि विच जग्गाको वाडँफाडको प्रक्रियाको लागी छलफल तथा पैरवी । सुकुमवासीहरुलाई हटाईएको विषय । संयूक्त लाल पूर्जाका लागी प्रक्रियाको सरलीकरण । वसोवास गरिरहेका भूमिहिनहरुको लागी जग्गाको नापी गर्न छलफल तथा पैरवी | सरोकारवालाहरुको सहयोग सुनिश्चित गरिउको । १२ परिवारले सरल तरीका बाट संयूक्त लाल पूर्जा प्राप्त गरेको । ५६ जनाको जग्गा दर्ताको लागी प्रक्रिया शुरु गरिएको । | जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चहरुले आयोजना गरिएका छलफल तथा पैरवी कार्यक्रमहरुमा सरोकारवालाहरु सँग निति तथा कानुन निमार्णका लागी अवधारण पत्र तयार नपारीएको देखियो । |
| दाङ | जि.वि.स., सांसद, जिल्ला कृषि विकास कार्यालय, गाविस तथा मालपोत, राजश्व कार्यालय र नागरीक संगठनहरु सँग सहकार्य गरिएको | जिल्ला भूमि अधिकार मञ्चको भवन निमार्ण गर्न जि.वि.स तथा सांसद द्धारा सहयोग । राजनीतिक दल, नापी कार्यालय तथा अन्य नागरीक समाजका सदस्यहरु द्धारा गुठी र भूमिहिन मानिसहरुको सवालमा पहल गर्ने । | जिविस तथा सांसदबाट जिल्ला भूमि अधिकार मञ्चलाई सहयोग । राजनैतीक पाटीहरुद्धारा भूमिहिन किसानहरुलाई उनीहरुको वसोवास स्थलबाट नहटाउने कार्यमा सहयोग गर्ने | जिल्लाको गुठी तथा भूमिहिनहरुको समस्याहरुलाई राजनैतीक दलहरुले अझै पूर्ण स्वामित्व लिएका छैनन् । |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवद्धता । | |
| बर्दिया | भू-स्वामित्व तथा मोहीयानी सवाल सम्बन्धि सरोकारवालाहरुसँग एक दुई पटक छलफल | संयूक्त लाल पूर्जाका लागी प्रक्रिया सरलीकरण गर्न पैरवी । किसानहरु माथी प्रहरीको ज्यादतीका विरुद्ध विरोध दर्ता गरिएको । | जिल्ला मालपोत कार्यालयमा संयूक्त लाल पूर्जा बारे सकारात्मक सन्देश प्रवाह हुने खालको सूचना टाँगीएको । संयूक्त लाल पूर्जाको प्रक्रिया सरलीकृत भएको । ज्यादती गर्ने प्रहरीलाई हिरासतमा राखिएको । | निति नियम तथा कानुनहरुको पारम्भिक अवधारणा पत्र बनाउँन ठोस पहल नभएको । |

नीती-नियम बनाउँने क्षमताका बिषयमा नौ मध्य चार वटा जिल्लामञ्चहरु केहि सबल देखिए।  यीनिहरुले केहि मुश्किलले उद्देश्य तथा सम्बन्धित विषयहरुको अगामी नितीको योजना बनाँएका छन् तर आधारभूत सर्वेक्षणले किसान तथा अरु दलहरु (संसद, राजनैतीक दल तथा कर्मचारी) र जिम्मेवार व्यक्तिहरुको सम्पूर्ण सूचनाहरु समेटन् नसमेटेको देखियो । त्यसैले आत्मनिर्भर केन्द्रकालागी जिल्ला मञ्चहरुको क्षमता अभिवृद्धि हालका दिनमा प्रारम्भिक रुपमै संम्बोधन गर्ने महत्वपूर्ण चुनौती रहेको देखिया । एकातिर राज्यका राजनैतीक दल र अर्कातिर प्रतिपक्षका रुपमा उभिएका दलहरुसंग अटल रुपमा रहेर राम्रो समाजको लागी किसानका मुद्दाहरुलाई उठान गरी निरन्तर अगाडी बढाउँन प्रयत्न गर्नु पर्ने देखियो । 'हामी' र 'तिनीहरु' भन्ने दुई भागमा विभाजन भएका अहंकारलाई एकदमै तल्लो तहमा ल्याउँनु पर्ने देखियो । धेरै भन्दा धेरै किसानमाहरुलाई "राज्यका निकाय" अर्न्तगत कुन कुन निकाय पर्दछन् भन्ने कुरा जानकारी दिनुपर्ने देखिन्छ ताकि उनीहरुको उद्देश्य प्राप्त गर्न, सोधखोज गर्ने स्थानको पहिचान गर्न सकुन् ।

### २.२.२ सरकारी अधिकारीहरुको सहभागीता वा मुद्दामा आधारीत कार्यको विचमा शैक्षिक संस्कार

यो कार्यक्रम संचालन भएको ९ वटै जिल्लामा पनि यस नितीको विषयमा राज्यका निकायहरुको सहभागीता एकै खालको पाईएको छैन । पछाडी पारिएका किसानका अधिकार मुद्दाहरु "जमिनको स्वामित्व र उत्पादनमा वृद्धि तथा जिविकोपार्जनको स्थाईत्वमा जमिनको प्रयोग" जस्ता विषयलाई  जिल्लाका मञ्चहरुले राजनैती दलहरुसंग स्पस्टसंग राख्न नसकेको अवस्था रहेको छ । उनीहरुलाई किसानका मुद्दाहरुलाई कसरी व्यवस्थित गर्ने र त्यसलाई राज्यका विभिन्न निकायहरु जस्तैः- कर्मचारीतन्त्र, वुद्दिजीवी तथा राजनैतीक दल, संसद, जमिनका हकदार र पछाडी पारिएका उनीहरुकै किसानहरुमा कसरी लैजाने भन्ने विषयमा जानकारी प्राप्त गर्नुपर्छ भन्ने विषयमा महशुस भएको र काम गर्नको लागी र प्रभावकारी निती वनाउँन र सल्लाह दिने छुट्टै निकायको आवश्यकता महशुस गरेका छन् । सामुदायिक आत्मनिर्भर केन्द्रको आलोचनात्मक सहजीकरणको अनुभवबाट विगतमा शान्तिको शक्तिमा आधारित र नेतृत्वको समस्याको तह पहिचान गर्न नसक्ने कमजोरी

जसले समस्यालाई उठान गरी समुहगत रुपमा राज्यका निकायहरुसंग निती सिफारिस गर्न नसकेको देखिन्छ। अबको ३ वर्ष भित्र कमसेकम ३ वटा मुद्दाहरु राज्यका विभिन्न निकायहरु समक्ष पुग्न जरुरी रहेको छ।

### २.२.३ समीक्षाको अभ्यास, ऐन, कानुन र नितीहरुको सिफारिस

स्थानीय अगुवा र अभियानकर्ताहरुले भूमि र प्राकृतिक स्रोत सम्बन्धी कानुनी दस्तावेजहरुको समीक्षा गरेका छन्। अध्ययन गरिएको ९ जिल्लामध्ये ५ जिल्लाका प्रतिनिधिहरुले यस्ता दस्तावेजहरु राखेका छन्। जुन उनिहरुलाई आवस्यकता परेको समयमा उपयोगमा ल्याएको पाईएको छ।

**तालिका २१: भूमि एवं प्राकृतिक स्रोत सम्बन्धी नीतिहरुको समीक्षा, सुझाव र अनुमोदनको जिल्लागत अवस्था**

| भूमि अधिकार मञ्च | संख्या र प्रकार | सवाल र चुनौतीहरु |
|---|---|---|
| ओखलढुङ्गा | - | - |
| उदयपुर | - | - |
| सप्तरी | - | - |
| सिराहा | - | - |
| सर्लाही र महोत्तरी | २ वटा (१) भूमि सम्बन्धी ऐनमा छैठौं संशोधन (२) भूउपयोग सम्बन्धी नीति, २०७२ | भूमि सम्बन्धी नीतिको छैठौं संशोधनमा पनि वेदर्तावाल मोहीको अधिकारलाई वेवास्ता गरिएको छ। भूउपयोग नीतिले कृषियोग्य भूमिलाई बाँझो राख्न नदिनेतर्फ व्यवस्था गरेको छ। यि नीतिहरुमा किसान कसलाई भन्ने स्पष्टता देखिदैंन। |
| बाँके | २ वटा (१) सुकुम्वासी व्यवस्थापन गाईडलाईन (२) भूमि सम्बन्धी ऐनमा छैठौं संशोधन | विभिन्न समयमा सुकुम्वासी आयोग बनेपनि ति आयोगले निवेदन संकलन गर्ने बाहेक काम गर्न सकेको छैन। आयोगको कार्यविधीमा २ देखी ५ कठ्ठा मात्र जग्गा दिने भन्ने विषय व्यवहारीक देखिदैंन। भूमि सम्बन्धी संशोधीत ऐनले फेरी पनि वेदर्तावाल मोहीको विषयलाई समेटेको छैन। |
| दाङ | ४ वटा (१) भूमि सम्बन्धी ऐन, २०२१ (२) गुठी ऐन २०३३ (३) बँधुवा श्रम उन्मुलन ऐन (४) राष्ट्रिय भूउपयोग नीत, २०७२ | ऐनहरुको कार्यान्वयन भएको छैन। हदबन्दी पनि पुर्णतया कार्यान्वयनमा आएको छैन। नयाँ बन्दी कार्यान्वयनमा ल्याएको छैन। भूमि सम्बन्धी ऐनमा वेदर्तावाल मोहीलाई समेटिएको छैन। र ऐन संशोधन गरेर भएपनि उनिहरुलाई |

| | | |
|---|---|---|
| | | हक दिनुपर्छ । <br><br> गुठी संस्थान ऐन नयाँ निर्माण हुनु आवस्यक छ । यसलाई किसानको हित गर्ने गरी बनाईनुपर्छ । गुठीको व्यवस्थापन राज्यले गर्नुपर्दछ । <br> बाँधा श्रम उन्मुलन ऐनमा भएको सबै व्यवस्था लागु भएको छैन । केही कमैयाहरु अफै छुटेका छन् । र जग्गा नदिएर रकम किन्ने भन्ने प्रावधान व्यवहारीक देखिदैंन। <br> भूउपयोग नीति ऐन नबनाएकाले लागु हुन सकेको छैन । |
| बर्दिया | २ वटा (भूमि सम्बन्धी ऐन २०२१ (२) भू उपयोग नीति २०७२ | हदबन्दी पनि पुर्णतया कार्यान्वयनमा आएको छैन । नयाँ बन्दी कार्यान्वयनमा ल्याएको छैन । भूमि सम्बन्धी ऐनमा वेदर्तावाल मोहीलाई समेटिएको छैन । र ऐन संशोधन गरेर भएपनि उनिहरुलाई हक दिनुपर्छ । <br> भूउपयोग नीति ऐन नबनाएकाले लागु हुन सकेको छैन । यो नीति कार्यान्वयनमा आउनु पर्दछ । |

केन्द्रियस्तरमा आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्चले सुक्ष्म रुपमा भूमि र प्राकृतिक स्रोत सम्बन्धि कानुनी प्रावधानहरुको निर्माणमा नजिकबाट चासो राख्ने गर्दछन् । नयाँ कानुन वा नीति बन्दा त्यसमा भूमि अधिकारबाट बञ्चित समुदायको हित समेटिएको नसमेटिएको हेर्छन र आवस्यक वकालतीय कार्य गर्छन । त्यस्तै बनेका कानुन एवं नीतिहरु के कति कार्यान्वयनमा आईरहेका छन् । यस विषयमा पनि आवस्यक अग्रसक्रियता राख्ने गरेका छन् । आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको मुख्य पदाधिकारीहरु नीतिका सम्बन्धमा गहिरो जानकारी राख्छन् र तिनलाई समुदायतहसम्म पुर्‍याउन प्रयास गरिरहेका छन् । यस्तो क्षमता भूमि अधिकार अभियानमा लामो समयदेखीको क्रियाशिलताले दिएको हो । सरकारी निकायले पनि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमि अधिकार मञ्चलाई कुनै पनि नयाँ कानुन वा नीति ल्याउँदा वा संशोधन गर्दा औपचारिक रुपमा नै सुझाव लिने गरेका छन् । र विभिन्न औपचारिक, अनौपचारिक फोरमहरुमा आमन्त्रण गर्ने गरेका छन् । कतिपय अवस्थामा समितहरुमा आधिकारीक नै प्रतिनिधीत्व हुने गरेको छ । तर यस्तो सम्बन्ध जिल्लास्तरमा झल्कन सकेको छैन । र यसतर्फ विशेष पहल हुन आवस्यक देखिएको छ । ३ वर्षमा ६ वटा नयाँ कानुन वा नीति निर्माण वा संशोधन यस कार्यक्रमको लक्ष्य रहेको छ ।

## २.३ भूमिमा महिला अधिकारको प्रर्वधन

भूस्वामित्वमा लैङ्गिक समानताको विषय सामाजिक, आर्थिक र मानवशास्त्रीय पक्षबाट समेत महत्वपुर्ण छ । हरेक रुपान्तरणको प्रक्रियामा लैङ्गिक पक्षलाई नजोडि रहन सकिदैंन । हेर्न सकिन्न । त्यसैले यो प्रतिवेदनले भूमिअधिकारमा महिलाको स्वामित्वको अवस्था र पैरवी गर्ने विषयलाई समावेश गरेको छ ।

### २.३.१ भूमिमाथि महिलाको अधिकारको वारेमा परिवारमा संचेतना

जिल्लागत रुपमा तयार गरिएको आधारभूत सर्वेक्षणको मस्यौदाले तयार गरेको प्रतिवेदन अनुसार महिलाहरु साक्षरसम्म भएको तर भूमिमा स्वामित्वबाट वञ्चित भएको देखियो । गाविसस्तरीय भूमिअधिकार मञ्चलाई महिलाको सशक्तिकरणकालागी पैरवी गर्ने ठुलो मौका रहेको देखिएको छ ।

**तालिका २२ः जिल्लागत तहमा, पारिवारीक छनौट र महिलाको भूमि स्वामीत्व भएका घरपरिवार**

| जिल्ला | जम्मा घरधुरी संख्या | परिवार छनोट | महिलाको भूमि स्वामीत्व भएका घरपरिवार |
|---|---|---|---|
| ओखलढुङ्गा | ३२,५०२<br>३.७ % | एन,ए | ५०६<br>३७.६ % |
| उदयपुर | ६५,५५७<br>७.५ % | ७२४<br>११ % | ४४<br>६.१ % |
| सप्तरी | १२१,०९८<br>१३.८ % | एन,ए | ८५१<br>४९.३ % |
| सिराहा | ११७,५६२<br>१५.२ % | ११९८<br>१.० % | ४३३<br>३६ % |
| र्सलाही | १३२,८४४<br>१५.२ % | १३५२<br>१.० % | ३४२<br>११.२ % |
| महोतरी | १११,३१६<br>१२.७ % | ६१९<br>०.१४ % | १९९<br>९.० % |
| वाँके | ९४,७७४<br>१०.८ % | ५७६<br>०.६ % | १३४<br>४.७ % |
| दाङ | ११६,४१५<br>१३.३ % | ३५६<br>०.३ % | १३८<br>८.० % |
| वर्दिया | ८३,१७६<br>९.५% | ५५२<br>०.७ % | ५०२<br>१५.० % |
| जम्मा | ८७५,२४३<br>१०० % | ५३७७<br>०.७ % | ३१४९<br>२२.६ % |

*स्रोतः राष्ट्रिय जनगणना २०६८ महिलाको भूमि माथिको एकल तथा सामुहिक अधिकारको आधारभूत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क्*

*स्रोतः ईएसआर(मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

माथिको तालिकामा ९ वटा परियोजना संचालन भएका जिल्ला मध्ये ७ वटा जिल्लामा जम्मा ५३७७ परिवार छनोट गरि महिलाको भूमि स्वामित्वको महत्वको बारेमा जानकारी गरियो । यो परियोजनाको योजना भनेको ३ वर्षमा १८,००० परिवारमा पुगी महिलाको भूमि माथीको स्वामित्वको बारेमा जानकारी दिनु रहेको छ ।

### २.३.२ सरकारी तथा गैर सरकारी बीच भूमिमा महिलाको पहुँचको बारेका समन्वय गर्ने

सिमन्तिकृत किसान तथा महिलाको अधिकार, भूमि माथिको स्वामित्व र आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्चले उठाएका मुद्दाहरुलाई पहुँच पुऱ्याउँन गाह्रो भएतापनि मानवअधिकारका मुद्दाहरु सरकारी निकायका अङ्ग र गैरसरकारी संस्थासंग मिल्दो जुल्दो छ । आत्मनिर्भर केन्द र राष्ट्रिय भूमिअधिकार मञ्च, जिल्ला मञ्च तथा गाउँ मञ्चले विगत ७ वर्ष देखि सरकारी जग्गा पुनसंरचना र व्यवस्थापन, ७ वटा जिल्ला तहका स्थानीय गैर सरकारी संस्था र ७ वटा राष्ट्रियस्तरका गैरसरकारी संघसंस्थासंग मिलेर गर्दै आई रहेका छन्। परियोजना संचालन भैरहेको समयमा कमसेकम ३० वटा नयाँ सरकारी संस्था तथा गैरसरकारी संस्थाहरुले आत्मनिर्भर केन्द्र र राष्ट्रिय, जिल्ला र गाविस स्तरीय भूमिअधिकार मञ्चसंग साझेदार गरी यो परियोजनालाई फराकिलो र महिलाको भूमिअधिकार आन्दोलनलाई जोड्ने काम गर्नेछ ।

### २.३.३ घरायसी हिंसामा परेको महिलाहरुलाई रेखदेख तथा उपचार

घरेलु हिंसामा परेका महिलाहरु (विशेष त श्रीमानबाट) गहिरो र व्यापक रुपमा समस्यामा रहेको सर्वेक्षण बाट देखिएको भएतापनि प्रयाप्त अनुपातमा यो प्रतिवेदनमा महिला माथि हुने हिंसाका घटनाहरु समेट्न सकिएको छैन । यसमा २६७७ (९०%) घरधुरी समेटिएको थियो र जसमा पनि ३०० देखि ४०० महिलाहरुले उनीहरु घरायसी हिंसामा नपरेको कुरा व्यक्त गरेका छन् ।

**तालिका २३: जात/धर्मको आधारमा घरधुरी संख्या घरायसी हिंसामा परेकोको उपचार गरिएको विवरणः**

| परिवारको जात/धर्म | | हिंसा पिडित महिलाको उपचारमा संलग्न संख्या | | | |
|---|---|---|---|---|---|
| | | हो | होईन | छुटेको | जम्मा |
| पाहाडी ब्राम्हण/क्षेत्री | %मा | ८<br>१०० % | ०<br>० % | ०<br>० % | ८<br>१०० % |
| पाहाडी जनजाती | %मा | ५<br>६३ % | ३<br>३८ % | ०<br>० % | ८<br>१०० % |
| तराई जनजी | %मा | ३२<br>८२ % | ४<br>१० % | ३<br>८ % | ३९<br>१०० % |

| | | | | | |
|---|---|---|---|---|---|
| पहाडी दलीत | %मा | ११<br>७९ % | ३<br>२१ % | ०<br>० % | १४<br>१०० % |
| तराई दलित | %मा | १३<br>७६ % | १<br>६ % | ३<br>१८ % | १७<br>१०० % |
| मुश्लिम | %मा | ०<br>० % | १<br>१०० % | ०<br>० % | १<br>१०० % |
| मधेशी | %मा | १<br>३३ % | २<br>६७ % | ०<br>० % | ३<br>१०० % |
| **जम्मा** | **%मा** | **७०**<br>**७८ %** | **१४**<br>**१६ %** | **६**<br>**७ %** | **९०**<br>**१०० %** |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

२६७७ घरधुरीमा सर्वेक्षण गरिएकोमा ३.४ प्रतिशतमा लैङ्गिगतामा आधारित हिंसा भएको पाईयो । जुन उपलब्धी सरकारी तथ्याङ्क सँग पनि ठ्याक्कै मिल्दोजुल्दो छ। (हेर्नुहोस् तालिका २५)

**तालिका २४: जात/धर्मको आधारमा घरधुरी संख्या महिला विरुद्धको हिंसा विभिन्न प्रभावको विवरण:**

| परिवारको जात/धर्म | | महिलामा लैङ्गिगतामा आधारित हिंसाको असर | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारिरीक | मानशिक | शारिरीक र मानशिक | कुनै समस्या नभएको | प्रभावित वालवालीका | प्रैतीक घरमा शरण | छिमेकीबाट दुरव्यवहार | हराएको | जम्मा |
| पाहाडी ब्राम्हण/क्षेत्री | %मा | ०<br>० % | १<br>१३ % | ०<br>० % | ०<br>० % | ३<br>३८ % | ३<br>३८ % | १<br>३३ % | ०<br>० % | ८<br>१०० % |
| पाहाडी जनजाती | %मा | ०<br>० % | २<br>२५ % | ४<br>५० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | २<br>२५ % | ८<br>१०० % |
| तराई जनजाी | %मा | ७<br>१८ % | २२<br>५६ % | ४<br>१० % | ३<br>८ % | ०<br>० % | ०<br>० % | ०<br>० % | ३<br>८ % | ३९<br>१०० % |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहाडी दलीत | %मा | १<br>७ % | ५<br>३६ % | ४<br>२९ % | ०<br>० % | ३<br>२१ % | ०<br>० % | ०<br>० % | १<br>३३ % | १४<br>१०० % |
| तराई दलित | %मा | ३<br>१८ % | १०<br>५९ % | १<br>६ % | १<br>६<br>% | ०<br>०<br>% | ०<br>० % | ०<br>० % | २<br>१२ % | १७<br>१०० % |
| मुश्लिम | %मा | १<br>१०० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | १<br>१०० % |
| मधेशी | %मा | १<br>३३ % | १<br>३३ % | १<br>३३ % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ०<br>० % | ३<br>१०० % |
| **जम्मा** | **%मा** | **१३**<br>**१४** % | **४१**<br>**४६** % | **१४**<br>**१६** % | **४**<br>**४** % | **६**<br>**७** % | **३**<br>**३** % | **१**<br>**१** % | **८**<br>**९** % | **९०**<br>**१००** % |

*स्रोतः ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

दुर्भाग्यवश महिला हिंसाको अन्त्य हुन सकेको छैन । गहकिलो पैरवी र चेतनामूलक कार्यक्रमहरुले आशा गरे अनुरुप यस्ता समस्या समाधान गर्न छलफलको तहमा महत्तवपूर्ण हुन्छ तथापी पिडीतहरुलाई उपचार, संवेदनात्मक र सामाजिक रुपमा सम्बोधन गर्नुपर्ने आवस्यकता पनि उत्तिकै छ ।

**तालिकाः २५ जिल्लागत रुपमा (लिङ्गमा आधारित हिंसा ) महिलाहरुको घरधुरी सर्वेक्षणः-**

| जिल्ला | जिल्लाको घरधुरी संख्या | | सर्वेक्षण गरिएको घरधुरी संख्या | |
|---|---|---|---|---|
| | जम्मा | लैङ्गितामा आधारित हिंसा | जम्मा | लैङ्गितामा आधारित हिंसा |

| | | | | | |
|---|---|---|---|---|---|
| ओखलढुङ्गा | %मा | ३२,५०२<br>३.७ % | ६५० <br>२.० % | २४७<br>१०० % | ५<br>२.० % |
| उदयपुर | %मा | ६५,५५७<br>७.५ % | ११८००<br>१८.० % | १००<br>१०० % | १८<br>१८.० % |
| सप्तरी | %मा | १२१,०९८<br>१३.८ % | १३३२<br>११ % | ५५४<br>१०० % | ६<br>११ % |
| सिराहा | %मा | ११७,५६२<br>१३.४ % | ४९३८<br>४.२ % | २६३<br>१०० % | ११<br>४.२ % |
| र्सलाही | %मा | १३२,८४४<br>१५२ % | ११९६<br>०.९ % | २३४<br>१०० % | २<br>०.९ % |
| महोतरी | %मा | १११,३१६<br>१२.७ % | २११५<br>१.९ % | १०६<br>१०० % | द्द<br>१.९ % |
| वाँके | %मा | ९४,७७३<br>१०.८ % | ३८८६<br>४१ % | ४६८<br>१०० % | १९<br>४.१ % |
| दाङ | %मा | ११६,४१५<br>१३.३ % | ४५४०<br>३.९ % | ४२१<br>१०० % | १६<br>३९ % |
| वर्दिया | %मा | ८३,१७६<br>९.५% | ३१६१<br>३.८ % | २९३<br>१०० % | १६<br>३.९ % |
| जम्मा | %मा | ८७५,२४३ | २९७५८ | २६७७ | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १०० % | ३.४ % | १०० % | ३.४ % |

*स्रोत: राष्ट्रिय जनगणना २०६८, ईएसआर-मफार कार्यक्रम अन्तर्गत जुन २०१६ मा आत्मनिर्भर केन्द्रले गरेको आधारभूत अध्ययनको तथ्याङ्क*

## २.४: व्यवस्थापन, संस्थागत संरचना र सामुदायीक आत्मनिर्भरकेन्द्र सेवा केन्द्रको मानवीय स्रोतको प्रसङ्ग

आत्मनिर्भर केन्द्र मानव अधिकारमुखी विकास पद्दतीमा काम गर्नेस्थापित गैर सरकारी संस्था हो । विगत २५ वर्ष देखि सिन्धुपाल्चोक जिल्लामा स्थानीय गैरसरकारी संस्थाको रुपमा जन्मेको थियो । यस अवधिमासंस्थाले प्रभावकारी र सफलतापूर्वक सिमान्तकृत किसानहरुको अधिकारको सवालमा विभिन्न रचनात्मक कार्यक्रमहरु गर्दै आएको छ । आत्मनिर्भर केन्दले किसानहरुको आफ्नै संगठनसंचालन गर्नको लागी भूमिहिन तथा साना किसानहरुको परिचालनमा महत्तवपूर्ण भूमिका खेलेको छ । यी वर्षहरुमा यस्ता अभियानले किसानहरुमा सकारात्मक नतिजा दिएको छ ।

भूमि अधिकार मञ्चमा लगभग १ लाख मोही, धेरै भन्दा धेरै भूमिहिन, जमिन सम्बन्धि कुनै पनि अभिलेख गर्न नसकेका किसानहरु, आर्थिक रुपमा कमजोर र संघर्षरत किसानहरु समावेश रहेका छन् । यस संस्थाले सिमान्तकृत किसानहको अधिकारलाई मानव अधिकार दृष्टिकोणवाट आफ्नो ज्ञान, सिप तथा अनुभवलाई राष्ट्रिय रुपमा स्थानीय तहमा पु-याउँन चाहेको छ भने उनीहरुको प्राकृतिक स्रोतहरुको उपयोग अवस्था र व्यवस्थापन सहयोगको लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय संजालसंग पहल गर्दै आएको छ ।

### २.४.१ मानवअधिकार मुखी पद्दतिमा संस्थागत क्षमता विकास र भूमि अधिकारको मुद्दा

आत्मनिर्भर केन्द्रमा १५५ जना कर्मचारी रहेका छन् जसमा भूकम्प पूननिमार्ण र पूर्नलाभ अर्न्तरगतका परियोजनामा कार्यरत पनि समावेश गरिएको छ । यस संस्थाका १३ जना कर्मचारी साथीहरु यो मानवअधिकार सम्बन्धि तालिम समुदाय, जिल्ला र राष्ट्रियस्तरमा दिन सक्षम छन् । विगतलाई हेर्दासंस्थाले विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय स्तरले मागेको भूमि र यसको अधिकारको बारेमा वकालत गर्दै आएको छ । त्यसैले हालका वर्षहरुमा कर्मचारी साथीहरुको क्षमता अभिवृद्धिको लागी विशेष पहल लिन जरुरी छ ।

### २.४.२ नीतीहरुको विस्तृत रुपमा विकास गर्न सूचनाहरुको प्रकाशन ज्ञानको लागी विकास गर्ने

भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रले बिर्ता जग्गा, गुठी जग्गा, मोही अधिकार, भूमिहिनहरुको भूमि सम्बन्धि अधिकार, महिला र पुरुष दुवैको नाममा पूर्जा सम्बन्धि एक अडानपत्र तयार पारेको छ । यो अडानपत्रले राज्यले निमार्ण गरेको भूमि सम्बन्धि नीती, ऐन, कानुन र नयाँ बनेको संविधानमा पनि भूमिअधिकारको कुरा समेट्न ठूलो सहयोग पुगेको छ । अडानपत्र, नीती व्याख्या र अरु सम्बन्धित प्रकाशनहरु

किसानहरुसंगको सोधपुछको आधारमा सम्बन्धित व्यक्तिहरुको खोजी गरि सत्यतथ्यमा आधारीत छ । यो संस्थाले आगामी ३ वर्षमा कमसेकम ५ वटा त्यस्ता विषयहरुको अडान पत्र तयार गर्नुपर्ने देखियो जसले निती सम्बन्धि मुद्दा रभूमि प्रयोग र अधिकार, दलीत र सिमान्तकृत वर्गका मुद्दालाई संवोधन गर्न सकोस् ।

### २.४.३ राष्ट्रिय र अन्तराष्ट्रिय संजालसँगको संयुक्त पहल गर्ने

आत्मनिर्भर केन्द्रअर्न्तराष्ट्रिय भूमि सञ्जाल (ILC), एसियाली गैर सरकारी संस्थाको सञ्जाल (ANGOC), खाद्य अधिकार संजाल, गैर सरकारी संस्था महासँघ, पोलिसी पाठशाला, सेन्टर फर नेपाल स्टडिज र फ्याक्ट नेपालसँग पनि जोडिएर कार्य गर्दै आएको छ।

एक्सन एड, केयर नेपाल, गभर्नेन्स फ्यासिलिटी, हेल्पएज इन्टरनेसनल, वर्ल्ड जेविश रिलिफ, माईक्रो क्रेडिट टु मर्दस, फाउनडेसन दि फ्रान्स, संयुक्त राष्ट्रसंघ बिकास कार्यक्रम (UNDP) अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु यस संस्थाका सहयोगी संस्थाहरु हुन् । यो संस्थाको सफलता मुख्य कारण नै संजाल, सहकार्यता र सहयोगी नाता हो । यस संस्थाको सफलताको समिक्षा जिल्लागत रुपमा रहेको संस्थाबाट राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा भूमि अधिकार र अधिकार सम्बन्धि नेपालका ५३ वटा जिल्लामा काम गर्ने संस्थाको रुपमा स्थापना हुन सक्नु हो । यो ३ वर्षमा थप पाँच वटा राष्ट्रिय र अर्न्तराष्ट्रिय संस्थासँग सम्बन्ध विस्तार गर्ने लक्ष्य छ ।

## भाग ३ : निश्कर्ष र सुझावहरु

यो अध्ययनको उद्देश्य अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई प्रभावकारी तुल्याउन आवश्यक तथ्यहरुको जोहो गर्नु मात्र थिएन । बरु यस कार्यमा सामेल सबैलाई यसको प्रक्रिया र प्राप्त नतिजामा व्यवहारिक बुझाई बढाउनु पनि थियो ।

अध्ययन कार्यमा प्रत्येकलाई समग्र अध्ययनको महत्वका विषयमा घोत्लिने र संकलन गरीएका अनि सम्भव भएसम्मका तथ्यपुर्ण सूचनाहरु विश्लेषण र तुलना गर्ने अवशर दिईएको थियो ।

समुदायमा गएर सहभागीमुलक तवरले संकलन गरी ल्याएका सूचनाहरु स्वयं संकलकले नै केलाउने, कम्प्यूटरमा ईन्ट्री गर्ने, विश्लेषण गर्ने आदि कार्यले यसमा संलग्नहरुलाई यस कार्यको अपनत्व लिन काफी मद्दत पुगेको थियो ।

आधारभूत अध्ययनको कार्य सोचेको भन्दा भिन्न र केही हदसम्म कठिन भयो । समुदायमा गएर फाराम भरेर ल्याएपछि काम सकिहाल्ने स्थिती भएन । विवरण भरेका फारामहरु रुजु गरेपनि जिल्ला भूमि अधिकार मञ्चका साथीहरुले नै एक्सेल सिटमा कोड अनुसारको तथ्याङ्क ईन्ट्री गर्नुभयो । ती तथ्याङ्कहरुलाई पटक पटक केलाउने काम भयो । यस प्रक्रियाबाट अध्ययन गरिएका जिल्लामा जिल्लास्तरका भूमिसँग सम्बन्धीत सूचनाको बलियो आधार तयार भएको छ । जुन तथ्यहरु आवश्यकता अनुरुप अपडेट गर्न र प्रयोगमा ल्याउन सजिलो हुनेछ ।

यो समष्टिगत प्रतिवेदनमा उपलव्ध सूचना/तथ्यहरुको पर्याप्त विश्लेषण गर्दै परियोजनाको नतिजा एवं प्रतिफलसँग सम्बन्धीत तालिकाहरु तयार पारिएको छ । यस्तो तालिकामा सम्भव भएसम्म जात/जाती, जिल्ला, लैङ्गिक आदि तहमा विविधकृत सूचना समावेश छन् । यस्तै तालिकाहरु हरेक जिल्लाको पनि छुट्टै तयार गरिएको छ । समग्र एवं जिल्लागत तालिकाहरु ९ वटै जिल्ला मञ्चमा पठाईएका छन् ।

यसरी पठाईएको अध्ययनका तथ्यहरुलाई जिल्ला भूमिअधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अधिकृत एवं संयोजकहरुले पुर्नसमीक्षा गरी जिल्लागत प्रतिवेदनमा हेरफेर गरेका छन् । जिल्लागत प्रतिवेदनमा गुणात्मक सूचनाहरु, कथाहरु, समुदायका बोलीहरु अनि लक्षित समूह छलफलबाट आएका सूचनाहरुले तालिकाहरुलाई बुझाउन र प्रमाणीक बनाईएको छ ।

प्रतिवेदनको अन्तिमीकरण सँगै जिल्ला र राष्ट्रिय दुवै तहमा समग्र एवं जिल्लागत नतिजामा आधारित अनुगमन प्रणालीको पुर्नगठन गरिएको छ । यसबाट केही मात्रामा तय गरिएका क्रियाकलाप, नतिजा, प्रतिफल र सूचकहरु हेरफेर एवं परिमार्जन हुने देखिन्छ । यो समग्र सार प्रतिवेदन परियोजनाको प्रभावकारी कार्यान्वयनको मुल आधार दस्तावेज हुनेछ । यसले परियोजनाको उद्देश्य पुरा गर्न कस्तो रणनीति अपनाउने भन्ने विषयका साथै परियोजनाको उपलव्धीहरु आवाधिक अनुगमन तथा मुल्याकंन किटानी तवरले गर्न पनि मद्दत पुऱ्याउने छन् ।

**निश्कर्ष र सुझावहरु**

यसका निश्कर्ष र सुझावहरु परियोजनाको प्रतिफल र नतिजाहरु प्राप्त भए वा भएनन् भन्ने थाहा पाउन तयार गरिएका सूचकको आधारमा लेखिएको छ । निश्कर्ष छोटा र किटानी तवरले लेखिएका छन् । यि व्यवस्थित निश्कर्ष र सुझावहरु जिल्लास्तरका कर्मचारी एवं अगुवाहरुको लागि कार्यक्रम व्यवस्थापन गर्न सहयोगी हुनेछ । र उनीहरुलाई रणनीतिक रुपले सूचित हुन र कार्यक्रमको योजना र प्रभावकारी कार्यान्वयनका लागि मद्दत पुग्ने विश्वास लिईएको छ ।

*भूमिमा आधारित सिमान्त किसानको जिवीका सवलीकरण गर्ने*

*मोहियानी सवाल :* आधारभुत अध्ययन गरिएको समुदायमा मुलत किसान र कृषि श्रमिकको बसोवास रहेको छ । जसको जिवीका पुर्णतया कृषिमा अडेको छ । अध्ययनबाट प्राप्त सूचना विश्लेषण गर्दा ९ जिल्लामा ८१,३९० परिवार मोही रहेको अनुमान गर्न सकिन्छ । मोहीयानीको विषय मुलत पुर्वका जिल्लाहरुमा बढि त्यसमा पनि महोत्तरी, सप्तरी र सिरहामा ज्यादा देखिन्छ । त्यस्तै तराई जनजाती, तराई दलित, मधेशीहरु बढि मात्रामा मोही छन्।

*सिफारिश :* दर्तावाल मोहीले आधा जग्गा प्राप्त गर्ने कानुनी व्यवस्था जो भरखर पुन खुला गरिएको छ । यसलाई महोत्तरी, सप्तरी र सिरहामा बढि केन्द्रित गर्नुपर्छ । र जातीय हिसावले तराई जनजाती, तराई दलित, मधेशीहरुमा फोकस गर्नुपर्छ ।

*भूमि र खाद्य सुरक्षामा पहुँच :* अध्ययन गरिएका मध्ये ९३.२ %सँग १५ कठ्ठा भन्दा कम जमिनको स्वामीत्व छ । ति मध्ये अधिकांश अरुको जमिन जोत्छन् । वा श्रमिकको रुपमा काम गर्छन् । सामान्य जिविकाको लागि भूमिमा पहुँचको विषय उनीहरुको प्रमुख चिन्ताको विषय रहेको छ । जुन विशेषत तराई जनजाती र पहाडी र तराई दलितमा ज्यादा छ ।

*सिफारिश:* विशेषत तराई जनजाती र दलित परिवारलाई केन्द्रित गर्दै भूमिअधिकारबाट बञ्चित परिवारको पहिचान गरी उनीहरुलाई उपलब्ध सरकारी जमिन र प्राकृतिक स्रोतको पहुँचका लागि प्राथामिकतामा राखीनु पर्दछ । यो कार्य समुदायस्तरमा संवेदनशील प्रकृतिको भएकाले निर्णय प्रक्रियामा समुदायलाई वास्तवीक तवरले संलग्न गराउनु पर्दछ । सहभागीमुलक विधी प्रक्रियाहरु जस्तो सम्पन्नता स्तरीकरण वा सहमती निर्माण जस्ता विधीहरु यसका लागि उपयोग गर्नुपर्दछ । यसो भयो परियोजनाले लक्ष्य गरेको ५ हजार परिवारलाई भूमि एवं भूमिमा आधारित स्रोतमा पहुँच पुऱ्याउने भन्ने लक्ष्य पुरा हुनेछ ।

*भूमि नीति र कानुन तर्जुमा सिमान्त किसानको अर्थपुर्ण भूमिका रहनेछ ।*

आधारभूत अध्ययनले (क) भूमि तथा कृषि सम्बन्धी नीति, ऐन, नियमावली आदि तर्जुमा गर्दा वर्तमान अवस्थामा सरोकारवालाहरुको संलग्नता कस्तो छ ? (ख) त्यस्ता ऐन कानुनहरुको उपलब्धता र जानकारीको अवस्था के कस्तो छ ? (ग) सिमान्त किसानहरु राज्यका सम्बन्धीत निकायहरुसँग कत्तिको जानकारीमा छन् र सन्तुष्टीको तह कस्तो छ ? भनेर केलाईएको छ ।

*सरोकारवालाको संलग्नता :* जिल्ला भूमिअधिकार मञ्च र गाउँ भूमिअधिकार मञ्चले सिमान्त किसानका अधिकार सम्बोधन हुने गरी भूमि एवं कृषि नीति ल्याउनका लागि गरेका विभिन्न वकालतका प्रयासहरु व्यवस्थित, रणनीतिक र आवश्यक मात्रामा सही दवाव दिने तवरले सञ्चालन हुन सकिरहेका छैनन् ।

*सिफारिश :* सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सबै तहका भूमिअधिकार मञ्चहरुसँग नजिक रहेर खासगरी तथ्यमा आधारित सही प्रकारको वकालत गर्न आवश्यक विधी र औजारहरु निर्माणमा सहयोग गर्नुपर्दछ । यसका लागि वहुसरोकारवालासँग संलग्न हुन जरुरी छ । तथ्यमा आधारित व्यवस्थित र रणनीतिक वकालतले मात्र खोजेको नीतिगत परिवर्तन ल्याउन सम्भव हुन्छ ।

*नीति, कानुन र नियमावलीको उपलब्धता :* संविधान, भूमिहीन एवं सिमान्त किसानका लागि आसालाग्दो भएपनि कानुन बनेर कार्यान्वयनमा नआउँदासम्म भूमिहीन एवं सिमान्त सिकानहरुले त्यसबाट लाभ पाउन सक्दैनन् । भूमि नीतिले भूमिको जोनीङ, उव्जाउ कृषि भूमिको संरक्षण, कृषि भूमिको गैरकृषि उपयोगमा प्रतिबन्ध लगाउने आधार दिएको छ । यसले सरकारी जमिनको सुरक्षाको विषयलाई पनि सम्बोधन गरेको छ । तरपनि यसमा आधारित बलियो र व्यवहारीक ऐन संसदले पास नगरेसम्म निती आफैं कार्यान्वयनमा आउन सक्दैनन् । भूमि सम्बन्धी ऐन २०२१ छैठौं पटक संशोधन भईसक्दा पनि अपुर्ण नै छ । वेदर्तावाल मोहीको सवाललाई सम्बोधन गरिएको छैन । दर्तावाल मोहीले पनि जग्गा पाउने विषयमो नियमावली र कार्यविधी बनिसकेको छैन ।

*सिफारिश:* सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले उत्प्रेरकको रुपमा निरन्तर र रणनीतिक भूमिका खेल्नुपर्छ । यसका लागि नयाँ भूमि ऐन, भूउपयोग ऐन, गुठी ऐन आदि यथासक्य छिटो र समस्या समाधान गर्ने खालको निर्माणका लागि सरकारलाई बाध्य बनाउन मञ्चको तर्कशिल क्षमता अभिवृद्धिमा काम गर्नुपर्दछ ।

*सेवा प्रदायकमा किसानमुखी दृष्ट्रिकोण :* अध्ययनको क्रममा दुई तिहाई उत्तरदाताले भूमि र कृषिसँग सम्बन्धीत अड्डाहरुले दिएका सेवामा आफ्नो कुनै मत दिएनन् । बाँकीले सरकारी सेवा औसतमा राम्रै भएको बताए । यसबाट भूमिहीन एवं सिमान्त किसानले गुणस्तरीय सेवाको चाहना जोडतोडले नगरेको र जवाफदेही बनोस् भन्ने विषयमा ध्यान नपुगेको अवस्था देखिन्छ ।

*सिफारिश:* सबै तहका भूमि अधिकार मञ्चले सचेततापुर्वक सार्वजनिक निकायको जिम्मेवारी र कर्तव्यको विषयमा आफ्ना सदस्यलाई सचेत र जागरुक तुल्याउनु पर्दछ । यो खाली सम्बन्ध र चिनाजानीमा मात्र सिमित नभई सेवाप्रदायकहरु अधिकारवाला प्रति जवाफदेही भएको र त्यसबाट परिणाम आएको देखिनुपर्छ । जसले संस्थागत परिपाटी वसाल्न मद्दत पुगोस् ।

*भूमि अधिकार र महिला किसान*

आधारभूत अध्ययनबाट मुलत निम्न लैङ्गिक सवालहरु (क) सिमान्त किसान परिवारमध्ये पनि कस्तो परिवारका महिला किसानले परिवारीक आर्थिक निर्णय प्रक्रियामा भूमिका खेलेको छ (ख) परिवारको नियन्त्रणमा रहेको ( संयुक्त वा एकल) जग्गामा महिलाको नियन्त्रणको अवस्था (ग) घरेलु हिंसाबाट सताईएका महिला र उनीहरुले पाएको सहायता, न्याय आदि पक्ष र (घ) महिलाहरुको विभिन्न संरचनामा सहभागीताको स्थिती आदि पहिल्याईएको छ ।

*परिवारको आर्थिक निर्णयमा महिला सहभागिता:* तराई जनजाती, पहाड र तराईका दलित महिलाहरु विशेषत घरपरिवारमा सदस्यको रुपमा खासै महत्व नदिएको अवस्था छ । यसो हुँदा मुलत उनीहरु परिवारको आर्थिक निर्णय प्रक्रियामा सामेल हुन पाएका छैनन् । केही सापटी लिनेदिने र पशुपंक्षी खरिद बिक्रीमा सामान्य सहभागिता बाहेक सम्पत्ती खरिद, निर्माण कार्यको निर्णय र युवाहरु बैदेशिक रोजगारीमा जाने निर्णयमा महिलाको कुनै सुनुवाई छैन ।

*सिफारिश:* यस विषयमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सबै तहका भूमि अधिकार मञ्चसँग नजिक रहेर नियमीत र सचेततापुर्वक कार्य गर्न आवश्यक छ । परम्परादेखी चलि आएका अमिल्दो मान्यता र अभ्यासलाई फेर्नको लागि सहभागीमुलक विधीमा आधारित सशक्तिकरणका औजारको विकास र प्रयोग हुन आवश्यक छ । जेण्डर र विकासलाई जोडेर बहश चलाउनु पर्दछ ।

महिला आर्थिक निर्णय प्रक्रियामा सामेल हुँदा परिवार र सिंगो समुदायको रुपान्तरणमा के कस्तो फेरबदल आउँछ भन्ने विषय सिमान्त महिला, तिनका पुरुषहरु सँगै पछि गहिरो छलफल  गर्न आवश्यक छ । यस्तो अभ्यासले निश्चित अवधीमा आएको परिवर्तन स्वंय महिलाहरुले महशुस गर्न र बताउन सक्ने तुल्याउनुपर्दछ ।

*भूमिमा महिलाको स्वामित्व :* आधारभूत अध्ययनबाट के देखिएको भने प्रत्येक ४ घरमा ३ घरका महिलाको भूमिमा कुनै पनि प्रकारको स्वामीत्व नभएको पाईयो । चौथाई परिवारका महिलासँग भने भूस्वामित्व भएको भेटियो । ति व्यक्तिगत र सामुहीक दुवै प्रकारको थियो । दुखलाग्दो के छ भने सिमान्त किसान परिवार जो आफै बञ्चितीकरणमा परेका छन् । उनीहरुकै परिवारमा पनि महिला सदस्यको यो अवस्था मनन् गरिएको छैन । अध्ययन गरिएको समुदायमा भूस्वामित्वले महिलाको अधिकार प्राप्ति, हिंसा घटाउन र विभेद कम गर्न मद्दत पुऱ्याउँछ भन्ने विषयमा पनि पर्याप्त छलफल र बुझाई भएको पाईएनन् ।

*सिफारिश :* महिलाको भूमि र सम्पत्तीमा स्वामीत्वको महत्वको विषयमा समुदाय तहमा व्यापक छलफल गरिनुपर्दछ । यसका लागि नियमित र व्यवस्थित छलफल चलाईनु पर्दछ । यो सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र मञ्च दुवैको जिम्मेवारी हुनुपर्दछ । यस्तो कार्यक्रम सबैतिर छर्ने भन्दा पनि जहाँ बढि अन्याय, विभेद र हिंसा भईरहेको छ । जहाँ बढि पुरातनबादी सोच भएका ज्यादा छन्  त्यस्तोमा केन्द्रित गर्नुपर्दछ । र त्यस्तो ठाउँमा असल अभ्यासहरु र सकरात्मक अनुभवहरु आदानप्रदान गरिनुपर्दछ ।

*घरेलु हिंसा :* लगभग सोधीएका सबै महिलाले आफ्नो परिवारमा कुनै हिंसा नभएको बताउनुभयो । जुन उनीहरु स्वंयले नै समुदायमा अभिव्यक्त विचारसँग भने अमिल्दो थियो । समुदायमा भने हिंसा व्याप्त भएको बताउने पनि उनीहरु नै थिए । केही महिलाहरुले अनौपचारिक कुराकानीमा हिंसा भोग्नेले खुलारुपमा भन्न नसक्ने बताए । यसबाट सत्यतथ्य बुझ्न गाह्रो भयो । व्यक्तिगत तहमा जवाफ खोज्ने गरी तय गरिएको प्रश्न र प्रक्रिया नै सही नभएको महशुस भयो ।

*सिफारिश :* व्याप्त रुपमा रहेको घरेलु हिंसाको यर्थाथ तथ्य बुझ्न आगामी दिनमा पनि भिन्न तौरतरीका अपनाएर लागि नै रहनुपर्छ । यसका लागि अनौपचारिक कुराकानी, सहभागीमुलक विधी प्रक्रियाका माध्यमबाट समूह छलफल आदि विधीहरु अपनाउन सकिन्छ । जसबाट लुकेर रहेका विषयलाई उजागर गर्न र सही तवरले निवारण गर्न सकिन्छ । यस्तो गहिरो समस्यालाई रणनीतिक कदम उठाएर मात्र कम गर्न सम्भव हुन्छ ।

*निर्णायक तहमा महिला :* अध्ययनबाट महिलाहरु सार्वजनिक निर्णय गर्ने निकायबाट पाखा लगाईएका छन् । यसले उनीहरुको जिवनमा नकरात्मक असर पुगेको छ । सार्वजनिक पदहरु प्रायश पुरुषले नै ओगटेका छन् । लैङ्गीक असंवेदनशीलता बञ्चितीकरण, विभेद र हिंसाको कारक रहेको देखिन्छ ।

*सुझाव :* लैङ्गीक आँखाले हेर्दा सार्वजनिक निकायमा हुने नियुक्ति र मनोनयन निकै नै चुनौतीपुर्ण छ । ति निकायहरुको लैंङ्गिक लेखाजोखा गर्नको लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र मञ्चहरुले सार्वजनिक बहसका साथै दवाव दिनुपर्दछ ।

*आत्मनिर्भर केन्द्रको संस्थागत रुपान्तरण*

आत्मनिर्भर केन्द्रले समय परिवर्तनसँगै आफुलाई रुपान्तरण गर्दै लगेको छ । यसले आफुलाई मानवअधिकारमुखी अवधारणामा केन्द्रित, भूमि, कृषि र प्राकृतिक स्रोतका सम्बन्धमा सक्षम स्रोत केन्द्रको रुपमा रुपान्तरण हुने लक्ष्य उन्मुख अगाडि बढाईरहेको छ । जसबाट भूमिहीन एवं सिमान्त किसानहरुले सजिलै प्राविधिक, मानवीय र सामाग्री सहयोग प्राप्त गर्न सकुन् । यस अध्ययनमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले मुलत आफुलाई कम्तिमा यि ४ विषयमा (क) सवालगत प्राविधीक सहयोग र वकालत (ख) स्रोत सामाग्री (Knowledge Product) को विकास (ग) नीति अध्ययन र (४) भूमि तथा प्राकृतिक स्रोतमा आधारित स्रोत केन्द्र विकास गरेर लग्नु आवश्यक देखिएको छ ।

*प्राविधीक सहयोग एवं वकालतीय क्षमता :* सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संरचना समावेशी प्रकृतिको हुँदाहुँदै पनि वरिष्ठ तहमा जो राष्ट्रिय र अर्न्तराष्ट्रिय तहमा पनि चिनिएका छन् । उनीहरु थोरै संख्यामा छन् । र प्रायस क्षेत्री समुदायका छन् । यस्तो क्षमता लामो संलग्नताले आएको देखिन्छ । जसमा पनि सैद्धान्तिक र अध्ययन सिपको सिमितता देखिन्छ र अरुलाई सार्न सकेको स्थिती छैन ।

*सिफारिश :* संस्थामा दोस्रो तहका व्यवस्थापकहरु अबको ५ वर्ष भित्रमा विकास गर्नुपर्दछ । जहाँ विविध जाती समूह र स्वंय बञ्चितीकरणमा परेका समुदायबाट पनि हुन आवश्यक छ । यस विषयमा कार्यसमितिले आवश्यक कार्य गर्नु जरुरी छ ।

*अनुभवको प्राज्ञिक अभिलेखन :* सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि र कृषि अधिकारको क्षेत्रमा विगत दुई दशकमा गणनायोग्य योगदान पुऱ्याएको छ । जुन कुराको उचित अभिलेखन र उपयोग हुन सकेको छैन । सञ्चार माध्यम, कर्मचारीतन्त्र, राजनीतिज्ञ र नागरिक समाजसँग काम गर्नेगरी सबै तहका कर्मचारी वा पुर्णकालिन कार्यकर्तासँग अझै पर्याप्त ज्ञान सिपको अभाव देखिन्छ । व्यवस्थापनले जिल्लास्तरमा व्यवस्थित ज्ञान थलो निर्माणको सम्भावना हेरीरहेका छन् ।

*सिफारिश :* सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आफ्ना अनुभव, प्रभावको कथा, नीति पत्र बलियो प्रकारले प्रकाशन गर्नुपर्छ । र यसका लागि मेहनतपुर्वक खोज, अध्ययन, र अनुसन्धानहरु गर्न आवश्यक छ । प्रकाशनहरु तथ्य र विश्लेषणले भरिएका हुन आवश्यक छ ।

अध्ययन र विकास :बितेका दुई दशकमा आत्मनिर्भर केन्द्र भूमिहिन एवं सिमान्त किसानको स्थापना, सवलीकरण र उनीहरुको कुरा राज्यले सुन्ने तहको गरी क्षमता बढाउनमा केन्द्रित भयो । यस बिचमा भूमि अधिकार मञ्च झण्डै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको हाराहारीमा बलियोसँग उपस्थिती भयो । वकालत

र अभियानको लगभग सबै काम भूमि अधिकार मञ्चले गर्न सक्ने स्थिती भएको छ । यस परिप्रेक्ष्यमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आफुलाई आवश्यक ज्ञान निर्माणको क्षेत्रमा विकास गर्दै अध्ययन र अनुसन्धान अनि ज्ञान निर्माणको क्षेत्रमा विकास गर्नु आवश्यक छ । सक्षम र व्यवसायीक कर्मचारीको विकास हुन आवश्यक छ । भूमि र कृषि क्षेत्रमा अध्ययन गर्ने, जनमुखी शिक्षा र सामाजिक आन्दोलनको ज्ञान केन्द्रको रुपमा विकास भएर जान आवश्यक छ ।

*भूमि र कृषि अधिकार स्रोत केन्द्र :* सामुदायिक आत्म निर्भर सेवा केन्द्रले आफ्नो क्षेत्रमा विशिष्ट योगदान गरेको भएपनि स्रोत केन्द्रको रुपमा विकास गर्न केही सिमितताहरु छन् । मुलत ज्ञान केन्द्रको रुपमा विकास गर्नेगरी हालसम्मका अनुभव र ज्ञानलाई एक ठाउँमा संगठीत गर्ने चुनौती पनि निकै नै छ । अबको यो विषयमा जुन ज्ञान थलोको विकास गर्ने भन्ने सोचाई अनुरुप अगाडि बढ्दै छ । यस क्रममा यो भूमिहीन, सिमान्त किसान र तिनका संगठन, अगुवा र अभियानकर्ताको लागि मात्र नभएर प्राज्ञिक निकाय, सरकार र समाजशास्त्र, मानवशास्त्र र मानवअधिकारको अध्ययन गर्ने विद्यार्थीको पनि ज्ञान केन्द्र बनाउनुपर्दछ ।

*सिफारिश :* सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आफुलाई स्रोत संस्थाको रुपमा विकास गर्ने स्पष्ट मार्ग चित्र बनाउन आवश्यक छ । यसका लागि संस्थागत जनशक्ति, ज्ञान, भौतीक संरचना र सम्भावीत स्रोतको परिचालको हिसाब गर्न थाली हाल्नुपर्दछ ।

**अनुसुची १ सर्वेक्षण गरिएका जिल्ला, गाविस, नगरपालिका, वार्ड तथा टोलहरु**

| ओखलढुङ्गा | | | | | |
|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | |
| कुन्तादेवि | राधाक्रिष्ण मन्च १ | सुनौला गाउँ मन्च २ | बित्लब मन्च ४ | सुङभा मन्च ५ | गैय्यडांडा गाउँ मन्च ९ |
| हर्कपुर | घले गाउ १ | बिशाल टोल २ | माने टोल ४ | माभ्खर्क ६ | गैराबरि ७ |
| कटुन्जे | ठुला गाउ १ | तेर्से गाउँ २ | क्रिपेटर ककनी ४ | डाँतथ्याङ्केल ५ | बबिया ८ |
| मुल्खर्क | नौलो गाउ ज्ञ१ | थापा गाउँ मन्च ७ | आले गाउँ मन्च ६ | गतिशिल गाउँ मन्च १ | ऐसेलूखर्क ३ |
| च्यानाम | पिपल्डाँडा ८, ९ | खतेडाँडा ५, ८ | समाबेशी गाउँ मन्च ४, ७ | ओखर्बोट गाउँ मन्च ३,६ | र्याले १,२ |

| उदयपुर | | | | |
|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | |
| हडिया | शिवनगर | बकैनिया | भिमसेन टोल | भिमा |
| जोगीदह | नयाँ बस्ती | बैरागी | धनगढी | मैनाहा टोल |
| टी नगरपालिका-१५ | पानी ट्याङ्की राई टोल | रातमाटे | माटेखोला | बागचौरी पखा टोल |
| टी नगरपालिका-७ | नयाँ बस्ती | मरिक टोल | मिसारी टोल | भगवती टोल |
| बेलटार-बसाहा | | | | |
| तपेश्वरी | अमबस्ती | | | |
| त्रीयुगा-९ | गाईघाट लक्ष्मीपुर असारी र पोरताहा | | | |

| सिरहा | | | | | |
|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | |
| लहान नगरपालिका ११,१२ | पिडारबोनी | लक्ष्मीनीँया | भोटीया टोल | पडरीया | जतीयहि |
| लहान नगरपालिका २२ | बारछवा | सिसाउनी | झाडी | गमहरिया | परटेवा |
| धनगढीमाई नगरपालिका-३ | भवानीपुर-१ | भवानीपुर-२ | भवानीपुर-३ | भवानीपुर-४ | बखाइर |
| प्रीप्राप्रद | प्रीप्रा क | प्रीप्रा ख | प्रीप्रा ग | रामपुर क | रामपुर ख |
| गोलबजार-१२ | महवा टोल | हरीपुर | तोताइधार टोल | मुखिया टोल | स्कुल टोल |

| सप्तरी | | | | | |
|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | |
| सखाडा | मुस्लिम टोल | महुवा टोल | गोभिन्दपुर टोल (क) | गोभिन्दपुर टोल (ख) | ओरहान |
| मधुकट्टी | चौधरी टोल | पासवान टोल | राम टोल (क) | राम टोल (ख) | सदै टोल |
| सिस्वाबेल्ही | सिस्वा १ | सिस्वा (क)१ | मझौरा-८ | दुहाबी | बेलहाही |
| शम्भुनाथ नगरपालिका | भगवाटपुर | भनगह | हरकट्टी | सबैया | दुर्गापुर |
| सप्तकोशी | जवाहार | मन्दिर | बोकाही | शंकर | बैनागमा |

| सर्लाही | | | | | |
|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | |
| शम्भुनाथ नगरपालिका | भगवाटपुर | भानघा | दुर्गापुर | हरकाटी | सबैया |
| ब्रम्हापुर | ब्रम्हापुर टारुटोल १ | ललितपुर ६ | ललितपुर (क) ७ | मझौरा टोल | सिगिया टोल ९ |
| सिस्वाबेल्ही | सिस्वा १ | सिस्वा (क) १ | दुवाही ६ | दुवाही (क) ७ | बेल्ही ८ |
| सखडा | महुवा टोल ४,५ | मुस्लिम टोल २ | गोविन्दपुर (क) ६ | गोविन्दपुर (ख) ३,४ | ओरहान |

| महोत्तरी | | | | |
|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | |
| कयरमारा गाविस | सोरा (१६) | | | |
| लक्ष्मीनिँया | थापा टोल | सलेस टोल | | |
| मेघनाथ गोरहन्ना | मोहन टोल | करुना टोल | बिचला टोल | |
| भानगह सितापुर | मुसलमान टोल | टिकुलिया टोल | थारु टोल | राम नगर बिर्ता टोल |

| दाङ्ग | | | | | |
|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | |
| सिँसहनिया गाविस | कालापानी | बड्का सिँसहनिया | छोड्की सिँसहनिया | भगवानपुर | भानपुर |
| लमही नगरपालिका | टिकुलीगढी | फल्कापुर | सुन्दाबारी | नारती | सोनपुर |
| गंगापारसपुर गाविस | बान्की | पर्सा | लालपुर | धर्मपुर | पर्सिया |
| रामपुर गाविस | कखुट्टी | बुका | सुर्केडाङ्गी | बालिमखोला | पलासे |
| त्रिपुरा नगरपालिका | कुम्राडाँडा | पेरानी | लाम्दरुवा | आरगु | बुढौरा |

| बाँके | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | | | | |
| नौबस्ता | जबधवा | डिघीया १ | डिघीया २ | रामपुर | सानीगाउँ | कुसेडाँडा | | |
| बनकटवा | पेडारी | पेडारी २ | पेडारी ३ | पेडारी ४ | पेडारी ५ | बज्यागौरी | छमनिया | अठ्याइसघर |
| बेलहारी | राम गाउँ-१ | राम गाउँ-२ | गरुवागाउँ | इमिलिया रिहार | बाकसपुर | | | |
| बासुदेवपुर | कान्थीपुर | सानो भैयापुर | अलानगर १ | अलानगर २ | बन्धुस्रा | | | |
| कम्दी | छरग्रहवा १ | छरग्रहवा २ | लधियाघाट | जबधवा १ | जबधवा २ | | | |

| बर्दिया | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गाविस, नगरपालिका | टोल | | | | | | |
| कालिका | तेसानपुर भैरहवा | बनस्पती | कण्ठपुर रिहार | नयाँ बस्ती | तेसानपुर श्रीलङ्का | | |
| गुलरिया नगरपालिका | सुरजपुर | सुरजनरी तपरा | दुर्गा टोल भरिया | संगम बस्ती ४ | संगम बस्ती ५ | रङ्गीपुरवा | प्रशन्न टोल |
| | जनज्योती | सुर्यामुखी | बरबिघा | मुक्त कमैया | रामपुर टापु | बसन्त नगर | |
| पदनहा | पदनाहा गाउँ | जगतीया | बनघुर्सी, बबुवा | बर्दिया गाउँ | खैरेनी | बैरायी | रानीपुर बरबट्टा |
| महम्मदपुर | सानो बिक्री | तडुवा | काली नगर | सडक्लापुर | डल्लापुर | इन्द्रापुर | सुरजीगोधी |
| | स्कुलपुर जिगारिया | | | | | | |
| धोधारी | गाम्का बनराज | मधुवा | बेलवा | भगतपुर | खटा | | |

**अनुसुची २: आधारभुत अध्ययन निर्देशिका तथा औजार**

**सामाजिक नक्सामा पहिचान भएका घरधुरी अनुसारको सूचना (पृष्ठ १)**

मिति..................... जिल्ला.................... गाउँ/नगरपालिका............. वडा............ टोलः.....

| घर सं. | घरमूलीको नाम | जातीय पहिचान | परिवार सदस्य संख्या | | | किसानको प्रकार (तल दिए अनुसार नं. दिने) | अरुको जोतेको (तल दिए अनुसार नं. दिने) | अरुको जोतेकोभए कसको जोतेको | | भूमिहीनको प्रकार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | तेस्रो लिङ्गी | | | उपस्थित | अनुपस्थित जग्गाधनीको नाम | भूमिहीन | अवयवस्थित | सुकुम्बासी |
| १. | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | |

१.मोही २.अधिया/बटैया/ठेक्का ३.आफ्नै नम्बरी जोत्ने ४.आफ्नै ऐलानी जोत्ने ५.आफ्नै र अरुको जोत्ने ६.कृषि मजदुर ७.मुक्त कमैया ८.अनुपस्थित

१.नम्बरी, २.गुठी ३.स्कूल ४.अधिया ५.ठेक्का/करार ६.ऐलानी ७.अन्य खुलाउने

**सामाजिक नक्सामा पहिचान भएका घरधुरी अनुसारको सूचना (पृष्ठ २)**

मिति..................... जिल्ला..................... गाउँ/नगरपालिका.............. वडा............ टोलः...

| घर सं. | घरमूली को नाम | साना किसान | मोही | | महिला स्वामित्व | | ऋणी | | पेशा | १० विगाहा जग्गा भएको | कृषि छोडेको (बर्ष खोल्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दर्ता | बेदर्ता | एकल | संयुक्त | बैङ्क/वित्तिय संस्था | साहु | | | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | |
| ११. | | | | | | | | | | | |
| १२. | | | | | | | | | | | |
| १३. | | | | | | | | | | | |
| १४. | | | | | | | | | | | |
| १५. | | | | | | | | | | | |

**सीमान्तकृत किसान परिवार सर्वेक्षण**

(सामाजिक नक्साङ्कन गरेको प्रत्येक टोल वा समुदायमा पहिचान भएका सिमान्तकृत किसान मध्ये कम्तिमा २० घरहरुमा सर्वेक्षण गर्ने)

पारिवारिक विवरण

१. घर नम्बर (सामाजिक नक्साबाट): ....................

२. घरमूलीको नाम ......................................................................

३. जातः ........................................

४. आफ्नै जग्गा कति छ? ........................

५. व्यवसायिक चिनारी (चिनो लगाउने):

५.१. मोही हो ........ होइन .........

५.२. यदि मोही हो भने

५.२.१. कसको जग्गा कमाएको ? ....................................................

५.२.२. कति जग्गा कमाएको ? ...........................................

५.३. दर्तावाल मोही हो ....... होइन .........

५.३.१. दर्तावाल मोहि भए

क. भूमिसुधार कार्यालय मुद्धा दर्ता गरेका हो ....... होइन ......

ख. अदालतमा मुद्धा दर्ता गरेका हो ....... होइन ........

ग. मोही दर्ता भएको तर जोत्नबाट निष्काशित हो ....... होइन ........

घ. आफ्नो जमिन पनि हुने र मोही पनि भएको हो ....... होइन ........

ङ. मोही भएको तर भर्पाइ नभएको हो ....... होइन ........

च. प्रमाण एउटासंग जोतेको अर्कै हो ....... होइन ........

छ. जग्गाधनीले मुद्दा हालेको छ ....... छैन ........

यदि छ भने कस्तो मुद्दा ? मोही निस्कासन ☐ बाली भराई ☐ मोही भगौडा ☐ मोही बेपत्ता ☐ जग्गा खिचोला मुद्दा

५.४. बेदर्तावाल मोही हो ....... होइन .........

५.५. भूमिहिन हो ....... होइन .........

५.५.१. भूमिहिन भए

क. गाउँब्लकमा बस्ने हो ....... होइन ......

ख. सार्वजनिक जमिनमा घर भएको वा सार्वजनिक जमिन जोत्ने हो ....... होइन ......

ग. बसाई सराई गरेर आएको हो ....... होइन ...... हो भने कहाँबाट? ............................

५.६. अधियामा खेति गर्ने हो ....... होइन ......

५.७. लिज/ठेक्कामा जोत्ने हो ....... होइन ......

५.८. ऐलानी /सार्वजनिक जग्गा जोत्ने हो ....... होइन ......

५.९. कृषि मजदुर हो ....... होइन ......

५.१०. मोही जोत्नबाट निश्काषित हो ....... होइन ......

## ६. पारिवारिक सदस्य विवरण

| परिवार सदस्यको नाम | लिङ्ग | उमेर | मूलिसंगको नाता | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

**सीमान्तकृत किसानको सरकारी सेवा प्रतिको सन्तुष्टि**

७. तपाइको परिवारले विगत २ वर्ष भित्र भूमि वा प्राकृतिक स्रोत सम्वन्धी सरकारी सेवा (जस्तै तिरो, सिफारिस, जग्गा किनवेच, संयुक्तपुर्जा, नामसारी, अंशवण्डा, बैङ्क ऋण, आदि) लिनु भएको छ? छ …….. छैन ………

**७.१. यदि छ भने निम्न सूचना भर्ने:**

| सेवा क्षेत्र | असान्दर्भिक | कस्तो सेवा | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
|---|---|---|---|---|---|
| १. गाविस वा नगरपालिका | | | | | |
| २. भूमिसुधार | | | | | |
| ३.मालपोत | | | | | |
| ४. नापी | | | | | |
| ५. जिल्ला प्रशासन | | | | | |
| ६. सिंचाई कार्यालय | | | | | |
| ७.अदालत | | | | | |
| ८.वन कार्यालय | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.बैंक | | | | | |
| १०.अन्य (उल्लेख गर्ने) | | | | | |

**पारिवारिक उद्यमशिलता**

८. तपाईको परिवार कुनै प्रकारको कृषि व्यवसायमा संग्लन छ? छ ....... छैन ........

८.१. यदि छ भने कहिले देखि, कस्तो र त्यसबाट के उपलव्धी भएका छन् ?

.......................................................................................................................................
.......................................................

८.२. यदि छैन भने के कारण?

.......................................................................................................................................
...............................................................................................

९. के तपाईको परिवार कुनै सहकारीमा संलग्न छ? छ ........ छैन ........

९.१. यदि छ भने कुन, कहिले देखि र के को लागि?

.......................................................................................................................................
...............................................................................................

घरकी महिलालाई गर्ने प्रश्नः

**महिलाको आर्थिक निर्णयमा सहभागिता**

१०. विगत १ वर्षमा तपाईको परिवारमा निम्न कुनै क्षेत्र सम्बन्धी निर्णय प्रक्रियामा तपाई वा अरु महिला सदस्यले पनि सहभागी हुने वा सल्लाह सुझाव दिने गरेकोछ ?

| सहभागिताको क्षेत्र | असान्दर्भिक | छ | छ तर सुनुवाई भएन | छैन |
|---|---|---|---|---|
| १. ऋण | | | | |
| २. गाईगोरु, भैसी, बाखा किनबेच | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. घरघडेरी, जग्गा किनबेच | | | | |
| ४. घर बनाउने, ज्याला लगाउने | | | | |
| ५. विदेशमा काम गर्न पठाउने | | | | |

१०.१ परिवारको यस्तो कारोवारमा घरका महिलाको सल्लाह सुझावले पनि मान्यता पाएको जस्तो लाग्छ ?
लाग्छ ......... लाग्दैन .........

१०.१.१. मान्यता पाएका वा नपाएका कारणहरु के के हुन्?
.........................................................................................................................................
..........................................................................................

११. तपाई वा परिवारका अन्य कोहि महिलाले कुनै सार्वजनिक पद (जस्तै, विद्यालय व्यवस्थापन समिति, जन उपभोक्ता समिति, आयोग, विकास केन्द्रित उपभोक्ता समुह आदि) मा कामगर्ने जिम्मेवारी पाएको छ? छ ......... छैन .........

११.१. यदि छ भने कहिले देखि, के मा, कुन पद र कस्तो काम ?
.........................................................................................................................................
..........................................................................................

**महिला माथीको घरेलु हिंसा**

१२.के तपाईको परिवारमा कुनै महिला सदस्यले कुटपिट वा कुनै प्रकारको मानसिक यातना भोग्नु परेको छ?
छ ......... छैन .........

१२.१. यदि छ भने किन, कहिले र कसबाट ?
.........................................................................................................................................
..........................................................................................

१२.२. यस्तो यातना पाएका महिलालाई कस्तो शरीरिक वा मानसिक असर परेको छ ?
.........................................................................................................................................
..........................................................................................

१२.३. पीडित महिलाले कुनै डाक्टर, विषेशज्ञ, स्वास्थकर्मी वा स्वयंसेवकको सहयोग पाएको छ ? छ .......
छैन .........

१२.३.१.  यदि पाएको छ भने कस्तो सहयोग र के फाइदा भयो ?

...................................................................................................................................

.........................................................................................

१२.३.२.  यदि पाएको छैन भने के कारणले नपाएको ?

...................................................................................................................................

.........................................................................................

**लक्षित समूह छलफल निर्देशिका**

सामाजिक नक्सा बनाएका प्रत्येक टोल समयदायका गरिब सिमान्तकृत किसान (महिला, पुरुष, दलित, जनजाती) प्रतिनिधित्व गर्ने करिव १५ जनाको समूहमा १ वा बढीमा २ घण्टा लामो छलफल गर्ने।

छलफलका विषयहरु:

१.भूमि तथा प्राकृतिक स्रोत सम्वन्धी सरकारी सेवा लिदाको अनुभव संकलन

२.सेवाप्रतिको सन्तुष्टी/असन्तुष्टी पत्ता लगाउने

३.सेवा प्रभाकारी र शन्तोष प्रद तुल्याउनको लागि अपनाउनुपर्ने उपायहरु पत्ता लगाउने

४.टोल/समुदायका घरपरिवारहरुमा महिलाको आर्थिक निर्णय प्रकियामा कस्तो सहभगिता छ पत्ता लगाउने

५.यस्ता प्रकियामा महिलाको सहभागिता बढाउने उपाय पत्ता लगाउने

६.टोल/समुदायका घरपरिवारहरुमा महिलाप्रति हुने विभेद, अन्याय, कलह वा कुटपिटको अवस्था पत्ता लगाउने

७.महिला प्रति हुने कुटपिटले गर्दा शारिरीक र मानसिक रुपमा असर परेका महिलाहरुको संख्या पत्ता लगाउने र कतिले मनोवैज्ञानिक वा स्वास्थ्य सेवा पाए पत्ता लगाउने

८.जग्गामा महिलाको स्वामित्व भएमा यस्ता हिंसा न्यून पर्न सहयोग पुग्ला नपुग्ला छलफल गर्ने।

**छलफलको दौरान राख्न/सोध्न सकिने प्रश्नहरु**

**सरकारी सेवा सम्बन्धी**

१.के के सेवाहरु लिइरहेको? (भूमि वा प्राकृतिक स्रोतबाट फाइदा लिन)

२.कहाँ कहाँबाट सेवा लिएको ? (जग्गा वा सुकुम्वासी दर्ता गर्दा नागरिकता प्रमाणपत्र आवश्यक परेर गाविस र जिल्ला प्रशासनबाट सेवा लिनु पर्ला)

३.सेवा लिंदा केकस्ता समस्या भोल्नु परे ? किन ?

४.कस्ता सेवाहरु सन्तोषप्रद भए कस्ता सेवाहरु सन्तोषप्रद भएनन् ?

५.कति जना सहभागीहरुले सन्तोष महसुस गरे ?

६.यस्ता सरकारी सेवामा सुधार ल्याउन किसान वा संस्थाहरुबाट के पहल गर्नु पर्ला ?

**महिलाको सार्वजनिक पद बहाली सम्बन्धी**

१.यस टोलका महिलाहरुले स्थानिय सहकारी, संगठन, समुदायिक वन, विद्यालय व्यवस्थापन समिति, जिल्ला/गाँउ मञ्च आदिको निर्णय गर्ने पदमा नियुक्ति पाएका छन्? कतिले कुन पदमा ?

२.महिलाहरुको समानुपातिक पद बहालीको लागी कस्ले कस्तो भुमिका खेल्नु पर्ला ?

**परिवारीक आर्थिक मामिलामा निर्णयमा महिलाको सहभगिता**

१.यस टोलसमुदायका परिवारहरुमा महिलाले पनि घरको आर्थिक कारोवार सम्बन्धी निर्णय गर्दा गरिने छलफलमा भाग लिन पाउँछन् ?

२.कति जति प्रतिशत घरधुरीमा यस्तो छलफलमा महिलाको पनि सहभगिता हुन्छ ?

३.महिला सहभागिता आवश्यक छ कि छैन ?

४.यसमा सुधार गर्न के के पहल गर्नु पर्ला ?

**पारिवारमा हुने महिला हींसा सम्बन्धी**

१. यस टोल समुदायका कति प्रतिशत जति परिवारहरुमा महिला माथि कुटपिट वा थिचोमीचो हुने गरेको छ ?

२. के यो समस्यालाई ढाकछोप गर्ने प्रयासहरु हुन्छ ?

३. यहाँका मानिसहरुले परिवारमा महिलालाई गरिने कुटपीटलाई त्यति गम्भीर रुपमा लिदैनन् की ?

४. महिलाले आफ्नो नाममा वा संयुक्त जग्गाधनी पुर्जा वनाउन सके यस्तो पारिवारिक हिंसामा कमी आउला की ?

५. महिला हिंसा रोक्न कस्तो पहलको आवश्यकता हुन्छ ?

**पारिवारिक खाद्य सुरक्षा सम्बन्धी**

१. यस टोलमा कति प्रतिशत जति किसानका परिवारलाई आफ्नो उत्पादनबाट वर्ष भरी खान पुग्दैन ?

२. ती परिवारमा खाद्ध असुरक्षा के कारणले भएको होला ?

३. के गरेमा परिवारिक खाध्य सुरक्षाको समस्या समाधान होला ?

**अनुसुची ३ः आधारभुत अध्ययन प्रकृयाको अनुगमनबाट आएका पृष्ठपोषण**

आधारभुत अध्ययन क्षेत्रको फिल्ड भ्रमणबाट उठेका सवाल, सिकाई र प्रस्तावित तत्कालिन दिशानिर्देश

- जिल्लाहरुमा सर्वप्रथम कामहरु अतिनै ढिलो गरि शुरु भएको भेटीयो। आधारभूत अध्ययनको कार्यक्षेत्र र लाभाम्वित समुहको सही पहिचान, सूचना सङ्कलनका औजारहरुको सही प्रयोग र गुणस्तरीय सूचना सङ्कलन सबै पक्षहरुको प्रगति प्रायस् सबै जिल्लाहरुमा आपत्तिजनक पाईयो। लालगढ तालिम सञ्चालनकोलागि गरिएको अति महत्वपूर्ण आर्थिक र मानव स्रोत र समयको लगानी वास्तविक फिल्ड कार्यमा रुपान्तरण भएन। यसर्थ केहिदिनको तालिमको भरमा मात्र स्थानीय तहमा परिचालित हुने अगुवा कार्यकर्ता देखि क्षेत्रिय प्रवन्धकले आधारभुत अध्ययनले अपेक्षागरे बमोजिम लाभाम्वित समूहको सही पहिचान र सम्वन्धित परिवेशको गुणस्तरीय सूचना सङ्कलन नहुने कटु पाठ सिकिएको छ।

उत्पन्न परिस्थितिलाई सम्हाल्न आजैदेखि केन्द्र र फिल्ड कार्यकर्ता बिच निरन्तर सम्वाद गरेर अन्योल प्रष्ट्याउने र प्रगति समीक्षा गर्ने कामको थालनी गरिहाल्नु पर्यो । फिल्ड कर्मचारीले भ्रमण टोली सँग मिलेर गरेको संकटकालिन कार्ययोजना कार्यान्वयनको प्रगति दिनदिनै वा कम्तिमा प्रत्येक दोस्रो दिनमा समीक्षा शुरु गरिहाल्न पर्यो। फोन फलोअप, स्काईप बैठक र ईमेल शेयरीङका उपायहरु प्रभावकारी ढंगबाट प्रयोग हुनु पर्यो ।

- कार्यक्रमको मूल उद्देश्य र जिल्लातहमा हासिल गर्नु पर्ने वार्षिक नतिजा र परीणामबारे फिल्ड अधिकृत तथा  जिल्ला संयोजक समेत अनभिज्ञ रहेको पाईयो। स्थानिय तहको नतीजामुखी अनुगमन तथा मूल्याँकनको ढाँचा कुनै पनि जिल्लामा तयार गरेको पाईएन। जसले गर्दा अभियानकर्ता र अगूवा कार्यकर्ताहरुले संकलन गरेका सूचनाहरु सतही र अपुरो भेट्टीएको छ । के का लागि सूचना सङ्कलन गर्ने भन्ने बारे स्पष्ट देखिएन ।

नतिजामा आधारित अनुगमन तथा मुल्याँकन फ्रेमवर्कबारे स्पष्ट भएर सचेत तरीकाले अभियानकर्ता र अगूवाहरुलाई त्यसबारेमा अभिमुखीकरण गर्नुपर्ने मौका चुकेको अवस्थालाई तत्काल सम्हालिहाल्न पर्यो। केन्द्रले यस विषयको प्रगति वारे फिल्डबाट निरन्तर जानकारी लिनु पर्यो।

- मोहीको सूची र ठेगाना संकलन नगरीकन पकेटक्षेत्र छनौट गर्नु त्रृटिपूर्ण देखियो । जसले गर्दा छानिएका पकेटक्षेत्रमा मोही परिवार संख्या ज्यदौ न्यून देखियो ।

छानिसकेका पकेट क्षेत्रहरुको पुनरावलोकन गरेर तत्कालै मोहीहरुको बाहुल्य भएको स्थानहरु समावेस गरेर पकेट क्षेत्रै वा त्यसको दायरा परिवर्तन गर्न फिल्ड कर्मचारीलाई आग्रह गरिएको छ। मोहिहरुको नाम र ठेगानाको लिष्ट तयार गर्न भुमिसुधार वा नापी कार्यलयमा सम्पर्क गर्ने र त्यसको आधारमा अध्ययनको कार्यक्षेत्र पुनः छनौट गर्नुपर्नेमा जोड दिईयो ।

- मोहीको नामावली र ठेगाना सहित राजनीतिक दलका नेता र वडा नागरीक मञ्चका अगूवाहरुसंग छलफल गर्दा पनि मोही बाहुल्यता भएको पकेट क्षेत्र छनौट हुन सकेन। जस्तो उदयपुरले हाल गरेको ६९७ घरधुरीमध्ये २ परिवार मात्र मोही किसान समेटिएको पाईयो ।

पकेट क्षेत्र पुनरावलोकन गर्न राजनीतिक नेताहरुसँग पुनस् वैठक गर्न आवश्यक देखियो । मोहि बाहुल्य भएको समुदायलाई पकेट क्षेत्रमा पार्न फिल्डका साथीहरु मोहिको आधिकारीक सुचना सहित बैठकमा बलियो सँग प्रस्तुत हुन सल्लाह दिईयो। नेताहरुबाट गैर जिम्मेवारीपूर्ण तवरले निर्देशित नहुन आग्रह गरियो ।

नीतिगत तहको प्रगती समुदायतहमा जति पुर्‍याउन सकियो त्यति सिमान्तकृत किसानलाई उर्जा दिन र अन्य वर्गबाट आउने चुनौती कम गर्न मद्दत पुगेको पाईएकोले यसलाई निरन्तरता दिन पहल हुनु पर्यो ।

- आधारभुत अध्ययनका लागि सर्भे फारममा थुप्रै त्रृटिहरु देखिएका छन्। फाराम भरेका सहजकर्ताहरुले कसरी भरिरहेका छन् र के त्रृटि छ भनेर हुनुपर्ने अनुगमन र पृष्ठपोषण पनि कमी छ सिमान्तकृत किसानको सरकारी सेवा प्रतिको सन्तुष्टि र घरको महिलालाई सोध्ने प्रश्नबाट नयाँ सवालहरु आउन सकेको छैन ।

संकलित सूचनाको निरन्तर रुजु हुन जरुरी भएको फिल्डका साथीहरुलाई अवगत गराईएको छ। सूचना सङ्कलन र त्यसको ट्याबुलेशन सँगसँगै भएको सुनस्चित गर्न आग्रह गरिएको छ। ट्याबुलेशन गर्दा पनि डाटा भरपर्दो र तथ्यपरक भएनभएको जाँच्न अनुरोध भएको छ। साथै कम्तिमा प्रत्येक हप्ता टेबुलेटेड डाटा केन्द्रमा उपलव्ध गराउन पहल हुनु पर्छ ।

टेबुलेशन फर्म्याट फिल्ड सिकाई र सुझावको आधारमा पाँचौ पटक सम्म परिमार्जन भएको छ र सबै भर्जनहरु सबैलाई उपलब्ध गराईएको छ । डाटा ईन्ट्री गर्ने सबै साथीहरु स्पष्ट भएर मात्र ईन्ट्रीको काम अघि बढाउन उचित हुने छ । पुरानो भर्जनलाई सबै भन्दा पछिल्लो भर्जनले बिस्तापित गरको सुनिश्चित होस् ।